# नेपाली पत्रकारिता

## चुनौती र उपलब्धि




नेपाल पत्रकार महासङ्घ

# नेपाली पत्रकारिता
## चुनौती र उपलब्धि

संयोजन
खगेन्द्र पन्त

सम्पादन
भुवन केसी/हिरण्य जोशी

प्रकाशक
नेपाल पत्रकार महासङ्घ
२०७४

© सर्वाधिकार
नेपाल पत्रकार महासङ्घ
सञ्चारग्राम, तिलगंगा, काठमाडौँ
फोन : ४११२७६३, ४११२६७३,
Email : fnjnepal@mail.com.np
Web : www.fnjnepal.org

२०७४

डिजाइन
एड क्रिउ मिडिया प्रा.लि.

यसमा प्रकाशित सामग्रीको कुनै अंश महासङ्घको अनुमतिमा स्रोत उद्धृत गरेर प्रयोग गर्न वा पुनः प्रयोग गर्न सकिनेछ।

# कृतज्ञता

नेपाल पत्रकार महासङ्घको इतिहास ६ दशकभन्दा लामो छ । यस अवधिमा मुलुकको राजनीतिक शासन प्रणाली, मिडियाको नीतिगत र व्यावहारिक अभ्यासमा धेरै उतारचढाव आएको छ । मिडिया र पत्रकारको सङ्ख्या धेरै बढेको छ भने माध्यमगतरूपमा छापा माध्यममा सीमित पत्रकारिता रेडियो, टेलिभिजन र अनलाइनमा विस्तार भएको छ। त्यस्तै मिडियाको पहुँच, सामग्रीको विविधता, प्रस्तुति र प्रविधिमा पनि ठूलो फड्को मारेको छ।

स्थापनादेखि नै महासङ्घले पत्रकारको हक, हित र अधिकारका मुद्दा उठाउँदै आएको छ। पछिल्लो समय प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवम् नीतिगत र कानुनी सुधार, श्रमजीवी पत्रकारको हक, हित र सुरक्षा, महासङ्घको सङ्गठनात्मक पुनर्संरचना र संस्थागत विकास महासङ्घको प्राथमिकता बन्दै आएको छ । यस्तै व्यावसायिक पत्रकारिताको विकास, पत्रकारको दक्षता अभिवृद्धि, मिडियाको प्रवर्द्धन तथा नागरिक अगुवा संस्थाका रूपमा क्रियाशीलतातर्फ पनि महासङ्घले सक्दो प्रयत्न गर्दै आएको छ।

नेपाल पत्रकार महासङ्घको २४ औँ महाधिवेशनबाट निर्वाचित समितिले तीन वर्षको अवधिमा मुख्य कार्य र प्राथमिकताको क्षेत्रमा नीतिगत र व्यावहारिकरूपमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । विभिन्न चुनौती र अप्ठ्यारो परिस्थितिको सामना गर्दै हासिल भएका उपलब्धिले नेपाली प्रेसको जगलाई अझ बलियो बनाएको छ भने भविष्यका लागि स्पष्ट मार्गदर्शनसमेत गरेको छ।

यस अवधिमा संविधान सभाबाट २०७२ सालमा नेपालको संविधान जारी भएको छ जसमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता धेरै हदसम्म सुनिश्चित गरिएको छ। राष्ट्रिय आमसञ्चार नीति २०७३ ले पत्रकारिताको विकास र पत्रकार आचारसंहिता २०७३ ले पत्रकारको मर्यादा बढाउन महत्वपूर्ण टेवा पुर्‍याएका छन् । पत्रकारको न्यूनतम पारिश्रमिकमा झण्डै शतप्रतिशत वृद्धि भएको छ । यसको कार्यान्वयनमा पनि तुलनात्मकरूपमा प्रगति भएको छ । पत्रकारको भौतिक र पेशागत सुरक्षामा पनि ठोस उपलब्धि हासिल भएका छन् । प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनामा कमी आएको छ । पेशागत सुरक्षाका लागि महासङ्घले निरन्तर दबाब सिर्जना गर्नेमात्र होइन, आवश्यकताअनुसार आन्दोलन नै गरेर पीडित पक्षलाई न्याय दिलाउन सफल भएको छ। यद्यपि यतिमै सन्तुष्ट भएर बस्ने अवस्था भने छैन। निरन्तरको पहलकदमी आवश्यक हुन्छ।

राज्यको पुनर्संरचनासँगै महासङ्घको सङ्गठनात्मक संरचनामा पनि परिवर्तन

गरिएको छ । नेतृत्वमा महिलालाई स्थापित गर्ने, महासङ्घ र समाचारकक्षलाई थप समावेशी बनाउने एवम् महासङ्घलाई पत्रकारको ट्रेड युनियनका रूपमा  स्थापित गर्ने आधार तयार गरिएको छ । पत्रकारको क्षमता अभिवृद्धि, उनीहरूलाई प्रोत्साहनका लागि पुरस्कार तथा लेखनवृत्ति प्रदानलगायतका कार्य भएका छन् । यस्तैगरी पत्रकारको बिमा, ज्येष्ठ पत्रकार सम्मानवृत्ति, पत्रकार सन्तति शैक्षिकवृत्ति, आपतकालीन राहत कोष स्थापना, पत्रकार कल्याण कोषमा झण्डै दोब्बर वृद्धि जस्ता सामाजिक सुरक्षाका क्षेत्रमा भएका उल्लेख्य उपलब्धि हुन् भने स्वास्थ्य उपचारमा ५० प्रतिशत छुट एवम् केन्द्र र सातै प्रदेशमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापनाका आधार निर्माण हुनु निकट भविष्यमा प्राप्त हुने उपलब्धिका महत्वपूर्ण आधार हुन् ।

यसबीचमा राज्य तथा गैरराज्य पक्षबाट प्रेसका अधिकार सङ्कुचन गर्ने प्रयत्न पनि नभएका हैनन् । अदालतको अवहेलना विधेयक र अनलाइन निर्देशिका राज्यबाट भएका नीतिगत हस्तक्षेपका उदाहरण हुन् भने पत्रकारविरुद्धका हिंसा, त्यसका दोषीलाई उन्मुक्ति, पत्रकारमाथि विषयवस्तुमा हुने दबाब दण्डहीनता र स्वनियन्त्रणका प्रयत्न हुन् । महासङ्घले ती सबै समयमा सशक्त प्रतिवाद गर्दै आएको छ र चुनौतीहरू सामना गर्दै महत्वपूर्ण उपलब्धि पनि हासिल गरेको छ । यो पुस्तक पत्रकार महासङ्घ, पत्रकार र मिडियासँग जोडिएका मुद्दा, त्यसमा प्राप्त उपलब्धि र देखापरेका चुनौतीको झलक हो भने आगामी दिनका लागि सहयोगी सामग्री पनि ।

पुस्तकका लागि महत्वपूर्ण सामग्री उपलब्ध गराउनुहुने सबै लेखक महोदयहरू, सम्पादन गर्ने भुवन केसी र हिरण्य जोशी, संयोजन गर्ने खगेन्द्र पन्त, भाषा सम्पादन गर्ने रघुनाथ लामिछाने, डिजाइन गर्ने निवास डंगोल र महासङ्घका सबै सहयोगी कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा, महासङ्घको तीन वर्षे कार्यकालमा प्राप्त उपलब्धिका हिस्सेदार मेरो कार्यसमितिका सबै पदाधिकारी तथा सदस्य, लेखा समितिका संयोजक तथा सदस्य, सल्लाहकार एवम् पूर्वअध्यक्षसहित अग्रजहरू, शाखा तथा एसोसिएट संस्थाका अध्यक्ष तथा पदाधिकारी मित्रहरू, केन्द्रीय सभासद् तथा सम्पूर्ण पत्रकार साथीहरू, साझेदार संस्थाहरू, नेपाल सरकार एवम् सम्बन्धित सरकारी निकायहरूसहित सम्बद्ध सबैमा हार्दिक आभार व्यक्त गर्छु । र, महासङ्घका लगनशील कर्मचारी मित्रहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

आगामी नेतृत्वलाई अग्रिम शुभकामनासहित,

**डा. महेन्द्र विष्ट**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ

# विषय सूची

**नेपाली मिडियामा पुनर्संरचनाको मुद्दा**
**नीतिमा फड्को, कानुनी सुधार र संरचनामा सुस्तता**
- डा. महेन्द्र विष्ट............................ १

**महासङ्घको सङ्गठनात्मक पुनर्संरचना र शुद्धीकरणको प्रयास**
- उजिर मगर................................१७

**महासङ्घको संरचनामा पत्रकार महिला**
- संगीता खड्का ...........................२३

**श्रमजीवी पत्रकारका पक्षमा महासङ्घ**
- रोसन पुरी ................................२७

**पत्रकारको सामाजिक सुरक्षा : महत्वपूर्ण सात उपलब्धि**
- सूर्यमणि गौतम........................... ४३

**नेपालमा मिडिया मिसन र यसका औचित्य**
- डा. सुरेश आचार्य......................... ५०

**भूकम्पपछि महासङ्घको भूमिका**
- ध्रुव लम्साल............................. ५९

**पत्रकारको क्षमता अभिवृद्धिको पहल**..................................६७

**पुरस्कार तथा लेखनवृत्ति** ........................................ ७९

**पत्रकार सङ्घदेखि महासङ्घसम्म**
- लक्की चौधरी............................ ८३

**नेपाल पत्रकार महासङ्घको बैठकका महत्वपूर्ण निर्णय**.................. ९५

**अनुसूची–१** ...................................................... ९८
**अनुसूची–२** .....................................................१०४
**अनुसूची–३** .....................................................१०६
**अनुसूची–४**......................................................१११
**अनुसूची–५** ..................................................... ११५
**अनुसूची–६** .....................................................११८
**अनुसूची–७**...................................................... १२१
**अनुसूची–८**...................................................... १२२

**लेखक परिचय** ..................................................१२५

# नीतिमा फड्को, कानुनी सुधार र संरचनामा सुस्तता

– डा. महेन्द्र विष्ट

### पृष्ठभूमि

२०६२-६३ को जनआन्दोलनले स्थापित गरेका प्रमुख एजेन्डा लोकतन्त्र, गणतन्त्र, सङ्घीयता, समावेशिता र सामाजिक न्याय हुन् । यसलाई संस्थागत गर्ने प्रमुख दस्तावेज संविधान सभाबाट जारी भएको नेपालको संविधान हो ।[१] संविधान कार्यान्वयनको पहिलो खुड्किलो नयाँ संविधानबमोजिमको निर्वाचन हो । यसको पहिलो चरण स्थानीय तहको निर्वाचनसँगै सम्पन्न हुँदैछ भने प्रदेश र सङ्घीय संसद्को निर्वाचनसँगै यसको एउटा चक्र पूरा हुनेछ । यसले लोकतान्त्रिकीकरणको प्रक्रियामा महत्वपूर्ण योगदान गर्नेछ । तर त्यतिले नै परिवर्तनका एजेन्डालाई संस्थागत गर्न सक्तैन । त्यसका निम्ति राज्यको पुनर्संरचना अपरिहार्य हुन्छ । राज्यको पुनर्संरचना राजनीतिक प्रणालीको पुनर्संरचनामात्र हैन, समग्रतामा यसलाई हेरिनुपर्छ ।

गणतन्त्र स्थापना वा सङ्घीयताको घोषणा यसको सुरुवात हो, सम्पूर्णता हैन । राज्यका हरेक क्षेत्रमा पुनर्संरचना आवश्यक हुन्छ । त्यसको आवश्यकता मिडिया क्षेत्रमा पनि छ जसको सुरुवात यो अवधिमा भइसकेको छ । लोकतन्त्र स्थापनापछिको आठ वर्षको अवधिमा नेपाली मिडिया क्षेत्रमा केही महत्वपूर्ण उपलब्धि भए पनि गति भने सुस्त रह्यो । त्यसपछिको तीन वर्षको अवधिमा नेपाली मिडिया जगत्ले दूरगामी महत्व राख्ने केही उपलब्धि हासिल गरेको छ भने कतिपय नीतिगत प्रहार रोकेर प्रेसलाई सुरक्षित राख्न सकिएको छ । अनि केही त्यस्ता असल सुरुवात भएका छन् जसबाट पत्रकारले सामाजिक सुरक्षा महसुस गर्न सक्ने भएका छन् ।

### महत्वपूर्ण उपलब्धि

संविधान सभाबाट नयाँ संविधान जारी हुनु, संविधानमा तुलनात्मकरूपमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता प्रत्याभूति गरिनु, नेपाल पत्रकार महासङ्घसहित नेपाली मिडिया जगत्ले लामो समयदेखि उठाएका मुद्दाहरू सम्बोधन गर्दै नयाँ राष्ट्रिय आमसञ्चार नीति, २०७३ जारी हुनु, छापा माध्यममा बढी केन्द्रित पत्रकार आचारसंहितालाई माध्यमगतरूपमा छापा, रेडियो, टेलिभिजन र अनलाइनसमेतलाई समेट्दै, सैद्धान्तिक

१ २०७२ साल असोज ३ गते संविधान सभाले नेपालको संविधान जारी गरेको हो ।

दृष्टिले अन्तर्राष्ट्रिय अभ्यास एवम् व्यावहारिकतामा नेपाली समाजको चरित्रअनुरूप बहुलता र विविधतालाई समेट्दै प्रविधिका दृष्टिले आधुनिक विकासलाई आत्मसात् गर्दै नयाँ पत्रकार आचारसंहिता २०७३ जारी हुनु यो अवधिका ठोस उपलब्धि हुन् । यस्तै पत्रकार दुर्घटना बिमा, ज्येष्ठ पत्रकार सम्मानवृत्ति, पत्रकार सन्तति शैक्षिकवृत्ति, स्वास्थ्य उपचारमा छुट, २९ लाख रुपियाँको अक्षय कोषसहित आपतकालीन राहत कोष स्थापना, पत्रकार कल्याण कोषको रकममा झण्डै दोब्बर वृद्धि गरी करिव डेढ करोड रुपियाँ पुऱ्याइनु जस्ता कार्य पत्रकारको सामाजिक सुरक्षाका दृष्टिले राम्रा सुरुवात हुन् भने न्यूनतम पारिश्रमिकमा दोब्बर वृद्धि, विभिन्न प्रकृतिका छलफल र दबाबपछि श्रमजीवी पत्रकार ऐन कार्यान्वयन र पत्रकारको पेशागत सुरक्षा सवल बनाइनु उल्लेख्य प्रगति हुन् । पत्रकारको भौतिक सुरक्षातर्फ पत्रकार हत्याका घटना नहुनु, सङ्ख्यात्मकरूपमा पत्रकारमाथिका आक्रमणमा केही कमी आउनु र कतिपय घटनामा आक्रमणका दोषीहरू कारबाहीको दायरामा आउनुका साथै प्रेस स्वतन्त्रता मानदण्ड, पत्रकार सुरक्षा रणनीति र संयन्त्र निर्माण सकारात्मक थालनी हुन् ।

नेपाली मिडियामा लगानीको पारदर्शिता प्रवर्द्धन, विदेशी लगानी निरुत्साहन, मिडियामा एकाधिकार र सघनता अन्त्य, समाचार कक्ष र विषयवस्तुमा बहुलता-विविधताको प्रवर्द्धन, सम्पादकीय स्वतन्त्रताको जगेर्ना, प्रशिक्षण प्रतिष्ठान र स्वनियमनकारी निकाय स्थापना, विदेशी टेलिभिजनको विज्ञापनरहित (क्लिन फिड) प्रसारण र ध्वनीकरण (डबिङ) को अन्त्यका साथै समानुपातिक विज्ञापन जस्ता नीतिगत विषयमा स्पष्टता र बुझाइमा एकरूपता कायम हुनु अर्को उपलब्धि मान्न सकिन्छ । सूचनामा पहुँचको आधारलाई फराकिलो तुल्याउनु पनि प्रेस स्वतन्त्रताको प्रवर्द्धनमा अर्को इँटा थपिनु हो ।

यस अवधिमा सरकारले प्रेस स्वतन्त्रतालाई सङ्कुचित गर्ने गरी अदालतको अवहेलना विधेयक संसद्मा दर्ता गर्नु प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप प्रयास हो भने सशक्त प्रतिरोध गरी त्यसलाई पारित हुनबाट रोक्नेमात्र नभई नेपालको संसदीय इतिहासमै पहिलो पटक उक्त विधेयक जनताको रायका लागि लैजाने अवस्था बन्नु तथा त्यसपछि सो विधेयक पुनः संसद्मा लैजान आँटै गर्न नसक्ने स्थिति कायम बन्नु सकारात्मक उपलब्धि मान्नुपछ । यस्तै प्रेस स्वतन्त्रता सङ्कुचित गर्ने गरी सरकारले ल्याएको अनलाइन निर्देशिका फिर्ता लिन बाध्य पार्नु पनि अर्को सफल अभियान थियो । यद्यपि पछिल्लो पटक केही सुधारसहित ल्याइएको अनलाइन निर्देशिका यथारूपमा लागु गर्न नहुने अवस्थामा रहे पनि नेपाली पत्रकारिता क्षेत्रको व्यापक विरोधका बाबजुद कार्यान्वयनको दुस्साहस गरिनुलाई नकारात्मक पाटो मान्नुपर्छ । समग्रमा आमसञ्चार

नीतिअनुरूप मिडिया कानुनमा सुधार र नयाँ निर्माण प्रक्रिया सुरु भए पनि सुस्तता कायम रहनुलाई भने कमजोर पक्ष मान्नुपर्छ।

नेपाली मिडियाको पुनर्संरचना, नीतिगत सुधार र कानुन निर्माणका दृष्टिले यस अवधिमा भएका प्रयासलाई विषयगतरूपमा विश्लेषण गर्नु सान्दर्भिक हुन सक्छ।

**अदालतको अवहेलना विधेयक**

संविधानले कानुनबमोजिम अदालतको अवहेलनामा कारबाही चलाइ सजाय गर्न सक्ने अधिकार अदालतलाई प्रदान गरेको सन्दर्भमा त्यसलाई ऐनद्वारा व्यवस्था गर्न भनेर तत्कालीन कानुन मन्त्री नरहरि आचार्यले २०७१ साल असार ६ गते अदालतको अवहेलनासम्बन्धी विधेयक संसद्मा दर्ता गराए।[२] तर विधेयकका कतिपय विषयवस्तु प्रेसलाई अदालतमा पहुँचबाट रोक्ने, सूचना सम्प्रेषणमा सङ्कुचित गर्ने र एक किसिमले अदालतलाई आलोचनाभन्दा माथि राख्नेखालको रहेकाले नेपाल पत्रकार महासङ्घ, नेपाल बार एसोसिएसनलगायतबाट चर्को विरोध भयो । महासङ्घको आह्वानमा यसको देशव्यापी विरोध भयो। परिणामतः यो विधेयक नेपालको संसदीय इतिहासमै पहिलो पटक नेपाली जनताको राय लिन नेपाल राजपत्रमा प्रकाशित गरी सार्वजनिक गरियो।

महासङ्घ र बार एसोसिएसनसमेतको सहकार्यमा संसद् सचिवालयबाट केन्द्रमा सभामुखकै उपस्थितिमा र देशका पाँच विकास क्षेत्रमा सरोकारवालाबीच बृहत् छलफल गरी राय सुझाव लिइयो। उक्त विधेयक यथारूपमा पारित गरिए अदालतको रचनात्मक आलोचनाको ढोकासमेत बन्द गर्ने र प्रेस स्वतन्त्रता सङ्कुचित गर्ने भएकाले त्यसमा व्यापक सुधार हुनुपर्ने राय प्राप्त भएको विवरणसहितको प्रतिवेदन संसद् सचिवालयले प्रस्तुत गर्‍यो । यो विधेयक त्यसपछि प्रक्रियामा अगाडि बढेन । यस अभियानको परिणामतः नयाँ संविधानमा नै विगतमा रहेको अदालतको अवहेलनासम्बन्धी व्यवस्था परिवर्तन गरी 'सर्वोच्च अदालतले आफ्नो वा मातहत अदालतको न्यायसम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानुनबमोजिम अवहेलनामा कारबाही चलाइ सजाय गर्न सक्नेछ' (नेपालको संविधान धारा १२७ (४)) भनी तुलनात्मकरूपमा स्पष्ट र सीमित व्यवस्था गरियो। प्रेस स्वतन्त्रता संरक्षणमा यो एउटा महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ।

२ खड्का, घनश्याम र बस्नेत, बालकृष्ण। अभिव्यक्ति स्वतन्त्रता रोक्ने नियतले विधेयक। Retrieved August 6, 2017 http://kantipur.ekantipur.com/news/2014-06-20/391055.html

**नयाँ संविधान र प्रेस स्वतन्त्रता**

नेपालको संवैधानिक इतिहासमा २०६२/६३ को जनआन्दोलन अघि २००४, २००७, २०१५, २०१९ र २०४७ गरी ५ वटा संविधान जारी भएको पाइन्छ भने परिवर्तनलगत्तै नेपालको अन्तरिम संविधान २०६३ जारी भयो । यो संविधान संविधान सभाबाट नयाँ संविधान जारी नभएसम्मका लागि थियो । तर पहिलो संविधान सभा तोकिएभन्दा दुई वर्ष बढी समय लिएर पनि संविधान जारी नगरी अवसान भएपछि दोस्रो संविधान सभाले अन्ततः २०७२ असोज ३ गते नेपालको संविधान जारी गऱ्यो । यो संविधान जारी गराउनकै लागि विभिन्न क्षेत्रबाट दबाबका कार्यक्रमसमेत भए । नेपाल पत्रकार महासङ्घले तोकिएकै मितिमा संविधान जारी गर्न र संविधान जारी गर्दा परिवर्तनका एजेन्डा संस्थागत गर्नुका साथै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता प्रत्याभूत गर्न देशब्यापी दबाबका कार्यक्रम सञ्चालन गऱ्यो ।

संविधानको पहिलो मस्यौदामा विगतमा रहेको पूर्ण प्रेस स्वतन्त्रताको प्रावधान हटाइनुका साथै प्रेसलाई सङ्कुचित गर्नेखालका विभिन्न प्रावधान राखिएका कारण महासङ्घ आन्दोलित भयो । संविधानको मस्यौदामा रहेका प्रावधान र तिनमा गर्नुपर्ने सुधारसम्बन्धी तीन महले प्रस्तावसहित महासङ्घले प्रस्तुत गरेको अवधारणासमेतको परिणामस्वरूप संविधान जारी गर्दा त्यस्ता थुप्रै प्रावधान प्रेस स्वतन्त्रतामैत्री हुनेगरी सच्याइयो *(हेर्नुहोस्, अनुसूची-१)* । यसलाई महासङ्घ र प्रेस जगतको तर्फबाट सञ्चालित अभियानको सकारात्मक उपलब्धि मान्न सकिन्छ । नेपालको संविधान (२०७२) मा प्रस्तावनामा पूर्ण प्रेस स्वतन्त्रताको प्रावधानका अतिरिक्त विभिन्न धारामा स्वतन्त्रताको हक, सञ्चारको हक र सूचनाको हकसम्बन्धी देहायअनुसारका स्पष्ट व्यवस्था छन् :

**धारा १७. स्वतन्त्रताको हक** :

(१) कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ- (क) विचार र अभिव्यक्तिको स्वतन्त्रता, (ख) बिनाहातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, (ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता, (घ) सङ्घ र संस्था खोल्ने स्वतन्त्रता, (ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, (च) नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसाय स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता ।

**धारा १९. सञ्चारको हक :**

(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन । तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवम् लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन । तर यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्यसञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन । (३) कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोनलगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन ।

**धारा २७. सूचनाको हक :**

प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

**धारा २८. गोपनीयताको हक :**

'कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुनेछ' भनेर प्रेस स्वतन्त्रताको व्यवस्था र त्यसका सीमा निर्धारण गरिएको छ ।

यस्तै, संविधानको धारा १०३(१) मा सङ्घीय संसद्को दुवै सदनमा पूर्ण

वाक स्वतन्त्रता रहने र १०३(३) मा सङ्घीय संसद्को कुनै सदनको कुनै पनि कारबाहीमाथि त्यसको असल नियतबारे शङ्का उठाइ कुनै टीका-टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाइ कुनै प्रकारको प्रकाशन वा प्रसारण गर्न पाइने छैन भनिएको छ भने धारा १२८(४) मा सर्वोच्च अदालतले आफ्नो वा मातहत अदालतको न्यायसम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानुनबमोजिम अवहेलनामा कारबाही चलाइ सजाय गर्न सक्ने व्यवस्था छ।

यस्तै धारा १८७ मा प्रदेश सभाको विशेषाधिकारअन्तर्गत उपधारा (१) मा प्रदेश सभामा पूर्ण वाक स्वतन्त्रता रहने र (३) मा प्रदेश सभाको कुनै कारबाहीउपर त्यसको असल नियतबारे शङ्का उठाइ कुनै टीका-टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाइ कुनै प्रकारको प्रकाशन वा प्रसारण गर्न पाइने छैन भन्ने व्यवस्था गरिएको छ। संविधानको धारा २७३ मा सङ्कटकालीन व्यवस्था छ जसको उपधारा (१०) मा सङ्कटकालीन अवस्था घोषणा वा आदेश जारी गर्दा त्यस्तो घोषणा वा आदेश बहाल रहेसम्मका लागि भाग-३ मा व्यवस्था भएका मौलिक हक निलम्बन गर्न सकिनेअन्तर्गत धारा १९ को उपधारा (१) अर्थात् सञ्चारको हकमा प्रत्याभूत पूर्व प्रतिबन्ध नलगाइने व्यवस्थासमेत परेको छ।

समग्रमा संविधानका व्यवस्था तुलनात्मकरूपमा प्रेस स्वतन्त्रता प्रबर्द्धन गर्नेखालका रहे पनि प्रतिबन्धात्मक वाक्यांशले सीमा तोकेर सङ्कुचन गर्ने प्रयास गरेको छ। संविधानको यो सीमाले संवैधानिक हक उपभोग तथा ऐन निर्माण गर्दा र व्यवहारबाट सङ्कुचनको सम्भावना रहिरहनु मानव अधिकारको विश्वव्यापी घोषणापत्र र नागरिक तथा नेपालले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय अभिसन्धिको कसीमा पूर्णतः स्वतन्त्रतामैत्री मान्न सकिने अवस्था छैन। यसमा सुधारको खाँचो त छँदैछ ऐन निर्माण गर्दा विशेष सजगता अपनाउनुपर्ने आवश्यकता पनि उत्तिकै छ।

## राष्ट्रिय आमसञ्चार नीति

नेपालमा मिडिया नीतिको पृष्ठभूमिका रूपमा गोरखापत्र प्रकाशनका क्रममा जारी भएको सनद, प्रेस कमिसनको प्रतिवेदन २०१५, सञ्चार योजना २०२८, शाही प्रेस आयोग २०३८ लाई प्रजातन्त्र पुनर्स्थापनाअघिका पहलका रूपमा लिन सकिन्छ। प्रजातन्त्र पुनर्स्थापनापछि नेपाल अधिराज्यको संविधान २०४७ ले प्रेस स्वतन्त्रताको

प्रत्याभूति गरेसँगै राष्ट्रिय सञ्चार नीति २०४९ जारी भयो जुन विगतको तुलनामा उदार दृष्टिकोणसहित आएको थियो । त्यसपछि सञ्चार क्षेत्रसँग सम्बन्धित निकायहरूको सञ्चालन, विकास र विस्तारमा केन्द्रित गरी सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति २०५९ पनि जारी गरियो भने पत्रपत्रिकाको विकासका लागि सुझाव दिन गठित कार्यदलको प्रतिवेदन २०६०, विद्युतीय सञ्चार माध्यमलाई व्यवस्थित र विकसित गरी सञ्चालन गर्नेबारेका सुझावहरू २०६०, लोकतन्त्र स्थापनापछिको सन्दर्भमा गठित सरकारी सञ्चार माध्यमहरूको पुनर्संरचना र स्वायत्ततासम्बन्धी उच्चस्तरीय सुझाव कार्यदल २०६३ लाई यस क्षेत्रमा भएका उल्लेख्य प्रयासका रूपमा लिन सकिन्छ ।

आमसञ्चार क्षेत्रमा पछिल्लो समयमा भएको माध्यमगत, प्रविधिगत र प्रवृत्तिगतरूपमा तीव्र  विकास र विस्तार एवम् नयाँ संविधान जारी भइसकेको सन्दर्भलाई आत्मसात् गर्दै राष्ट्रिय आमसञ्चार नीति जारी हुनुपर्ने माग नेपाल पत्रकार महासङ्घले पछिल्लो समयमा जोडदार ढङ्गले उठाएको थियो । तीन वर्षअघि महाधिवेशनको समयमा र त्यसपछि महासङ्घको कार्यसमितिले प्राथमिकताको एजेन्डाका रूपमा अघि सारेको यो विषयमा विभिन्न चरणमा भएका छलफल र अभियानको उपलब्धिस्वरूप राष्ट्रिय आमसञ्चार नीति, २०७३ जारी भएको छ ।

मन्त्रिपरिषद्को मिति २०७२/१०/२० को निर्णयबमोजिम कानुनविद् काशीराज दाहालको अध्यक्षता र नेपाल पत्रकार महासङ्घसहित सञ्चार क्षेत्रका सरोकारवाला सबैजसो सङ्घ/सङ्गठनको सहभागितामा गठित सूचना तथा सञ्चारसम्बन्धी उच्चस्तरीय समितिले २०७३/४/५ मा बुझाएको प्रतिवेदनबमोजिम २०७३/४/७ को मन्त्रिपरिषद् बैठकले स्वीकृत गरी जारी गरिएको नयाँ नीतिले नेपाली जनताको अभिव्यक्ति स्वतन्त्रताको हक प्रचलन गराउन महत्वपूर्ण व्यवस्थाहरू समेटेको छ । यसले स्वच्छ, निष्पक्ष, लोकतान्त्रिक मान्यतामा आधारित आत्मनिर्भर, जवाफदेही र उत्तरदायी आमसञ्चार माध्यमद्वारा जनताको सुसूचित हुने अधिकार सुनिश्चित गरी सभ्य र समृद्ध समाज स्थापना गर्नेलगायत ९ वटा विशिष्टीकृत एवम् २६ बुँदे आधारभूत नीति तथा अन्य विषयगत नीति अवलम्बन गरेको छ ।

आमसञ्चार नीतिले विगतको तुलनामा अख्तियार गरेका नयाँ व्यवस्थामा छापा, रेडियो, टेलिभिजन, अनलाइन, इन्टरनेटजस्ता माध्यमको सम्मिलन (कन्भरजेन्स), लगानी र क्षेत्रको आधारमा सञ्चार माध्यमको वर्गीकरण, सञ्चार माध्यमको सार्वजनिक स्वनियमन र स्वमूल्याङ्कन, सम्पादकीय नीतिको सार्वजनिकीकरण, पूर्वाधार र प्रविधिमा बाहेक विदेशी लगानीलाई प्रोत्साहन नगर्ने, मिडिया एकाधिकार र मिडिया सघनता (मिडिया कन्सनट्रेसन) लाई निरुत्साहन गर्ने, विदेशी टेलिभिजन च्यानललाई

विज्ञापनरहित बनाउने, नेपालमा प्रकाशन, प्रसारण र प्रदर्शन गरिने विज्ञापनहरूमा ध्वनीकरण गरिएका विज्ञापनमा रोक लगाउने जस्ता दूरगामी महत्व राख्ने व्यवस्था छन् ।

यस्तै आमसञ्चार नीतिले राष्ट्रिय सार्वजनिक सेवा प्रशारक, पुनर्संरचनासहितको प्रेस काउन्सिल, राष्ट्रिय आमसञ्चार प्राधिकरण, राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान, आमसञ्चारसम्बन्धी अध्ययन/अनुसन्धान प्रतिष्ठान तथा आमसञ्चार सङ्ग्रहालय जस्ता पत्रकारिताको स्वनियमन तथा प्रबर्द्धनसम्बन्धी निकायहरूको परिकल्पना गरेको छ। यस्तै, फ्रिक्वेन्सीलाई राष्ट्रिय स्रोत मानी सोही आधारमा राष्ट्रिय फ्रिक्वेन्सी बाँडफाँट तथा वितरण योजना बनाइने, एफएम रेडियो र टिभीका फ्रिक्वेन्सीलाई सार्वजनिक सेवा प्रसारण, सामुदायिक प्रसारण र व्यापारिक प्रसारणका लागि बाँडफाँट गर्ने एवम् एफएम रेडियोलाई प्रदान गरिएको फ्रिक्वेन्सीको अवधि १८ वर्षको रहने जस्ता स्पष्ट व्यवस्था पनि नयाँ नीतिमा समेटिएको छ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई आत्मसात गर्दै मुलुकलाई सूचना तथा ज्ञानमा आधारित सूचना-समाजमा रूपान्तरण गरी लोकतान्त्रिक समाजको विकास गर्ने, आमसञ्चार क्षेत्रको गुणस्तर वृद्धि गरी पत्रकारिताप्रतिको विश्वसनीयता अभिवृद्धि गर्ने, आमसञ्चार माध्यममा सबै वर्ग, क्षेत्र, जाति, भाषा, लिङ्ग र समुदायको पहुँच बढाइ स्वच्छ जनमत निर्माण गर्ने प्रभावकारी माध्यमका रूपमा सञ्चार क्षेत्रको विकास गर्ने, समावेशिता अभिवृद्धि गर्ने, स्वनियमन र स्वमूल्याङ्कनका लागि अभिप्रेरित गरी स्वच्छ, स्वस्थ र मर्यादित पत्रकारिता विकास गर्ने, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्दै जनताको जीवनस्तर उठाउन सहयोगी माध्यमका रूपमा सूचना तथा सञ्चार प्रणाली विकास गर्ने उद्देश्य पनि आमसञ्चार नीतिमा लिइएको छ । नेपाल पत्रकार महासङ्घलगायत सञ्चार क्षेत्रले यो नीति कार्यान्वयनका निम्ति कानुन र संरचना निर्माणका साथै अन्य व्यवस्था कार्यान्वयनमा जोड दिनुपर्ने खाँचो छ।

**पत्रकार आचारसंहिता**

२००७ सालमा प्रजातन्त्र स्थापना भएपछि सरकारले देशमा स्वच्छ पत्रकारिताको विकासका लागि राय सुझाव पेस गर्न भनेर २०१४ सालमा गठन गरेको प्रेस कमिसनले २०१५ सालमा पेस गरेको प्रतिवेदनमा पत्रकारले पालना गर्नुपर्ने आचरणका १८ बुँदे नियम प्रस्ताव गरेको थियो जसलाई आचारसंहिताको प्रारम्भविन्दु मान्न सकिन्छ। त्यही प्रतिवेदनको सुझावलाई समेत दृष्टिगत गरी २०२४ सालमा प्रेस सल्लाहकार समिति र त्यसैको निरन्तरतास्वरूप २०२७ सालमा प्रेस काउन्सिल गठन भयो। काउन्सिलबाट

२०३३, २०४०, २०४७, २०४९, २०५५ र २०६० सालमा आचारसंहिता जारी गरिए भने तिनमा समसामयिक सुधार पनि गरिए ।

प्रेस काउन्सिलको यो अभ्यास चलिरहेकै समयमा तत्कालीन नेपाल पत्रकार सङ्घले पनि अलग्गै पत्रकार आचारसंहिताको अभ्यास गर्दै आएको पाइन्छ । नेपाल पत्रकार सङ्घको २०२३ साल फागुन २४ देखि २७ सम्म काठमाडौँमा भएको प्रथम सम्मेलनले २२ बुँदे आचारसंहिता जारी गरेको थियो । यस्तै, २०४२ सालमा पत्रकारको भेलाले पनि पत्रकार आचारसंहिता जारी गरेको थियो भने नेपाल पत्रकार सङ्घको २०५० सालमा वीरगन्जमा भएको भेलाले १४ बुँदे आचारसंहिता जारी गरेको थियो । २०५५ सालमा प्रेस काउन्सिल र पत्रकार महासङ्घको अलग अलग आचारसंहिता मिलाएर एउटै साझा आचारसंहिता बनाइयो । यही अभ्यासलाई निरन्तरता दिँदै नेपाल पत्रकार महासङ्घको सहमतिमा पत्रकार आचारसंहिता, २०७३ जारी गरियो ।[३]

पत्रकारिताका माध्यम, प्रविधि र अवधारणामा भएको विकास र विस्तारले सिर्जना गरेको अवसर र चुनौतीलाई मनन गर्दै पत्रकारितामा विकास भएका नयाँ आयाम सम्बोधन गर्न र सान्दर्भिक बनाउन जारी नयाँ आचारसंहिताको प्रस्तावनामा विचार र अभिव्यक्तिको स्वतन्त्रता, सूचनाको हक, प्रेस स्वतन्त्रतालगायत नागरिकका आधारभूत अधिकारको संरक्षण, संवर्द्धन र प्रचलनका लागि पत्रकारिताका सिद्धान्त, अन्तर्राष्ट्रिय मूल्य/मान्यताका आधारमा पत्रकारिताको व्यावसायिक अभ्यासलाई उच्च पेशागता, मर्यादित, जवाफदेही एवम् उत्तरदायी बनाइ राष्ट्र र समाजको हितका लागि जारी गरिएको उल्लेख छ । आचारसंहिता दफा ४ मा पत्रकार र सञ्चार माध्यमको कर्तव्यअन्तर्गत १५ बुँदामा र दफा ५ मा पत्रकार र सञ्चार माध्यमले गर्न नहुनेअन्तर्गत १५ बुँदामा उल्लेख गरिएका छन् ।

नेपालभर रहेका सबैखाले सञ्चार माध्यम पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइनका साथै तिनमा कार्यरत, स्वतन्त्र र नेपालमा रहेका विदेशी सञ्चार माध्यमका प्रतिनिधिका हकमा पनि लागु हुने यो आचारसंहिताको आधारभूत सिद्धान्त र व्याख्या अन्तर्राष्ट्रिय तहमा प्रचलित आचारसंहिताको मूल सिद्धान्तसँग मेल खानेखालको छ । विगतको तुलनामा यसले अनलाइन मिडिया, रेडियो, टेलिभिजन जस्ता सञ्चार माध्यमलाई थप स्पष्टताका साथ सम्बोधन गर्ने प्रयास गरेको छ भने आचारसंहिताका दायरालाई पनि फराकिलो बनाएको छ ।

३ शीतलनिवासस्थित राष्ट्रपति कार्यालयमा २०७३ साल असोज ६ गते आयोजित समारोहमा आचारसंहिता जारी भएको घोषणा गरिएको थियो ।

**अनलाइन मिडिया निर्देशिका**

पत्रकारितामा कायम पत्रपत्रिका, रेडियो र टेलिभिजनका अतिरिक्त इन्टरनेट आधारित नयाँ माध्यमका रूपमा अनलाइन माध्यमको विकास भएसँगै यसलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता महसुस भयो। फलतः नेपाली मिडिया क्षेत्रका अतिरिक्त सरकारी निकायले पनि यसमा गृहकार्य अघि बढायो । यद्यपि यसमा व्यापक बहस भइरहेकै बेला सरकारले २०७३ असारको पहिलो हप्ता एकतर्फीरूपमा सुशासनसम्बन्धी ऐनलाई टेकेर अनलाइन मिडिया सञ्चालनसम्बन्धी निर्देशिका जारी गरेपछि यसले प्रेस स्वतन्त्रतालाई सङ्कुचन गर्नुका साथै भर्खरै फस्टाउन लागेको अनलाइन माध्यमको घाँटी निमोठ्ने औल्याउँदै नेपाल पत्रकार महासङ्घले त्यसको खारेजीको अभियान चलायो।

तत्कालीन सूचना तथा सञ्चार मन्त्री शेरधन राई यस निर्णयबाट पछि हटे र यसमा सुधारका लागि सुझाव दिन समिति बनाए। समितिले सुझाव पनि दियो। तर त्यसका केही बुँदा समेटिए पनि पुरानै व्यवस्थाबमोजिम सुशासन ऐनमा टेकेर त्यसपछिका सूचना तथा सञ्चार मन्त्री सुरेशकुमार कार्कीले फेरि अनलाइन निर्देशिका जारी गरे। महासङ्घलगायत सञ्चार क्षेत्रबाट यसप्रति असहमति जारी रहे पनि र यसविरुद्ध अदालतमा समेत चुनौती दिइए पनि यसको कार्यान्वयन पनि सँगसँगै अघि बढाइएको अवस्था छ। वास्तवमा यस्ता निर्देशिका ल्याउनेभन्दा पनि संसद्मार्फत ऐनबाटै व्यवस्था गर्नुपर्ने आवश्यकता छ जसलाई मिडिया कानुनको परिमार्जनका क्रममा समेट्न सकिन्छ।

**पत्रकारको भौतिक सुरक्षा**

पत्रकारको भौतिक सुरक्षा नेपाल पत्रकार महासङ्घको प्रमुख चासोको विषय हो। यद्यपि प्रजातन्त्र पुनर्स्थापनापछि पनि यसमा चुनौती कायमै छ। २०५२ सालमा नेकपा माओवादीले सुरु गरेको सशस्त्र द्वन्द्व र तत्पश्चात्को लोकतान्त्रिक तथा गणतन्त्रात्मक कालमा पनि पत्रकार हत्या, धम्की, साङ्घातिक आक्रमणलगायत प्रेस स्वतन्त्रता हननका घटना शृङ्खलाबद्धरूपमा जारी छन्। पछिल्लो ११ वर्षको प्रेस स्वतन्त्रता हननको तथ्याङ्क केलाउँदा शाहीकालको तुलनामा निकै सुधार भएको देखिए पनि अझै अनुकूल अवस्था सिर्जना भइनसकेको देखिन्छ।

**नेपालमा प्रेस स्वतन्त्रता हननको तुलनात्मक तालिका** (बेपत्ता ४ सहित)

| **अवधि** | **हनन** | **हत्या/ बेपत्ता** |
|---|---|---|
| माओवादी सशस्त्र द्वन्द्व जारी रहेका बेला (२०५२-०६१ सम्म) | | २५ |
| शाहीकाल (२०६१ माघ १९ देखि २०६३ वैशाख ११ सम्म) | १६८३ | २ |
| २०६३/६४ (वैशाख २०६३ देखि वैशाख २०६४) | २२२ | ० |
| २०६४/६५ | ४३५ | २ |
| २०६५/६६ | २३२ | २ |
| २०६६/६७ | १६९ | २ |
| २०६७/६८ | १०९ | १ |
| २०६८/६९ | १२५ | २ |
| २०६९/७० | २२८ | ३ |
| २०७०/७१ | ४४ | |
| २०७१/७२ | १५५ | १ |
| २०७२/७३ | १३९ | |
| २०७३/७४ | ७३ | |
| २०७४ साल वैशाखदेखि साउन २२ गतेसम्म | २६ | |

*स्रोत : नेपाल पत्रकार महासङ्घ, २०६१-२०७४*

नेपालमा प्रेस स्वतन्त्रताको अवस्था केलाउँदा पनि विगतभन्दा केही सुधार देखिए पनि सन्तोषजनक हुन अझै सकेको छैन । नेपालमा प्रेस स्वतन्त्रतासम्बन्धी पुस्तकमा समेटिएको सर्वेक्षण नतिजाअनुसार पनि नेपालमा प्रेस स्वतन्त्रताको वर्तमान स्थिति स्वतन्त्र, आंशिक स्वतन्त्र र स्वतन्त्र नभएको गरी तीन आधारमा हेर्दा आंशिक स्वतन्त्रको कोटिमा रहेको पाइन्छ ।

**पत्रकारको पेशागत सुरक्षा**

पत्रकारको पेशागत सुरक्षा पत्रकार महासङ्घको प्राथमिकताको मुद्दा हो । न्यूनतम पारिश्रमिक निर्धारणलगायत श्रमजीवी पत्रकारसम्बन्धी ऐन २०५१ ले गरेका सम्पूर्ण व्यवस्थाको कार्यान्वयनका लागि महासङ्घले यस अवधिमा शृङ्खलाबद्ध कार्यक्रम

र अभियान सञ्चालन गरेर महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । यस सन्दर्भमा महासङ्घले सुरुमा सञ्चार प्रतिष्ठानका व्यवस्थापन पक्षसँग महासङ्घमा आमन्त्रण गरेर तथा सम्बन्धित मिडिया हाउसमै गएर सिलसिलेवार संवाद गऱ्यो । प्रधानमन्त्री र सूचना तथा सञ्चारमन्त्रीमार्फत पटक पटक मागपत्र बुझाएर र छलफल गरेर नेपाल सरकारसँग सम्बोधनको प्रयास गऱ्यो । संसद्को विकास समिति र श्रम समितिमा पटकपटक छलफल भए । समितिमा विभागीय मन्त्री र अधिकारीहरू उपस्थित गराएर प्रतिबद्धता लिने र निर्देशन दिने काम पनि भए । अदालतमा मुद्दा गए । केही सञ्चार प्रतिष्ठानमा महासङ्घ केन्द्रकै आह्वान र सहभागिता तथा केहीमा महासङ्घसँगको समन्वयमा स्थानीय शाखा र सम्बद्ध सञ्चारकर्मीका समूहबाट आन्दोलन गरिए ।

धेरैजसोमा ठोस उपलब्धि पनि भए । यस अवधिमा श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक दोब्बर वृद्धि गरियो । समग्र अभियानको परिणामस्वरूप श्रमजीवी पत्रकारका मुद्दालाई बेवास्ता गर्ने वा ऐन कार्यान्वयनमा उपेक्षा गर्ने प्रवृत्तिमा निकै कमी आएको अध्ययन प्रतिवेदनहरूले पनि देखाएका छन् । न्यूनतम पारिश्रमिक निर्धारण समितिले २०७४ साउनमा सरकारलाई बुझाएको प्रतिवेदनमा पनि पत्रकारलाई नियुक्ति दिने कार्यमा सुधार आएको देखाएको छ भने न्यूनतम पारिश्रमिकको भुक्तानी र समयमै पारिश्रमिक दिनेलगायत श्रमजीवी पत्रकार ऐनका व्यवस्था कार्यान्वयनमा विगतको तुलनामा प्रगति भएको पाइन्छ ।

नेपाल पत्रकार महासङ्घको अग्रसरतामा यस अवधिबाट पत्रकारको सामाजिक सुरक्षातर्फ पनि ठोस पहल भएका छन् । पत्रकार बिमा कार्यक्रम लागु गरिएको छ भने ज्येष्ठ पत्रकार सम्मानवृत्ति प्रारम्भ गरिएको छ। विभिन्न व्यक्तित्व र विधा समेटेर पुरस्कार स्थापना र सञ्चालनका साथै पत्रकार कल्याण कोषमा रकम वृद्धि, आपतकालीन राहत कोष स्थापना, पत्रकार सन्तति शैक्षिकवृत्ति कोष सञ्चालन, स्वास्थ्य उपचार सहयोग र सरकारी अस्पतालमा ५० प्रतिशत छूटको व्यवस्था यो अवधिमा भएका थप उपलब्धिका केही उदाहरण हुन् । समानुपातिक विज्ञापन प्रणाली कार्यान्वयनमा कुरा धेरै भए पनि ठोस कार्य हुन सकेको छैन भने लोककल्याणकारी विज्ञापनमा यस अवधिमा वृद्धि भएको २५ प्रतिशत भुक्तानी गराइएको छ । यद्यपि त्यसपछिको वृद्धिको आश्वासन व्यवहारमा कार्यान्वयन भएको छैन । यता, भर्खरैमात्र सूचना तथा सञ्चार मन्त्रालयबाट ज्येष्ठ पत्रकार सम्मान कोषका साथै पत्रकारलाई इन्टरनेट सुविधा, पत्रकारिता अध्ययन र अन्य केही क्षेत्रमा सहयोगको कार्ययोजना आएको छ। यसलाई सकारात्मक मान्नुपर्छ। तर यसैमा सन्तोष मान्ने अवस्था भने छैन। थप सुधारका लागि अझ व्यवस्थित र सामूहिक पहल आवश्यक छ।

**महासङ्घको पुनर्संरचना**

नेपाल पत्रकार महासङ्घको विधान संशोधन गरेर महासङ्घको सङ्गठनात्मक ढाँचालाई केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहको सङ्घीय प्रणालीमा लगिएको छ भने समावेशितालाई संस्थाको नीति निर्माण र नेतृत्व तहमा आत्मसात गरिएको छ। महासङ्घको केन्द्रीय सभासद्मा महिलाको उपस्थिति फराकिलो तुल्याउने, प्रत्येक शाखामा कम्तीमा एक जना उपाध्यक्ष महिला अनिवार्य हुने नयाँ व्यवस्था यसैपटकदेखि लागु गरी कार्यान्वयनमै आइसकेको छ भने जातीय आधारको समावेशीकरण पनि महासङ्घ केन्द्रदेखि स्थानीय तहसम्म यसै पटकबाट थप विस्तार भएको छ। महासङ्घलाई ट्रेड युनियन संस्थाका रूपमा लैजान वैधानिक आधार तय भइसकेको छ भने आन्तरिक लोकतान्त्रिकीकरणको अभ्यास पनि फराकिलो बनेको छ।

महासङ्घको विधान परिवर्तन गरी तीन तहको सङ्गठनात्मक ढाँचासहित महासङ्घको सङ्गठन संरचना तय गरिनु, नीति निर्माण र कार्यान्वयनमा महिला पत्रकारको उपस्थिति उल्लेख्य तुल्याउनु (महिला सदस्य सङ्ख्यामा करिब ४० प्रतिशत वृद्धि), समुदायगत समावेशिता बढाउनु, ट्रेड युनियनका रूपमा महासङ्घलाई रूपान्तरण गर्न वैधानिक आधार तयार गर्नु, शुद्धीकरणको जग निर्माण गर्नु जस्ता कार्य आन्तरिक पुनर्संरचनाका दृष्टिले ठोस उपलब्धि हुन् भने महासङ्घलाई स्रोतसाधन र सुशासनयुक्त तुल्याउनु दिगो विकासका बलिया आधार हुन्।

**निष्कर्ष**

नेपालमा राज्यको पुनर्संरचना २०६२/६३ को जनआन्दोलनले स्थापित गरेको मुख्य मुद्दा हो। नेपाली मिडियाको पुनर्संरचना यससँगै गाँसिएर आएको मिडिया जगतको उत्तिकै प्राथमिकताको साझा विषय हो। यो अवधिमा नेपाली मिडियाको पुनर्संरचनाका क्षेत्रमा केही महत्वपूर्ण नीतिगत आधार तयार भएका छन् भने व्यवहारमा कार्यान्वयनका लागि कानुनी र संरचनागत सुधार जरुरी छ।

संविधान सभाबाट नयाँ संविधान जारी हुनु, संविधानमा तुलनात्मकरूपमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता प्रत्याभूत गरिनु, नेपाल पत्रकार महासङ्घसहित नेपाली मिडिया जगत्ले लामो समयदेखि उठाएका मुद्दा सम्बोधन गर्दै नयाँ राष्ट्रिय आमसञ्चार नीति २०७३ जारी हुनु, छापा माध्यममा बढी केन्द्रित पत्रकार आचारसंहितालाई माध्यमगतरूपमा छापा, रेडियो, टेलिभिजन र अनलाइनसमेतलाई समेट्दै, सैद्धान्तिक दृष्टिले अन्तर्राष्ट्रिय अभ्यास एवम् व्यावहारिकतामा नेपाली समाजको चरित्रअनुरूप बहुलता र विविधतालाई समेट्दै अनि प्रविधिका दृष्टिले आधुनिक विकासलाई आत्मसात् गर्दै नयाँ पत्रकार आचारसंहिता २०७३ जारी हुनु यो अवधिका ठोस उपलब्धि

हुन् । यस्तै पत्रकारको सामाजिक सुरक्षा व्यवस्था एवम् दण्डहीनता र स्वनियन्त्रणको अवस्थामा सुधार हुनुका साथै प्रेस स्वतन्त्रता मानदण्ड, पत्रकार सुरक्षा रणनीति र संयन्त्र निर्माण सकारात्मक थालनी हुन् ।

नेपाल पत्रकार महासङ्घको विधान संशोधन गरेर महासङ्घको सङ्गठनात्मक ढाँचालाई केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहको सङ्घीय प्रणालीमा लगिनु, समावेशितालाई फराकिलो बनाइनु र महासङ्घलाई ट्रेड युनियन संस्थाका रूपमा लैजान वैधानिक आधार तय गरिनुलाई पनि सुधारका सङ्केतका रूपमा लिन सकिन्छ ।

यसबीचमा नीतिगतरूपमा राज्य पक्षबाट हस्तक्षेप गर्ने प्रयासस्वरूप आएका अदालतको अवहेलनासम्बन्धी विधेयक र अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिकालाई कार्यान्वयनमा आउनबाट रोकिनु सकारात्मक पक्ष मान्न सकिन्छ । यद्यपि नेपाली मिडियाको पुनर्संरचनाका निम्ति कानुनी सुधार, संरचनागत आधार विस्तार एवम् पत्रकार तथा समग्र पत्रकारिता क्षेत्रको शुद्धीकरण, व्यावसायीकरण, सवलीकरणलगायतका क्षेत्रमा थप काम गर्न भने बाँकी नै छ ।

**सन्दर्भ सामग्री**


अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका, २०७४ । Retrieved August 6, 2017 from https://moic.gov.np/upload/documents/online-news-media-directive-2073_1490265086.pdf.

*अदालतको अपहेलना सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ।*

अर्याल, दीपक, केसी, भुवन र पाठक, तिलक । २०७० । *मिडिया रिडर* । ललितपुर : जगदम्बा प्रकाशन ।

अर्याल, कुन्दन, मगर, उजिर र घिमिरे, समीर । सन् २०१४ । *प्रेस स्वतन्त्रता हननूको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड* । काठमाडौँ : युनेस्को काठमाडौँ कार्यालय तथा नेपाल पत्रकार महासङ्घ ।

दाहाल, काशीराज । २०५८ । *आमसञ्चार र कानुन* । काठमाडौँ : नेपाल प्रेस इन्स्टिच्युट ।

*नेपालको संविधान* । २०७२ ।

*नेपालको अन्तरिम संविधान, २०६३* ।

नेपाल पत्रकार महासङ्घ । द्वन्द्वकालदेखि हालसम्म मारिएका पत्रकारको सूची । Retrieved August 7, 2017 from http://fnjnepal.org/wp-content/uploads/2016/12/Missing-and-Killed-Journalist.pdf.

*पत्रकार आचारसंहिता-२०७३* । प्रेस काउन्सिल नेपाल : काठमाडौँ ।

*पत्रकार आचारसंहिता, २०६० (संशोधित तथा परिमार्जित २०६४)* ।

मगर, उजिर । २०७३ । *महासङ्घको कार्यप्रगति, साङ्गठनिक अवस्था र भावी कार्यक्रमसम्बन्धी प्रतिवेदन* । नेपाल पत्रकार महासङ्घ : चितवन ।

*राष्ट्रिय आमसञ्चार नीति, २०७३* । Retrieved August 7, 2017 from https://www.moic.gov.np/upload/documents/rastriya_am_sanchar_niti_2073_1483446627.pdf.

विष्ट, डा. महेन्द्र । २०७४ । *नेपालमा प्रेस स्वतन्त्रता* । सिएमआर नेपालसँगको सहकार्यमा साङ्ग्रिला पुस्तक प्रा.लि. : काठमाडौँ ।

विष्ट, डा. महेन्द्र । मे ३, सन् २०१६ । प्रेस स्वतन्त्रताको सङ्कुचनको वर्ष । दीपेन्द्र कुँवर (संयोजन), *प्रेस स्वतन्त्रताको सङ्कुचनको वर्ष* (पृ.१२-१८) । काठमाडौँ : नेपाल पत्रकार महासङ्घ ।

*सुरक्षित र जिम्मेवार प्रेसका लागि रणनीतिक मार्गचित्र* । २०७१ । काठमाडौँ : नेपाल पत्रकार महासङ्घ ।

❖❖

# महासङ्घको सङ्गठनात्मक पुनर्संरचना र शुद्धीकरणको प्रयास

**– उजिर मगर**

६ दशकभन्दा बढीको यात्रामा नेपाल पत्रकार महासङ्घले आफ्नो सङ्गठनात्मक ढाँचालाई बेला-बेलामा फेरबदल गर्दै आएको छ। नेपाली जनताको लामो सङ्घर्षपछि जनप्रतिनिधिमार्फत संविधान निर्माण भएपछि महासङ्घको सङ्गठनात्मक ढाँचामा ठूलो पुनर्संरचना गरिएको छ । यसले भौगोलिक, जातीय तथा लैङ्गिक समावेशितालाई बढाएको छ। र, बहुलताका सिद्धान्तमा मिडियाको अवधारणालाई समेत संस्थागत गर्न सहयोग पुऱ्याएको छ।

नेपाली मिडिया क्षेत्रले गरेको विकाससँगै पत्रकारहरूको सङ्ख्या बढेको छ। प्रेस काउन्सिल नेपालको वार्षिक प्रतिवेदन २०७२/७३ का अनुसार नेपालभर दर्ता भएका कुल ३७९५ मध्ये (दैनिक, अर्धसाप्ताहिक, साप्ताहिक, पाक्षिक) ८३९ (२२.११%) अखबार प्रकाशित भएका छन् । यीमध्ये दैनिक १९३, अर्धसाप्ताहिक ३, साप्ताहिक ६१५ र पाक्षिक २८ वटा छन्। २०७४ साल साउन १५ गतेसम्म ७९० वटा अनलाइन प्रेस काउन्सिल नेपालमा सूचीकृत भएका छन् भने २०७४ साल साउन १९ गतेसम्म सूचना विभागमा ४६४ वटा अनलाइन दर्ता भएका छन् । ७४० एफएम रेडियोले प्रसारणको अनुमति लिएका छन् ।[४] त्यसमध्ये ५६५ वटा एफएम रेडियो प्रसारणमा छन्। ११६ वटा टेलिभिजनले प्रसारणको इजाजत लिएका छन्।[५] यति ठूलो सङ्ख्यामा सञ्चालित सञ्चार माध्यममा कार्यरत पत्रकारको सङ्ख्या पनि स्वाभाविकरूपमै ठूलो हुने नै भयो।

महासङ्घको सङ्गठनात्मक संरचनासँग सदस्यता पनि जोडिएर आउँछ । शुद्धीकरणको मुद्दा हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहनेछ। मुख्य सवाल मात्रा घट्दै गएको छ कि बढ्दै भन्नेमात्र हो। शुद्धीकरण एकैपटक हुने होइन, गर्दै र हुँदै जाने प्रक्रिया हो। अहिले एउटा शुद्धीकरणको मापन गर्दा सूचना विभागद्वारा जारी प्रेस प्रतिनिधि र न्यूनतम पारिश्रमिक निर्धारण समितिको अध्ययनले देखाएको प्रतिवेदनका तथ्य हेरे पुग्छ। जसले महासङ्घमा रहेका सदस्य सङ्ख्या र ती दुई सरकारी निकायले

---

४ इजाजत प्राप्त एफएम रेडियोहरूको विवरण। Retrieved August 2, 2017 from https://www.moic.gov.np/upload/documents/fm-list-2074-04-16_1501498105.pdf

५ टेलिभिजन प्रसारणको इजाजतपत्र जारी भएको। Retrieved August 2, 2017 from https://www.moic.gov.np/upload/documents/tv-list-2074-04-16_1501498146.pdf

देखाएको तथ्यले केही गम्भिर प्रश्न पक्कै उठाएको छ ।

२०७४ साल साउन १५ गते न्यूनतम पारिश्रमिक निर्धारण समितिले जारी गरेको प्रेस विज्ञप्तिअनुसार न्यूनतम पारिश्रमिक नपाउने पत्रकारको सङ्ख्या ३२ दशमलव ३ प्रतिशत छ । ऐनले तोकेको न्यूनतम पारिश्रमिकमात्र पाउने ३५ दशमलव ७ प्रतिशत छन् भने तोकेभन्दा बढी पाउनेको सङ्ख्या ३२ प्रतिशत छ ।[६] त्यस्तै न्यूनतम पारिश्रमिक पाउने र नियुक्तिपत्र पाएकालाई मात्रै सूचना विभागले प्रेस पास उपलब्ध गराएको छ । सूचना विभागको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७२/७३ मा प्रेस पास नवीकरण र नयाँ वितरण गरेको सङ्ख्या ४८७२ थियो भने आर्थिक वर्ष २०७४/७५ को पहिलो महिना साउन १९ गतेसम्म नवीकरण र नयाँ प्रेस पास लिने पत्रकारको सङ्ख्या १३१० छ । यी तथ्यले समस्या सदस्यतामा मात्र होइन, मिडिया सञ्चालक र पत्रकारमा पनि छ भन्ने प्रष्ट्याउँछ ।

अर्को महासङ्घ 'ट्रेड युनियन वा एनजिओ' के हो भन्ने बहस चल्दै आएको थियो । यो विवाद यसै कार्यकालदेखि टुङ्गिएको छ । विधान परिमार्जनसँगै महासङ्घ ट्रेड युनियन हो भन्ने स्थापित भएको छ । श्रम अभ्यास पनि भए । तर यसको पूर्ण कार्यान्वयनका लागि केही वैधानिक र व्यावहारिक पक्ष मिलाउन भने बाँकी छ । महासङ्घको विधान चौथो संशोधन-२०७३ मा उल्लेख छ- श्रमजीवी पत्रकारहरूको उचित श्रम अभ्यास, सामूहिक सौदावाजी र पेशा तथा रोजगारीको अधिकार संरक्षणका लागि ट्रेड युनियन अधिकारको नेतृत्व प्रदान गर्छ ।[७]

**महासङ्घको संरचनागत ढाँचा** (**केन्द्र, प्रदेश र जिल्ला, प्रतिष्ठान, एसोसिएट्स**)

राज्यको पुनर्संरचनासँगै महासङ्घले संरचनागत ढाँचा बदलेको छ ।[८] पत्रकार महासङ्घको चौथो संशोधन-२०७३ को प्रस्तावनामा नेपाल पत्रकार महासङ्घको सङ्गठनात्मक संरचना स्थापना र सञ्चालन गर्न आवश्यक भएकाले नेपाल सरकारको स्वीकृति लिई यो विधान जारी गरिएको उल्लेख छ ।[९]

विधानबमोजिम केन्द्रीय समिति, प्रदेश समिति र जिल्ला शाखा, प्रतिष्ठान शाखा तथा संस्थागत सदस्यता (संस्थागत) को व्यवस्था गरिएको छ । भौगोलिक हिसावले ७ प्रदेशबमोजिम ७ वटै प्रदेश समिति व्यवस्था गरिएको छ । त्यसबाहेक ३ नम्बर प्रदेशअन्तर्गतका काठमाडौँ, ललितपुर, भक्तपुर जिल्लालाई एक, प्रतिष्ठान शाखालाई

---

६ न्यूनतम पारिश्रमिक निर्धारण समितिले २०७४ साल साउन १५ गते जारी गरेको प्रेस विज्ञप्ति ।

७ नेपाल पत्रकार महासङ्घको विधान-२०६० (चौथो संशोधन-२०७३ सहित) परिच्छेद-१.३ महासङ्घको उद्देश्य : (घ) ।

८ नेपाल पत्रकार महासङ्घ, केन्द्रीय साधारण सभा, २१ वैशाख २०७३, चितवनद्वारा चौथो संशोधनसहित पारित विधान ।

९ नेपाल पत्रकार महासङ्घको पछिल्लो विधान-२०६० (चौथो संशोधन-२०७३ सहित) 'प्रस्तावना' ।

एक र एसोसिएट (संस्थागत) लाई एक मानेर दश प्रदेशको व्यवस्था गरिएको छ। तीन नम्बर प्रदेशमै उपत्यका राख्दा सङ्ख्यात्मकरूपले बढी सदस्य हुने भएकाले उपत्यका बाहिरी जिल्ला नेतृत्वलाई प्रतिस्पर्धामा पर्ने असरलाई मध्यनजर गरी छुट्टै प्रदेशको व्यवस्था गरिएको हो । उपत्यकाभित्रै रहेका प्रतिष्ठान शाखामा आबद्ध सदस्य सङ्ख्यासमेत उल्लेख्य रहेकाले त्यसलाई छुट्टै प्रदेशको अवधारणामा लगिएको छ। प्रतिष्ठानमा आबद्ध सदस्यहरू मूलतः कर्पोरेटद्वारा सञ्चालित मिडियामा कार्यरत छन्। यता उपत्यकाका तीनै जिल्लामा स्वःआर्जित तथा साना लगानीमा कार्यरत पत्रकारको सङ्ख्या बढी पाइन्छ।

महासङ्घको संरचनामा एउटा खम्बाका रूपमा रहेका एसोसिएटलाई एक प्रदेश मानिएको छ। यसमा विषयगतरूपमा महासङ्घमा नेतृत्व आओस् भन्ने उद्देश्यलाई निरन्तरता दिइएको छ। महासङ्घले आफ्नो संरचनागत ढाँचा बदल्दै प्रदेश समितिलाई अधिकार सम्पन्न गर्ने गरी अधिकारसमेत प्रत्यायोजन गरेको छ। जसले मर्यादित पत्रकारिताका लागि सदस्यता वितरणमा समेत ध्यान दिनेछ। विगतदेखि रहेको सदस्यता केन्द्रले टुङ्ग्याउने विषय लगभग अन्त्य भएको छ।

नेपाल पत्रकार महासङ्घमा २०७४ साल साउन २९ गतेसम्म १३ हजार ३० सदस्य छन्। वैदेशिक शाखाका हकमा २७८ जना सदस्य छन्। त्यस्तै ७५ वटै जिल्लामा शाखा, ४१ प्रतिष्ठान, ११ वटा एसोसिएट (संस्थागत) र ८ वैदेशिक शाखा छन्।

**समावेशिता**

लोकतन्त्रको एउटा सुन्दर पक्ष समावेशिता हो। नेपाली समाजको बनोट जुन ढङ्गले बहुरङ्गी छ, त्यसै आधारमा महासङ्घमा सहभागिताको अभ्यासले साँच्चै नै मूर्त रूप पाएको छ।

२०७४ साल साउन २९ गतेसम्म २३ सय ६० पत्रकार महिला पत्रकार महासङ्घको सदस्य छन्। विधानबमोजिम प्रत्येक शाखामा महिला उपाध्यक्ष अनिवार्य, केन्द्रीय उपाध्यक्ष समावेशी अनिवार्य, चार सभासद्मध्ये एक महिला अनिवार्य, महिला, दलित, आदिवासी जनजाति, एसोसिएटबाट एक एकजना केन्द्रीय सचिवको व्यवस्था गरिएको छ। केन्द्रीय समितिका लागि महिलातर्फ ३, दलिततर्फ २, आदिवासी जनजातितर्फ २, मधेसीतर्फ २, अपाङ्गतातर्फ १ र अल्पसङ्ख्यकतर्फ १ सदस्य व्यवस्था गरिएको छ।

त्यस्तै प्रदेशमा समेत महिला उपाध्यक्ष अनिवार्य, सचिव समावेशी, सदस्यहरू महिला ३, दलित १, आदिवासी जनजाति २, मधेसी २ र अल्पसङ्ख्यक १ जना सदस्यको व्यवस्था गरिएको छ। जिल्ला शाखामा समेत सचिवमा समावेशी अनिवार्य र महिला, दलित, आदिवासी जनजाति र मधेसबाट एक/एकजना सदस्य अनिवार्य

व्यवस्था गरिएको छ । समावेशिताको आधार मान्दा कर्णाली क्षेत्र रहेका प्रदेशबाट केन्द्रीय सदस्य अनिवार्यरूपमा १ जना कर्णालीको हुनुपर्नेछ । साधारण सदस्यमा आदिवासी जनजाति, दलित, मधेसी समुदायको सहभागिता पनि उल्लेखनीयरूपमा बढेको छ । यसैबाट पनि पुष्टि हुन्छ, महासङ्घमा समावेशिताको अभ्यास धेरै भएका छन् ।

**शुद्धीकरण र आन्दोलन**

स्वच्छ, मर्यादित एवम् उत्तरदायी पत्रकारिताको विकासका लागि महासङ्घभित्र र पत्रकारिता जगतमा शुद्धीकरण अभियान सञ्चालन गरिने विषयमा धेरै छलफल भए । महासङ्घमा आबद्ध सदस्य तथा पत्रकारले के गर्न हुने के गर्न नहुने विषय सधैँ गम्भीररूपमा देखापर्दै आएका छन् । महासङ्घले पहिलेदेखि शुद्धीकरणको मुद्दामा आलोचना खेप्दै आएको छ । यसको मुख्य जड शाखाहरूमा छ । अविच्छिन्न उत्तराधिकारी संस्था भएकाले पुराना नजिर स्थापित गर्दै जाने र केन्द्रको निर्देशनलाई कहिल्यै समयमा पूरा नगर्ने जस्ता विषय यसपटक पनि दोहोरिए । यसको अर्थ शाखालाई दोष लगाएर केन्द्रीय नेतृत्व पन्छिन खोजेको होइन । यद्यपि केही कठिनाइबीच शुद्धीकरण कार्य जारी छ ।

मुख्यगरी विराटनगर, वीरगन्ज, बुटवल, पोखरा, नेपालगन्ज जस्ता ठूला शाखाबाट आएका सदस्यता र शुद्धीकरण अभियान उदाहरणीय छन् । यसअघि १० हजार ७७ जना सदस्यमध्ये ८९१३ जनाले मात्रै नवीकरण गरेको देखिन्छ । महासङ्घको सदस्यता पाउनका लागि नियुक्तिपत्रलगायतको प्रावधान अनिवार्य गरिए पनि कतिपय ठाउँमा शाखाहरूबाट कार्यान्वयन हुन सकेन ।[१०]

महासङ्घले शाखाहरूको अधिवेशन सम्पन्न गर्दैगर्दा महासङ्घमा विभिन्न विचारमा आबद्ध सङ्गठनहरूले महासङ्घकै इतिहासमा अप्रिय र दुःखद् आन्दोलन सुरु गरे । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पैरवी गर्ने एकमात्र स्वतन्त्र सबैको साझा संस्था महासङ्घमा सदस्यता विवाद र शुद्धीकरणका नाममा ताला लगाइयो । यसो गर्दा अन्ततः प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, मौलिक हकको समेत बर्खिलाप हुन पुग्छ भन्नेतर्फ ध्यानसमेत दिइएन ।

---

१० नेपाल पत्रकार महासङ्घको सदस्यता प्राप्ति तथा नवीकरण कार्यनिर्देशिका-२०७३ ।

**महासङ्घको केन्द्रीय कार्यालयमा तालाबन्दीका घटना**

| क्र. सं. | तालाबन्दी गरिएको मिति | तालाबन्दी गर्ने संस्था | तालाबन्दी खुलेको मिति | कैफियत |
|---|---|---|---|---|
| १. | २०७३ साल फागुन २ गते | नेपाल प्रेस युनियन केन्द्रीय समिति | २०७३ साल फागुन ६ गते | महासङ्घ र प्रेस युनियनबीच दुईबुँदे सहमति । |
| २. | २०७३ साल फागुन ११ गते | लवदेव ढुङ्गाना / सोमनाथ सुसेली | २०७३ साल फागुन १६ गते | महासङ्घ र आन्दोलनरत पक्षबीच सहमति |
| ३. | २०७३ साल फागुन १८ गते | क्रान्तिकारी पत्रकार सङ्गठन, नेपाल | २०७३ साल फागुन २० गते | पत्रकार महासङ्घ र क्रान्तिकारी पत्रकार सङ्गठन, नेपालबीच तीनबुँदे सहमति । |
| ४. | २०७३ साल फागुन २७ गते | क्रान्तिकारी पत्रकार महासङ्घ | २०७३ साल चैत ७ गते | पत्रकार महासङ्घ र क्रान्तिकारी पत्रकार महासङ्घबीच तीनबुँदे सहमति । |
| ५ | २०७३ साल चैत ३० गते | पत्रकार महासङ्घ सप्तरी शाखाका असन्तुष्ट पक्षका केही सदस्य | २०७४ साल वैशाख ७ गते | महासङ्घ र असन्तुष्ट पक्षबीच सहमति । |
| ६ | २०७४ साल वैशाख १७ गते | नेपाल प्रेस युनियन काठमाडौँ, प्रेस सेन्टर नेपाल काठमाडौँ, प्रेस सोसाइटी नेपाल उपत्यका क्रान्तिकारी पत्रकार महासङ्घ काठमाडौँ, प्रगतिशील पत्रकार सङ्घ काठमाडौँ, नेपाल पत्रकार मञ्च | २०७४ साल वैशाख २४ गते | महासङ्घ र ताला लगाउनेबीच पाँचबुँदे सहमति । |

महासङ्घले यी सबै असहमतिलाई सहमतिमा पुऱ्याएर, असन्तुष्टि सम्बोधन गरेर महासङ्घ र पत्रकारको सर्वोपरि हितलाई केन्द्रमा राख्न सक्दो प्रयास गरेको छ। फलतः यसले सङ्गठनलाई अझ बलियो र एकताबद्ध बनाउन सम्भव भएको छ।

**सन्दर्भ सामग्री**


चौधरी, लक्की। २०७२ मङ्सिर। समावेशीकरणको सवाल र मिडिया। खगेन्द्र पन्त (सं.),*पत्रकारिता,* (पृ.२२-२४)। काठमाडौँ : नेपाल पत्रकार महासङ्घ।

*नेपाल पत्रकार महासङ्घको विधान २०५३ (पहिलो संशोधन-२०५७)*। काठमाडौँ : नेपाल पत्रकार महासङ्घ।

*नेपाल पत्रकार महासङ्घको विधान-२०६० (चौथो संशोधन-२०७३)*। काठमाडौँ : नेपाल पत्रकार महासङ्घ।

*नेपाल पत्रकार महासङ्घको सदस्यता प्राप्ति तथा नवीकरण कार्यनिर्देशिका-२०७३।*

मगर, उजिर। *२०७३। महासङ्घको कार्यप्रगति, साङ्गठनिक अवस्था र भावी कार्यक्रमसम्बन्धी प्रतिवेदन। नेपाल पत्रकार महासङ्घ : चितवन*।

विष्ट, डा. महेन्द्र। २०७३, २१ वैशाख। महासङ्घका दुई वर्ष विपत् झेल्दै नयाँ फड्को। *पत्रकारिता,* (पृ.३-९)। काठमाडौँ : नेपाल पत्रकार महासङ्घ।


❖❖

# महासङ्घको संरचनामा पत्रकार महिला

**– संगीता खड्का**

समग्र पत्रकारिताको विकास र विस्तार सँगसँगै पत्रकारिता क्षेत्रमा महिलाको प्रवेश, निरन्तरता र नेतृत्व तहमा क्रमिकरूपमा अघि बढेको छ । विगतमा केही सङ्ख्यामा सीमित पत्रकार महिलाको सङ्ख्या अहिले निकै वृद्धि भएको छ । नेपाल पत्रकार महासङ्घको संरचनामा करिब एक दशकअघि र अहिलेसम्मको परिस्थिति हेर्ने हो भने पत्रकार महिलाको सहभागिता निकै आशालाग्दो छ। महासङ्घ यो एक दशकमा पत्रकार महिलालाई साधारण सदस्य हुनका लागि केही विशेष व्यवस्था गर्नेदेखि जिल्ला र केन्द्रीय तहमा महिला नेतृत्वका लागि विशेष आरक्षणको व्यवस्था गर्नसम्म सफल भएको छ।

**पत्रकार महिलाको अवस्था र चुनौती :**

पत्रकारिता आफैँमा चुनौतीपूर्ण पेशा हो । यस क्षेत्रमा महिला हुन् वा पुरुष सबैका लागि धेरै चुनौती हुन्छन् । हाम्रो जस्तो सामाजिक परिवेशमा पत्रकारिता पेशामा महिलाको प्रवेश कमै मात्रामा हुने गर्छ । कुनै समयसीमा नभएको आवश्यक परेको बेलामा जुनसुकै समयमा पनि खट्नुपर्ने पेशा हो, पत्रकारिता । यो १०-५ बजेसम्म मात्र काम गर्ने पेशा होइन । कुनै बेला बिहान, दिउँसो र राति पनि काम गर्नुपर्ने हुन्छ । हाम्रो जस्तो समाजमा महिलाका लागि रातको समयमा घर फर्कनु अर्को चुनौतीको विषय हो । मिडिया हाउसभित्रै पनि महिलामैत्री वातावरण नहुँदा यस पत्रकारिता पेशाका सबै चुनौती सामना गर्न तयार भएर आएका महिला पनि कालान्तरमा पेशा परिवर्तन गर्न बाध्य भएका छन् ।

पत्रकारिता क्षेत्रका विभिन्न पक्षबाट आकर्षित भएर आफ्नो रुचि वा विविध कारणले यस पेशामा थोरै महिला प्रवेश गरेका हुन्छन् । प्रवेश गरिसकेका महिलाका लागि काम गर्ने वातावरण सहज नहुँदा वा भौतिक/आर्थिक असुरक्षाका कारण पनि एकाध वर्षपश्चात कि अर्को राम्रो पेशा पाउनेबित्तिकै यो पेशा छाड्नेको सङ्ख्या बढ्छ कि त पेशामा टिक्न नसकी पलायन हुनेको सङ्ख्या बढ्छ । यस्ता अनेकौँ समस्याका बाबजुद पनि टिकेर काम गरिरहेका महिला पत्रकारका लागि सहज वातावरण भने आफ्नो कार्यथलोमा पाइँदैन । जति महिला पत्रकार पेशामा टिकिरहेका हुन्छन्, उनीहरूलाई नेतृत्वदायी तहमा पुऱ्याउनका लागि सम्बन्धित सञ्चार माध्यमले कुनै खास नीति बनाएका छैनन् । जसका कारण १५/२० वर्ष काम गरिसकेका पत्रकार महिलामध्ये केहीले उत्तरार्द्धमा आएरसमेत पेशाबाट पलायन हुनुपर्ने स्थिति विद्यमान छ ।

**एक दशकको प्रयास**

पत्रकार महासङ्घले आफ्नो संरचनामा महिलाको सदस्यता सङ्ख्या बढाउन एक दशकयता गरेका प्रयास हेर्ने हो भने २०६३ सालमा ५०३५ कुल सदस्यतामध्ये पत्रकार महिला ४३० थिए । २०७४ साल साउन २९ गतेसम्म नेपाल पत्रकार महसङ्घको कुल सदस्य सङ्ख्या १३०४० मध्ये महिलाको सङ्ख्या २३६० छ । २०६३ सालबाट नेतृत्व तहमा जिल्ला सदस्यदेखि सुरु भएको महिलाका लागि सुनिश्चित गरिएका पदमा हालसम्म आउँदा ३ केन्द्रीय सदस्य र सचिव पदमा महिला अनिवार्य गरिएको छ भने समावेशी उपाध्यक्ष पदमा महिलाका लागि पनि उम्मेदवार हुने अवसर प्राप्त छ ।

यसैगरी करिब एक दशकअघिसम्म केही औँलामा गन्न सकिने केन्द्रीय प्रतिनिधि महिला थिए भने अहिले ४ केन्द्रीय सभासद्मध्ये एक अनिवार्य महिला हुनुपर्ने प्रावधानले गर्दा २०७४ साल साउन २९ गतेसम्म १५०५ केन्द्रीय सदस्य सभासद् निर्वाचित भएका छन्, जसमा २७८ केन्द्रीय सभासद् महिला छन् । सङ्ख्यात्मक उपस्थिति र महासङ्घको संरचनामा जिल्लादेखि केन्द्रसम्म महिलाका लागि गरिएका सुनिश्चितताले महिलाको पहुँच निकै बढेको छ ।

**महासङ्घको सदस्य सङ्ख्या**

| क्र.सं. | वर्ष | सदस्य सङ्ख्या | महिला सदस्य |
|---|---|---|---|
| १ | २०६३ | ५०३५ | ४३० |
| २ | २०६६ | ७५०० | ८१८ |
| ३ | २०६८ | ८०१३ | ११६८ |
| ४ | २०७१ | १००७७ | १६१३ |
| ५ | २०७४ | १३०४० (२०७४ साल साउन २९ गतेसम्म) | २३६० (२०७४ साल साउन २९ गतेसम्म) |

महासङ्घको वर्तमान नेतृत्वको समयमा नै चार पार्षद बराबर एक महिला पार्षद अनिवार्य हुने व्यवस्था गरियो । यस्तै जिल्ला कार्यसमितिमा पहिले सदस्यमात्र भएकामा महिला उपाध्यक्ष अनिवार्य हुने व्यवस्था गरियो । यस्तै शाखा र एसोसिएटमा सङ्ख्या बढ्यो । पत्रकार महासङ्घले प्रदान गर्ने पुरस्कार छनोट गर्दा पनि महिलालाई प्राथमिकता दिइने गरिएको छ । लैङ्गिक समानता पत्रकारिता पुरस्कार स्थापना गरिएको छ । महिलाको मुद्दालाई सशक्त ढङ्गले उठाउन सहयोग पुऱ्याउनका लागि २०७३ सालदेखि दुईजना पत्रकारलाई ४०-४० हजार रुपियाँको लैङ्गिक समानता पत्रकारिता पुरस्कार प्रदान गर्न थालिएको हो । अमेरिकास्थिति मदरल्यान्ड नेपाल संस्थासँगको

सहकार्यमा १० लाख रुपियाँको अक्षय कोष स्थापना गरिएको छ। मिडियाको नीति निर्माण, कार्यक्रम, तालिम, फेलोसिपमा पनि महिलालाई प्राथमिकता दिइएको छ। सीमान्तकृत समुदायसँग जोडिएका विभिन्न पक्षलाई सञ्चार माध्यममा ल्याउनका लागि नेपाल पत्रकार महासङ्घ र इन्टरनेसनल अलर्टको सहकार्यमा प्रदान गरिने फेलोसिपमा महिलालाई ५० प्रतिशत प्रदान गरिएको छ।

यस्तै लैङ्गिकमैत्री सञ्चार माध्यम निर्देशिका लागु गर्न पनि महासङ्घले बारम्बार सुझाव र दबाब दिँदै आएको छ। महासङ्घको वर्तमान नेतृत्वका बेलामा नै २०७१ साल जेठमा महिलाको राष्ट्रिय भेला आयोजना गरियो। सम्मेलनले सरकार र सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने उद्देश्यले जेठ ८ गते सञ्चार माध्यम (सरकारी/निजी/सामुदायिक) का समाचार कक्ष लैङ्गिकमैत्री बनाइ प्रकाशन/प्रशारणका विषयवस्तु (कन्टेन्ट) मा समेत त्यसको प्रभाव देखिने वातावरण बनाउन, कार्यथलोमा पत्रकार महिलाको भौतिक असुरक्षा, यौनजन्य हिंसा या दुर्व्यवहारको घटना हुन नदिन भरपर्दो व्यवस्था गर्न र कथम्कदाचित त्यस्ता घटना भएमा तत्काल सुनुवाइ र दोषीमाथि कानुनी कारबाही तथा पीडितलाई न्याय दिलाउन उपयुक्त संयन्त्र बनाइ कार्यान्वयन गर्न, सबैखाले सञ्चार प्रतिष्ठानमा श्रमजीवी पत्रकार ऐन-२०५१ को कार्यान्वयन, त्यसलाई थप लैङ्गिकमैत्री हुनेगरी संशोधन र पत्रकार महिलाको सामाजिक सुरक्षाको प्रत्याभूति गर्नलगायतको ११ बुँदे घोषणापत्र जारी गरेको थियो *(हेर्नुहोस्, अनुसूची-२)*।

त्यस अतिरिक्त पनि महासङ्घले महिला पत्रकारको भेला र छलफल गर्दै आएको छ। यसले पत्रकार महिलाले भोग्नुपरेका समस्या न्यूनीकरण गर्न र भावी योजना बनाउन सहयोग पुऱ्याएको छ।

**अबको बाटो**

अब महासङ्घको संरचनामा वृद्धि भएको पत्रकार महिलाको उपस्थिति र पहुँचलाई कसरी नेतृत्वदायी तहमा थप प्रभावकारी बनाउन सकिन्छ र आमपत्रकार महिलाले भोगिरहेका चुनौती कम गर्दै सङ्ख्यात्मक हिसाबका साथै गुणात्मकतामा पनि कसरी जोड दिन सकिन्छ भन्नेमा ध्यान दिन जरुरी छ। महासङ्घको संरचनामा पत्रकार महिलालाई विभिन्न कोटाबाट आरक्षित गरेर नेतृत्वदायी तहमा ल्याउने वातावरण त बन्दैछ, सँगै खुला प्रतिस्पर्धामार्फत पनि उम्मेद्वार बन्ने र जित्ने वातावरण निर्माणमा पनि जोड दिन आवश्यक छ। पत्रकार महिलालाई सहजरूपमा पेशाामा टिक्ने वातावरण बनाउन उत्तिकै जरुरी छ।

सुरुमा आकर्षणका कारण यस पेशामा प्रवेश गर्ने तर काम गर्ने क्रममा जटिलता बढ्दै गएपछि पेशाबाटै पलायन हुनेमा महिला/पुरुष दुवै छन्। विशेषतः आर्थिक असुरक्षा

नेपाली पत्रकारिताको मुख्य समस्याका रूपमा रहँदै आएको छ। त्यो समस्याको सामना गर्नुपरेका सबै पत्रकार आर्थिक सुरक्षाको खोजीमा पेशा नै परिवर्तन गर्न पनि तयार हुने गरेका छन् । यसर्थ पत्रकार महिला हुन् या पुरुष, सबै पत्रकारलाई यस पेशामा लागेर पनि आर्थिकरूपमा सुरक्षित हुन सकिन्छ भन्ने विश्वास दिलाउन जरुरी छ। जसका लागि मिडिया हाउसहरूले त्यो वातावरण बनाउनुपर्छ। मिडिया हाउसले पत्रकारको श्रमको सम्मान गरेको वा नगरेको विषयमा राज्यले अनुगमन गर्दै कार्यान्वयनका लागि महासङ्घलगायत सबैले दबाब दिनुपर्छ । पहल गर्न सक्दा पत्रकारले आर्थिक असुरक्षाका कारण पेशा परिवर्तन गर्नुपर्ने परिस्थिति न्यून हुन जान्छ। यसकारण मिडियामा सुरक्षित वातावरण हुँदै जाने हो भने पत्रकार महिला कमैले पेशा छोड्लान् ।

भौतिक सुरक्षाको पाटो अर्को महत्वपूर्ण पक्ष हो । मिडिया हाउसदेखि घरसम्म आइपुग्दाको वातावरण सुरक्षित र सहज हुने हो भने पनि क्रमिकरूपमा पत्रकार महिलाको पलायनता कम गर्न सकिन्छ। मिडिया हाउसभित्र काम गर्न सहज वातावरण बनाउन लैङ्गिकमैत्री वातावरण हुन जरुरी छ। जसका लागि सरकारद्वारा नै निर्मित लैङ्गिकमैत्री सञ्चार माध्यम निर्देशिका २०७० कार्यान्वयनमा ल्याउन आवश्यक छ। उक्त निर्देशिका कार्यान्वयन हुने हो भने पत्रकार महिलाले भोगेका समस्यामा धेरै कमी आउन सक्छ। पत्रकारिता क्षेत्रको नेतृत्वदायी तहमा महिलालाई पुऱ्याउन विशेष प्राथमिकतापूर्वक योजना बनाउन जरुरी छ। पत्रकारिता क्षेत्रको नीति निर्माण गर्ने तहको नेतृत्वमा पत्रकार महिलाको सहभागिता बढाउन उत्तिकै आवश्यक छ। जसले गर्दा समग्र पत्रकारिताका साथसाथै लैङ्गिकमैत्री नीतिनियम बन्न सक्छन् ।

**सन्दर्भ सामग्री**

काठमाडौँ घोषणापत्र-२०७१ ।

खड्का, संगीता। २०६६, माघ-चैत। पत्रकार महिलाको मर्म। *संहिता,* (पृ.२७-२८)। काठमाडौँ : प्रेस काउन्सिल नेपाल।

खड्का, संगीता। २०७३, वैशाख २१। सम्भावना खोज्दै पत्रकार महिला। *पत्रकारिता,* (पृ.३०-३१)। काठमाडौँ : नेपाल पत्रकार महासङ्घ।

पौड्याल, बद्री, अधिकारी, हरिकला र केसी, भुवन। सन् २०१५। *व्यावसायिक बनौँ, सुरक्षित रहौँ*। काठमाडौँ : युनेस्को, सञ्चारिका समूह र आइएमएस।

मगर, उजिर । २०७३ । *महासङ्घको कार्यप्रगति, साङ्गठनिक अवस्था र भावी कार्यक्रमसम्बन्धी प्रतिवेदन*। नेपाल पत्रकार महासङ्घ : चितवन।

*सञ्चार प्रतिष्ठानलाई लैङ्गिकमैत्री बनाउने निर्देशिका* (मस्यौदा) ।

# श्रमजीवी पत्रकारका पक्षमा महासङ्घ

**– रोसन पुरी**

**पृष्ठभूमि**

स्थापनादेखि नै नेपाल पत्रकार महासङ्घले पत्रकारको पेशागत अधिकारका क्षेत्रमा निरन्तर काम गर्दै आएको छ। महासङ्घको अग्रसरता र दबाबमा पत्रकारको पेशागत अधिकारका क्षेत्रमा बेला-बेलामा महत्वपूर्ण उपलब्धि हासिल भएका छन् । तर, पत्रकारको पेशागत अधिकारका क्षेत्रमा अझै धेरै काम बाँकी छ।

राजनीतिक तथा सामाजिक क्षेत्रमा आएको परिवर्तनसँगै नेपाली पत्रकारिता क्षेत्रमा पनि उतारचढाव हुँदै आएको छ। २०४६ सालको राजनीतिक व्यवस्था परिवर्तनपछि नेपाली प्रेस व्यावसायिकरूपमा अघि बढ्ने आधार तयार भएको हो । त्यसपछि नेपाली प्रेसले गुणात्मक र सङ्ख्यात्मकरूपमा पनि फड्को मारेको छ । पत्रकारको सङ्ख्यामा भएको वृद्धिले अधिकारका क्षेत्रमा पनि महासङ्घले दबाबमूलक काम गर्न थाल्यो । महासङ्घकै दबाबमा २०५१ सालमा श्रमजीवी पत्रकारसम्बन्धी ऐन जारी भयो। श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ (पहिलो संशोधन २०६४) तथा नियमावली २०५३ (पहिलो संशोधन २०६५) ले श्रमजीवी पत्रकार, कर्मचारी र कामदारका पक्षमा धेरै कुरा व्यवस्था गरेको छ। ऐन र नियमावलीको व्यवस्थाअनुसार श्रमजीवी पत्रकार, सञ्चार प्रतिष्ठानमा कार्यरत कर्मचारी र सञ्चार प्रतिष्ठानमा कार्यरत कामदारको पारिश्रमिक निर्धारण, पारिश्रमिकमा पुनरावलोकन, पदको तहगत वर्गीकरण गर्न न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन हुने व्यवस्था छ ।  जहाँ समितिको पदेन सदस्यका रूपमा नेपाल पत्रकार महासङ्घको अध्यक्ष हुन्छन् । समितिले पत्रकार, कर्मचारी र कामदारको न्यूनतम पारिश्रमिक तोक्नेलगायत विभिन्न काम गरिरहेको छ। तर समितिले सिफारिस गरेका व्यवस्था कार्यान्वयनमा समस्या कायमै छ। ऐनले प्रदान गरेका मूलभूत सेवा, सर्त र सुविधाका विषयमा नेपाल पत्रकार महासङ्घले सरोकार राख्दै आएको छ।

**२०७१ सालमा पत्रकारको अवस्था**

नेपाल पत्रकार महासङ्घको कानुनी डेस्कले दिएको सुविधासमेत प्रयोग गरी केही कानुनी लडाइँ सफल भए पनि पत्रकारका आन्दोलनबाट धेरै सफलता प्राप्त भएका थिएनन् । श्रमजीवी पत्रकारले सामूहिक आन्दोलन गर्ने, नेपाल पत्रकार महासङ्घका

शाखा आफैँ मागपत्र बुझाएर अधिकारका कुरा व्यवस्थापनसँग निर्धक्क राख्न सक्ने र ऐन कार्यान्वयनका लागि सञ्चार माध्यमका व्यवस्थापकसँग कुराकानी गर्न सक्ने अवस्था कमै थियो । महासङ्घको भूमिका पत्रकार र व्यवस्थापनबीच समन्वयकारी हुने अवस्था थियो । महासङ्घले श्रमजीवी पत्रकारको व्यक्तिगत अधिकारको कुरा गर्ने वा पेशागत सुरक्षा खासगरी प्रेस स्वतन्त्रताको मुद्दा उठाउने भन्ने बहस कायमै थियो । यस्तै महासङ्घ ट्रेड युनियन बन्ने कि नबन्ने भन्ने प्रश्न थियो ।

नेपाल पत्रकार महासङ्घसँग समन्वय गरेर न्यूनतम् पारिश्रमिक निर्धारण समितिले २०७० को साउनदेखि देशका ३८ जिल्लाका ९ सय ८० श्रमजीवी पत्रकार, कर्मचारी र कामदार तथा व्यवस्थापकमा गरेको अनुगमन तथा सर्वेक्षणले २६ दशमलव १६ प्रतिशत पत्रकारले नियुक्तिपत्र प्राप्त नगरेको, १४ दशमलव ७२ प्रतिशतले तोकिएको न्यूनतम पारिश्रमिकभन्दा कममा काम गरेको, १८ दशमलव ९८ प्रतिशत अनविज्ञ रहेको देखाएको थियो । यस्तै ४६ दशमलव ३५ प्रतिशतले मात्रै मासिकरूपमा पारिश्रमिक पाउने गरेको र ४७ दशमलव ८ प्रतिशतले ऐनले तोकेका सुविधा प्राप्त नगरेको देखाएको थियो । यस्तै पत्रकार महासङ्घले २०७१/०७२ मा १७ वटा सञ्चार प्रतिष्ठानमा अनुगमन गर्दा पनि ऐन कार्यान्वयन हुन नसकेको, बेलामा तलब नपाएको, सुत्केरी बिदामा बसेका पत्रकारलाई कामबाट निकाल्ने गरेको, साप्ताहिक बिदा नपाएको, एकदिन पनि अनुपस्थित भए तलब काट्नेलगायत समस्या पाइएको थियो ।

**महासङ्घले श्रमका पक्षमा गरेका काम**

पहिलेकै व्यवस्था अर्थात न्यूनतम पारिश्रमिक १० हजार ८ रुपियाँ कार्यान्वयनका लागि एभिन्युज टेलिभिजन र हिमालय टेलिभिजनमा नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिको अगुवाइ र सम्बन्धित प्रतिष्ठान शाखाको आयोजनामा महासङ्घका विभिन्न शाखाको सहभागितामा आन्दोलन गरियो । महासङ्घले योबीचमा श्रमको पक्षका विषयमा कम्युनिकेसन कर्नर प्रतिष्ठानको उज्यालो नेटवर्क, नेपाल न्युज डटकम र क्यापिटल एफएमका व्यवस्थापनसँग छलफल गरी पत्रकारका पक्षमा उदाहरणीय काम गऱ्यो । त्यतिमात्र होइन, पत्रकारले महासङ्घको केन्द्रमा स्थापित कानुनी डेस्कमार्फत श्रम अदालत तथा अन्य अदालतमा मुद्दा लडे । पत्रकार महासङ्घले तीन वर्षमा श्रमजीवी पत्रकारको समस्या समाधानमा पनि उपलब्धिहरू हासिल गरेको छ जुन यसप्रकार छन् :

- ❖ नेपाल पत्रकार महासङ्घ कम्युनिकेसन कर्नर प्रतिष्ठान शाखामा केन्द्रीय सदस्य एवम् प्रतिष्ठान क्षेत्रका सहसंयोजक रोसन पुरी, केन्द्रीय सदस्य दीपेन्द्र कुँवर, माधव दुलाल र प्रतिष्ठान शाखाको सक्रियतामा उदारणीय

श्रम अभ्यास भयो । २०७१ साउन अन्तिम साता त्यहाँ कार्यरत १९ जना पत्रकारलाई कम्पनीले निष्काशन गर्दा उचित रकम लिएर बिदा भए । त्यहाँ कार्यरत पत्रकारका लागि श्रमजीवी पत्रकार ऐन पूर्णरूपमा कार्यान्वयन गर्ने सहमतिका आधारमा रकम लिएर सबै पत्रकार बाहिरिएका हुन् । यसरी बाहिरिँदा एकजना पत्रकारले न्यूनतम १ लाखदेखि ९ लाख रुपियाँसम्म प्राप्त गरे । कम्युनिकेसन कर्नर र उज्यालो मल्टिमिडियामा अवकास योजनामा जाने पत्रकारका लागि सहमतिअनुसार दुई वर्षदेखि ५ वर्षभन्दा बढी काम गरेका पत्रकार तथा कर्मचारीले खाइपाइ आएको तलबको कम्तीमा ४ महिनादेखि बढीमा २० महिनाको तलब एकमुष्ठ लिएर बिदा भए । ५ वर्ष वा योभन्दा बढी काम गरेका कर्मचारीले खाइपाइ आएको तलबअनुसार २० महिनाको तलब पाएका थिए भने ४ वर्षदेखि ५ वर्ष काम गरेकाले १५ महिना, ३ देखि ४ वर्ष काम गरेकाले साढे ७ महिना र २ देखि ३ वर्ष काम गरेकाले ४ महिनाको तलब सुविधा पाएका थिए । कम्युनिकेसन कर्नर प्रतिष्ठान शाखा र संस्थाको व्यवस्थापनबीच विक्रम संवत् २०७१ साल साउन अन्तिम साता सहमति भएको हो ।

- क्यापिटल एफएम काठमाडौँमा कार्यरत पत्रकार शम्भु दङ्गाललाई पारिश्रमिक नदिइ संस्थाबाट निकालेको विषयमा नेपाल पत्रकार महासङ्घले व्यवस्थापन पक्ष र पत्रकार दङ्गालबीचको सहमतिमा बाँकी पारिश्रमिक र अतिरिक्त रकम दङ्गाललाई दिलाएर २०७१ साल भदौमा सहमति गरिएको थियो । सहमतिका आधारमा पाउन बाँकी महिनाको तलबसँगै दङ्गाल अतिरिक्त रकम लिएर संस्थाबाट बिदा भएका थिए ।
- मर्कन्टाइल कम्युनिकेसन प्रालिद्वारा सञ्चालित नेपालन्युजडटकममा कार्यरत श्रमजीवी पत्रकार कर्मचारीलाई थाहै नदिइ व्यवस्थापन पक्षले २०७१ साल पुसको २६ गते न्युजसाइट बन्द गर्‍यो । नेपाल पत्रकार महासङ्घसँगको समन्वयमा श्रमजीवी पत्रकार र कर्मचारीले समाचार कक्षमै धर्ना सुरु गरे । नेपाल पत्रकार महासङ्घको श्रमजीवी पत्रकार हितसम्बन्धी समितिले मर्कन्टाइल कम्युनिकेसनद्वारा सञ्चालित पत्रकारको आन्दोलनमा ऐक्यबद्धता जनायो । आन्दोलनमा सरिक भएका पत्रकारको पक्षमा महासङ्घको निरन्तर सहयोगका कारण पत्रकारहरू संस्थाबाट बाहिरिँदा अतिरिक्त रकम लिन सफल भए । रित्तो हात फर्किनुपर्ने अवस्थामा महासङ्घको उपस्थितिले पत्रकार तथा कर्मचारीले रोजगारी चाहनेले अन्यत्र काम गर्न पाउने र निश्चित

अतिरिक्त रकम लिएर बिदा हुन चाहनेले संस्थाबाट रकम लिएर बिदा हुने वातावरण सिर्जना भयो । चार हप्तासम्म भएको आन्दोलनपछि २०७१ माघ २५ गते भएको सहमतिअनुसार ६ महिनासम्म काम गरेका पत्रकार कर्मचारीले ५० हजार रुपियाँ पाए भने १० वर्षभन्दा बढी समयदेखि कार्यरत पत्रकार र कर्मचारीले ५ लाख रुपियाँ पाए । नेपालन्युजमा ५ लाखको आर्थिक प्याकेज पाउने तीनजना थिए ।

- ❖ श्रमजीवी पत्रकार ऐन पूर्णरूपमा कार्यान्वयनका लागि सरकार र सञ्चार व्यवस्थापकलाई दबाब दिनेगरी महासङ्घले व्यवस्थापिका-संसद्को विकास समितिमा उजुरी दिएको थियो । उजुरीउपर समितिले २०७१ साल चैत १० गते बोलाएको बैठकमा महासङ्घका अध्यक्षले श्रमजीवी पत्रकारको अवस्था दयनीय रहेको विवरण पेश गरेपछि समितिका सदस्य सांसदहरूले ऐन कार्यान्वयन नगरेको भन्दै सूचना तथा सञ्चार मन्त्रालयको चर्को आलोचना गरे । छलफलमा तत्कालीन सूचना तथा सञ्चार मन्त्री डा. मीनेन्द्र रिजाल, संसद्को विकास समितिका सभापति रवीन्द्र अधिकारी, समिति सदस्य सांसदहरू, नेपाल पत्रकार महासङ्घका अध्यक्ष, महासचिवलगायत पदाधिकारी तथा सदस्यहरू, महासङ्घका पूर्वअध्यक्ष शिव गाउँले, महासङ्घका पूर्वसभापति सुरेश आचार्य, प्रेस काउन्सिलका तत्कालीन अध्यक्ष बोर्णबहादुर कार्की, न्यूनतम पारिश्रमिक निर्धारण समितिका तत्कालीन अध्यक्ष खेम भण्डारी, श्रम विज्ञ रमेश बडाल, सूचना विभागका महानिर्देशकलगायत सरोकारवाला निकायका प्रतिनिधिको उपस्थिति थियो । छलफलमा सांसदहरूले ठूला मिडियाका सामु सरकार लाचार भएकाले समस्या उत्पन्न भएको भन्दै सरकारको आलोचना गरेका थिए । छलफलका आधारमा संसद्को विकास समितिले श्रमजीवी पत्रकार ऐन तथा नियमावलीका प्रावधान कार्यान्वयनको अवस्था अध्ययन गरी तीन महिनाभित्र समितिलाई प्रतिवेदन बुझाउन सरकारलाई निर्देशन दियो । ऐन संशोधन गर्न, पत्रकारको वर्गीकरण गर्न र ऐन कार्यान्वयन नगर्ने सञ्चार गृहलाई कारबाहीको दायरामा ल्याउन सरकारलाई निर्देशन दिएको थियो । तर सरकारले समितिको निर्णय कार्यान्वयन भने गरेको छैन ।
- ❖ व्यवस्थापिका-संसद्को विकास समितिले श्रमजीवी पत्रकारका सम्बन्धमा विभिन्न निर्देशन दिए पनि लामो समयसम्म अर्थात अहिलेसम्म पनि त्यसको फलोअप हुन सकेको छैन । विकास समितिले समेत यो मुद्दालाई

तीन महिनापछि छलफलमा बोलाउने भने पनि त्यसो हुन सकेन । श्रमजीवी पत्रकार ऐन कार्यान्वयनमा कुनै पनि प्रगति नभएपछि महासङ्घका केन्द्रीय सदस्य रोसन पुरीले संसद्को अर्को समिति अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिमा निवेदन दिएअनुसार समितिले पटकपटक यो विषयमा छलफल गऱ्यो । समितिले दिएको निर्देशनअनुसार ढिलै भए पनि सूचना तथा सञ्चार मन्त्रालयले २०७४ साल असारमा श्रमजीवी पत्रकारको अवस्थासम्बन्धी प्रतिवेदन तयार पाऱ्यो । समितिले २०७३ भदौ २० गते न्यूनतम पारिश्रमिक लागु नगर्ने सञ्चार गृहहरूलाई सरकारी सुविधा नदिन सञ्चार मन्त्रालयलाई निर्देशन दियो । समितिको पछिल्लो बैठकबाट पत्रकारलाई न्यूनतम पारिश्रमिक नदिने सञ्चारगृहलाई सरकारले दिने प्रेस पास, लोककल्याणकारी विज्ञापन, सरकारी विज्ञापनलगायतका सुविधा नदिन सञ्चार मन्त्रालयलाई निर्देशन दिइएको छ । समितिको निर्देशनअनुसार नै मन्त्रालयले न्यूनतम पारिश्रमिकको अनुगमन गर्न तीनवटा उपसमिति र ती उपसमितिहरूलाई मार्गदर्शन, सहजीकरण र निर्देशन गर्न निर्देशन समिति गठन गरिएको थियो । तर समितिका अन्य निर्णय अहिले पनि कार्यान्वयन हुन सकेका छैनन् । श्रम समितिका पटकपटकको बैठकमा समिति सभापति प्रभु साह, पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल, तत्कालीन सञ्चार मन्त्रीहरू डा. मीनेन्द्र रिजाल, सुरेन्द्रकुमार कार्की, समिति सदस्य एवम् सांसदहरू, सरकारका विभिन्न विभागका प्रमुखहरू, नेपाल पत्रकार महासङ्घका अध्यक्ष डा. महेन्द्र विष्ट, उपाध्यक्षद्वय खिलबहादुर भण्डारी र अनिता विन्दु, महासचिव उजीर मगर, सचिव ध्रुव लम्साल, कोषाध्यक्ष सूर्यमणि गौतम, उजुरीकर्ता केन्द्रीय सदस्य रोसन पुरी, दीपेन्द्र कुँवर, राजु लामालगायत सहभागी थिए ।

❖ नेपाल पत्रकार महासङ्घको २०७२ जेठ ३१ गतेको बैठकले हिमालय टेलिभिजन र एभिन्युज टेलिभिजन प्रतिष्ठान शाखामा आन्दोलनका कार्यक्रम घोषणा गऱ्यो । ती टिभीमा लामो समयदेखि पत्रकार तथा कर्मचारीले पारिश्रमिकसमेत नपाइरहेको अवस्थामा श्रमसम्बन्धी माग राखेर कार्यस्थलमै धर्ना दिइएको थियो । दुवै टेलिभिजनमा भएका धर्नाका कार्यक्रममा महासङ्घका अध्यक्षसहित केन्द्रीय समिति, पूर्वअध्यक्ष, सल्लाहकार, महासङ्घका विभिन्न शाखाको समेत प्रत्यक्ष संलग्नता थियो । आन्दोलनकै कारण दुवै टेलिभिजनका व्यवस्थापक श्रमजीवी पत्रकार ऐन कार्यान्वयन

गर्न र रोकिएको तलब तत्काल दिन सहमत भएका थिए । महासङ्घको उपस्थितिमा दुवै टेलिभिजनमा महासङ्घको सम्बन्धित प्रतिष्ठान शाखा र व्यवस्थापनबीच लिखित सहमति भएको हो । आन्दोलनकै कारण शाखाका पदाधिकारीलाई पूर्वाग्रही ढङ्गले सरुवा गर्ने, स्पस्टीकरण माग्ने जस्ता कामसमेत रोकिएका छन् । महासङ्घको २०७२ जेठ ३० गते सिन्धुपाल्चोकको चौतारामा सम्पन्न पाँचौँ केन्द्रीय समिति बैठकको निर्णयअनुसार २०७२ असार १ गते बिहान १० बजेदेखि ११ बजेसम्म हिमालय टेलिभिजन र एभिन्युज टेलिभिजनमा दिउँसो १२ बजे १ बजेसम्म धर्ना दिइएको थियो । धर्नालगत्तै दुवै टेलिभिजनमा वार्ता भयो । वार्तामा अध्यक्ष डा. महेन्द्र विष्ट, उपाध्यक्ष खिलबहादुर भण्डारी र अनिता विन्दु, महासचिव उजिर मगर, सचिवहरू प्रभात चलाउने, संगीता खड्का र ध्रुव लम्साल, कोषाध्यक्ष सूर्यमणि गौतम, लेखा समिति संयोजक दीपक पाण्डे, केन्द्रीय सदस्यहरू रोसन पुरी, दीपेन्द्र कुँवर, सुरज आचार्य, प्रकाश तिमिल्सिना, खगेन्द्र पन्त, महासङ्घका सम्बन्धित शाखाका अध्यक्ष, हिमालयका अध्यक्ष वाइपी घिमिरे र एभिन्युजका अध्यक्ष विष्णुबहादुर बस्नेत सहभागी थिए । एभिन्युज टेलिभिजनमा आन्दोलनकै दिन र हिमालय टेलिभिजनमा भोलिपल्टमात्र सहमति भएको थियो । महासङ्घले सङ्घर्षका कार्यक्रम सफल बनाउनका लागि सहभागिता जनाउन उपत्यकाका तीनवटै शाखा, ४२ प्रतिष्ठान र १० एसोसिएट शाखाका पदाधिकारीलाई अनिवार्य उपस्थिति हुन अपिल गर्‍यो । महासङ्घको चौतारा बैठकले श्रमको पक्षमा शाखाका एकजना पत्रकारले पनि आन्दोलन गरेको अवस्थामा उसलाई साथ दिनेसमेत निर्णय भएको थियो ।

❖ हिमालय टेलिभिजन र एभिन्युज टेलिभिजनका पत्रकारले आन्दोलन थालेपछि पत्रकारले अधिकारका पक्षमा खुलेरै कुरा गर्न थाले । माउन्टेन टेलिभिजनमा २०७२ असार ५ गते माउन्टेन टेलिभिजन प्रतिष्ठान शाखाले सूचना पाटीमा सूचना टाँसी आन्दोलनका कार्यक्रम, माग र मिडिया व्यवस्थापनले याद गर्नुपर्ने विषय सार्वजनिक गर्‍यो । नेपाल पत्रकार महासङ्घ केन्द्रीय समिति नै पत्रकारको आन्दोलनका पक्षमा फिल्डमा उत्रिएपछि एकपछि अर्को टेलिभिजनका समस्या बाहिरसमेत आएका थिए । एभिन्युज टेलिभिजन र हिमालयमा भएका पत्रकारका आन्दोलनका समाचार बजाउन व्यवस्थापनले रोक लगाएपछि माउन्टेन टेलिभिजनमा पत्रकार-व्यवस्थापनबीच लामो

समयद्वन्द्व रह्यो । जेठ २२ गते त्यहाँका ५२ जना पत्रकारले संयुक्त विज्ञप्ति निकालेर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा अङ्कुश लगाउने प्रवृत्तिको चर्को आलोचना गरेका थिए । माउन्टेन टेलिभिजनका पत्रकारको माग अरुजस्तै भए पनि आन्दोलनको तरिका भने अलि फरक देखिएको थियो । हस्ताक्षर अभियान, सिट्टी बजाउने, कालोपट्टी बाँधेर काम गर्ने र धर्ना दिनेलगायतका सङ्घर्षका कार्यक्रम सार्वजनिक गरिएको थियो । त्यतिमात्र होइन, माउन्टेन टेलिभिजनका पत्रकारले सञ्चालकलाई ध्यानाकर्षण र चेतावनीसमेत दिएका थिए । 'याद गर' शीर्षकमा पत्रकारले विभिन्न ६ विषयमा व्यवस्थापनलाई चेतावनी दिएका थिए । पत्रकार कर्मचारीको आँसु र पसिनाले बगाउन सक्छ, घरबेटीले भाडा मागे के भन्ने ? पसलेले उधारो नदिए के गर्ने ? जस्ता प्रश्न पनि उठाइएको थियो । पत्रकारले आन्दोलन थालेपछि व्यवस्थापनले सहमति गरेको थियो तर सहमति कार्यान्वयन नभएपछि पत्रकारले आन्दोलन थालेका थिए । त्यसरी आन्दोलनमा उत्रिएका पत्रकारलाई व्यवस्थापनले जागिरबाट हटाएको थियो । त्यसमध्ये एक जना महासङ्घको कानुनी डेस्कको सहायताले पुनर्स्थापित भए भने केहीको मुद्दा विचाराधीन छ । केहीले जागिर छाड्नुपऱ्यो भने केहीले पेशा नै परिवर्तन गरे । अहिले पनि महासङ्घ त्यहाँका श्रमजीवी पत्रकारका पक्षमा क्रियाशील छ ।

- नेपाल पत्रकार महासङ्घ प्रतिष्ठान क्षेत्रको संयोजनमा राजधानी दैनिक प्रतिष्ठान शाखाले समेत श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि आन्दोलन गरेको थियो । न्यूनतम पारिश्रमिक, विभिन्न प्रकारका सेवा/सुविधा, तलव वृद्धिलगायतका माग राखेर राजधानी दैनिक प्रतिष्ठान शाखाको आह्वानमा आन्दोलन भएको हो । विक्रम संवत् २०७२ असार १७ गते बिहीबार बेलुकी ७ बजेदेखि आधा घन्टासम्म पत्रकारले पेन डाउन कार्यक्रम गरेका थिए । महासङ्घका सचिव ध्रुव लम्साल, केन्द्रीय सदस्य रोसन पुरी र दीपेन्द्र कुँवरको उपस्थिति तथा प्रतिष्ठान शाखाका अध्यक्ष रामसुदन तिमिल्सिनाको संयोजनमा भएको कार्यक्रममा त्यहाँ कार्यरत श्रमजीवी पत्रकार सहभागी थिए । राजधानी न्युज पब्लिकेसन प्रालिका अध्यक्ष महेन्द्र शेरचनलाई बुझाइएको १८ बुँदे मागपत्र सम्बोधन नगरेपछि पत्रकारले थप आन्दोलन घोषणा गर्ने तयारी गरेपछि व्यवस्थापनले वार्ताका लागि आग्रह गरेको थियो । त्यही आग्रहअनुसार २०७२ असार १८ गते संस्थाका प्रमुख कार्यकारी अधिकृत आशीष शेरचन व्यवस्थापन पक्ष र नेपाल पत्रकार महासङ्घका

केन्द्रीय महासचिव उजिर मगर र सचिव ध्रुव लम्सालको रोहवरमा सहमति भयो । २०७२ साल साउन १ गतेदेखि विनियमावली पूर्णरूपमा कार्यान्वयन गर्ने, श्रमजीवी पत्रकार तथा कर्मचारीलाई नियमित तलवको व्यवस्था गर्ने र शाखाले राखेका माग क्रमशः पूरा गर्दै जाने सहमति भएको थियो ।

❖ माउन्टेन टेलिभिजनले जबर्जस्ती कामबाट निकालेका एकजना पत्रकारले महासङ्घको पहलमा श्रम अदालतबाट न्याय पाए । श्रम अदालतले २०७२ साल असार ३१ गते जबर्जस्ती कामबाट निकालिएका क्यामेरा पर्सन भवानी शिलाकारलाई पुनर्बहाली गर्दै १६ महिनाको पारिश्रमिक तथा अन्य सुविधा दिन माउन्टेन टेलिभिजनका नाममा निर्देशन दियो । शिलाकारलाई दिइएको अवकाशसमेत बदर गरियो । सिनियर क्यामेरा पर्सन पदमा कार्यरत शिलाकारलाई माउन्टेन टेलिभिजनमा तलब माग गर्दै भएको पत्रकारको आन्दोलनका क्रममा टेलिभिजनले निष्काशन गरेको थियो । उनलाई नेपाल पत्रकार महासङ्घको कानुनी सहायता कक्षले सबै प्रकारको कानुनी सहायता उपलब्ध गराएको थियो ।

**पत्रकार महासङ्घको कानुनी डेस्कको रिपोर्ट**

| | | | | |
|---|---|---|---|---|
| १ | सत्यराम पराजुली | | मजदुर आवाज | परामर्श |
| २ | (नाम नखुलाइएको) | करणी | | सर्वोच्च अदालत |
| ३ | मेट्रो | स्थायी | | परामर्श |
| ४ | रामहरि पाण्डे | पारिश्रमिक | नेपाली श्रम | प्रेस रजिस्टार |
| ५ | गोकर्ण भट्ट | विद्युतीय कारोवार | | जिल्ला अदालत काठमाडौं |
| ६ | भद्रगोल राई | विद्युतीय कारोवार | नेपाल सरकार | काठमाडौं जिल्ला अदालतबाट फैसला भई सफाइ पाएको । |
| ७ | चिन्तामणि पौडेल | तलव भत्ता रोक | अन्नपूर्ण पोस्ट चितवन संवाददाता | प्रेस रजिस्टार |

| | | | | |
|---|---|---|---|---|
| ८ | कृष्णबहादुर थापा | हाजिर गराइ काममा लगाइपाउँ | एबिसी टेलिभिजन | प्रेस रजिस्टार केही रकम पाइसकेको |
| ९ | शम्भु दङ्गाल | हाजिर गराइपाउँ | क्यापिटल एफएम | मिलापत्र भइसकेको |
| १० | सगरमाथा एफएम | स्थायीलाई करार मानिएको सम्बन्धमा | | पुरानोअनुसार स्थायी भई मिलिसकेको |
| ११ | नेपाल पत्रकार महासङ्घ | उत्प्रेषण | नवराज पहाडी | सर्वोच्चमा चलिरहेको |
| १२ | जयराम बास्कोटा | स्थायी | | परामर्श |
| १३ | नेपाल न्युज | हाजिर गराइपाउँ | व्यवस्थापक | परामर्श मिति २०७१/१०/८ |
| १४ | प्रदीप खतिवडासमेत | चेक अनादर | सौर्य दैनिक | जिल्ला अदालतमा फैसला भई पत्रकारले पक्षमा फैसला भएको रकम पाइसकेको । |
| १५ | वाइपि आचार्य | स्थायी नियुक्ति सम्बन्धमा | हिमालयन टेलिभिजन | परामर्शसहित प्रेस रजिस्टारमा निवेदन |
| १६ | भवानी शिलाकारसमेतका साथीहरूसमक्ष | अवकाश गरेको सन्दर्भमा | माउन्टेन टेलिभिजन | परामर्श |
| १७ | अर्जुन थपलियासमेत | विद्युतीय कारोवार | नेपाल सरकार | का.जि.अ.बाट सफाइ पाएको |
| १८ | रामकला खड्का | गाली बेइज्जती | अन्नपूर्ण पोस्टमा कार्यरत | का.जि.अ. परामर्श |

| | | | | |
|---|---|---|---|---|
| १९ | माउन्टेनटेलिभिजनका श्रमजीवी पत्रकार हरूको | कर्मचारी विनियमावलीको अध्ययन तथा परामर्श उपलब्ध गराएको | | परामर्श |
| २० | भवानी शिलाकार | अवकास बदर | माउन्टेन टेलिभिजन | श्रम अदालतमा मुद्दा दर्ता भई चलिरहेको |
| २१ | हरिशरण न्यौपाने | हाजिर गरिपाउँ | माउन्टेन टिभी | श्रम कार्यालयबाट सेवा/सुविधासहित हाजिरीको फैसला |
| २२ | केशव अधिकारी | गाली बेइज्जती | | का.जि.अ.मा चलिरहेको |
| २३ | प्रदीपमान सिंह | पारिश्रमिक रोक्का | एभिन्युज टिभी | पारिश्रमिक रोक्का रहेकामा परामर्श |
| २४ | सिर्जना कुइँकेल | सरुवाबारे | माउन्टेन टिभी | सरुवासम्बन्धी परामर्श |
| २५ | लक्ष्मणदत्त जोशी (क्यामरा पर्सन) | हाजिर हुन नदिएको | माउन्टेन टिभी | परामर्श |
| २६ | निरु | अवकाश | कारोबार | परामर्श |
| २७ | धमेन्द्र कर्ण | नियुक्ति | कारोबार | परामर्श |
| २८ | रमेश श्रेष्ठ | तलव भत्ता | टिभी त्रिशूली | परामर्श |
| २९ | दीपेश श्रेष्ठ | अवकाश | माउन्टेन टिभी | सेवा/सुविधासहित पुनर्बहालीको फैसला भएको। |
| ३० | पारसविक्रम शाही | अवकाश | कान्तिपुर टेलिभिजन नेटवर्क प्रालि | श्रम अदालतमा मुद्दा चलिरहेको । |

| | | | | |
|---|---|---|---|---|
| ३१ | भवानी शिलाकारसमेतका साथीहरू समक्ष | अवकाश दिएको सर्न्दभमा | माउन्टेन टेलिभिजन | परामर्श |
| ३२ | अर्जुन थपलियासमेत | विद्युतीय कारोबार | नेपाल सरकार | का.जि.अ.बाट सफाइ पाएको |

- नेपाल पत्रकार महासङ्घले श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि तत्कालीन सूचना तथा सञ्चार मन्त्री डा. मीनेन्द्र रिजाल, सूचना तथा सञ्चार प्रविधि मन्त्री शेरधन राई, तत्कालीन सूचना तथा सञ्चार मन्त्री सुरेन्द्र कार्की तथा वर्तमान सूचना तथा सञ्चार मन्त्री मोहनबहादुर बस्नेतसँग औपचारिक तथा अनौपचारिक छलफल गर्‍यो । यसअघिका सञ्चार मन्त्रीहरूलाई बुझाइएका ध्यानाकर्षणपत्रमा श्रमजीवी पत्रकार ऐन कार्यान्वयनलाई मुख्य विषयवस्तु बनाइएको थियो । श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको प्रतिस्पर्धात्मक क्षमता र वृत्ति विकासको अवसर सुनिश्चित गर्दै सञ्चार प्रतिष्ठानमा सेवा सुरु गरेको दिनदेखि नै सेवाका सर्त र सुविधा खुलेको नियुक्तिपत्र, न्यूनतम पारिश्रमिक, बिदा, वार्षिक वृद्धि, औषधोपचार, बिमा, उपदानलगायतका श्रमजीवी पत्रकार ऐनले व्यवस्था गरेका सुविधाहरू पाउनेगरी श्रम समस्या समाधानको पहल गर्न उल्लेख गरिएको थियो । तर पनि सरकारले ऐन कार्यान्वयनका लागि अहिले पनि प्रभावकारीरूपमा काम गर्न सकेको छैन ।
- व्यवस्थापिका-संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले समेत यस विषयमा गम्भीर चिन्ता र चासो लिई सरकारलाई सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी र कामदारहरूलाई पारिश्रमिक उपलब्ध गराउन र श्रमजीवी पत्रकारसम्बन्धी ऐन कार्यान्वयन गर्न निर्देशन दिएको एक वर्षपछि २०७३ भदौ २० गतेमात्र सूचना तथा सञ्चार मन्त्रालयले विभिन्न समिति बनाएर सञ्चार प्रतिष्ठानको अनुगमन गर्‍यो ।

**पछिल्लो अवस्था**

सिन्धुपाल्चोक सदरमुकाम चौतारामा २०७२ साल जेठ ३० गते बसेको नेपाल पत्रकार महासङ्घको बैठकले मुद्रास्फीति दर र दैनिक जीवनयापनका आधारमा विद्यमान न्यूनतम पारिश्रमिकमा तत्काल पुनरावलोकन गरी २० हजार रुपियाँ हुनुपर्ने माग राख्ने निर्णय गर्‍यो *(हेर्नुहोस्, अनुसूची-३)* ।  श्रमजीवी पत्रकार ऐनका अन्य व्यवस्थाको

कार्यान्वयन र प्रत्येक वर्ष मुद्रास्फीति दरअनुसार स्वतः मिलान हुने प्रावधानसहित यसलाई टुङ्गो लगाउन पहल गर्ने निर्णय बैठकले गऱ्यो। यस्तै सरोकारवाला पक्षसँगको वार्ताका आधारमा वृद्धि अङ्क टुङ्गो लगाउने जिम्मेवारी सचिवालयलाई दिने निर्णय पनि गऱ्यो। सोहीअनुसार महासङ्घले दबाब सिर्जना गरेका थियो। न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिसमा सरकारले २०७३ साल असार २८ गते नेपाल राजपत्रमा न्यूनतम पारिश्रमिकसम्बन्धी नयाँ व्यवस्था प्रकाशित गऱ्यो। जसमा ऐन पूर्ण कार्यान्वयन हुने राष्ट्रिय मिडियामा १९ हजार ५ सय रुपियाँ र अन्य सञ्चार प्रतिष्ठानका श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक १४ हजार १ सय रुपियाँ उल्लेख गरियो।

न्यूनतम पारिश्रमिक निर्धारण समितिले २०७४ साउन १५ गते सरकारलाई बुझाएको प्रतिवेदनअनुसार पनि पत्रकारको नियुक्ति, न्यूनतम पारिश्रमिक कार्यान्वयन, समयमा पारिश्रमिक भुक्तानीलगायत श्रमजीवी पत्रकारसम्बन्धी ऐनका प्रावधान कार्यान्वयनमा सुधार भए पनि समस्या देखिन्छ। समितिले पत्रकार महासङ्घको केन्द्र र ३८ वटा शाखासँगको समन्वयमा ६० जिल्लाका रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइन गरी सबैखाले सञ्चार प्रतिष्ठान समेटिने गरी ७ सय ५६ जना श्रमजीवी पत्रकार, कर्मचारी र कामदारबीच गरेको सर्वेक्षण नतिजाअनुसार तोकेबमोजिम न्यूनतम पारिश्रमिक नपाउनेको सङ्ख्या ३२ दशमलव ३ प्रतिशत छ। ऐनले तोकेको न्यूनतम पारिश्रमिक मात्र पाउने ३५ दशमलव ७ प्रतिशत छन् भने तोकेभन्दा बढी पाउनेको सङ्ख्या ३२ प्रतिशत छ। ५७ दशमलव ७ प्रतिशत सञ्चार प्रतिष्ठानले ऐनले तोकेको सेवा/सुविधा दिएका छैनन्।

**समूह/माध्यमअनुसार नियुक्तिपत्रको अवस्था**

| समूह/माध्यम | छ | | छैन | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| प्रदेश नं. १ | ५७ | ६६.३ | २९ | ३३.७ |
| प्रदेश नं. २ | ३८ | ६०.३ | २५ | ३९.७ |
| प्रदेश नं. ३ (उपत्यकाबाहेक) | २३ | ६९.७ | १० | ३०.३ |
| प्रदेश नं. ४ | ५५ | ६०.४ | ३६ | ३९.६ |
| प्रदेश नं. ५ | ७१ | ७५.५ | २३ | २४.५ |
| प्रदेश नं. ६ | ४ | ४०.० | ६ | ६०.० |
| प्रदेश नं. ७ | ३६ | ६९.२ | १६ | ३०.८ |

| | | | | |
|---|---|---|---|---|
| उपत्यका | २७७ | ८४.७ | ५० | १५.३ |
| जम्मा | ५६१ | ७४.२ | १९५ | २५.८ |
| | | | | |
| पत्रपत्रिका | १८७ | ७२.५ | ७१ | २७.५ |
| रेडियो | १३९ | ६४.४ | ७७ | ३५.६ |
| टेलिभिजन | १८४ | ८४.८ | ३३ | १५.२ |
| अनलाइन | ५१ | ७८.५ | १४ | २१.५ |
| जम्मा | ५६१ | ७४.२ | १९५ | २५.८ |

**समूह/माध्यमअनुसार पारिश्रमिक स्थिति**

| समूह माध्यम | तोकिएको न्यूनतम पारिश्रमिकभन्दा कम | | तोकिए जति | | तोकिएभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| प्रदेश नं. १ | ३४ | ३९.५ | ३५ | ४०.७ | १७ | १९.८ |
| प्रदेश नं. २ | ३५ | ५५.६ | २२ | ३४.९ | ६ | ९.५ |
| प्रदेश नं. ३ (उपत्यकाबाहेक) | १५ | ४५.५ | ९ | २७.३ | ९ | २७.३ |
| प्रदेश नं. ४ | ३७ | ४०.७ | ३२ | ३५.२ | २२ | २४.२ |
| प्रदेश नं. ५ | ४० | ४२.६ | ३२ | ३४.० | २२ | २४.४ |
| प्रदेश नं. ६ | ६ | ६०.० | २ | २०.० | २ | २०.० |
| प्रदेश नं. ७ | १८ | ३४.६ | २१ | ४०.४ | १३ | २५.० |
| उपत्यका | ५९ | १८.० | ११७ | ३५.८ | १५१ | ४६.२ |
| जम्मा | २४४ | ३२.३ | २७० | ३५.७ | २४२ | ३२.० |
| | | | | | | |
| पत्रपत्रिका | ८४ | ३२.६ | ९७ | ३७.६ | ७७ | २९.८ |
| रेडियो | ९२ | ४२.६ | ७६ | ३५.२ | ४८ | २२.२ |
| टेलिभिजन | ५४ | २४.९ | ८१ | ३७.३ | ८२ | ३७.८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अनलाइन | १४ | २१.५ | १६ | २४.६ | ३५ | ५३.८ |
| जम्मा | २४४ | ३२.३ | २७० | ३५.७ | २४२ | ३२.० |

**समूह/माध्यमअनुसार पारिश्रमिक भुक्तानी स्थिति**

| समूह/माध्यम | हरेक महिना नियमित | | दुई महिनामा एकपटक | | तीन महिनामा एक पटक वा सोभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| प्रदेश नं. ज्ञ | ३७ | ४३.० | १० | ११.६ | ३९ | ४५.३ |
| प्रदेश नं. द्द | ३९ | ६१.९ | ९ | १४.३ | १५ | २३.८ |
| प्रदेश नं. ३ (उपत्यकाबाहेक) | १९ | ५७.६ | ३ | ९.१ | ११ | ३३.३ |
| प्रदेश नं. ४ | ६७ | ७३.६ | ६ | ६.६ | १८ | १९.८ |
| प्रदेश नं. ५ | ५२ | ५५.३ | ६ | ६.४ | ३६ | ३८.३ |
| प्रदेश नं. ६ | ३ | ३०.० | २ | २०.० | ५ | ५०.० |
| प्रदेश नं. ७ | ३१ | ५९.६ | ५ | ९.६ | १६ | ३०.८ |
| उपत्यका | २५८ | ७८.९ | ३४ | १०.४ | ३५ | १०.७ |
| जम्मा | ५०६ | ६६.९ | ७५ | ९.९ | १७५ | २३.१ |
| | | | | | | |
| पत्रपत्रिका | १७९ | ६९.४ | ३० | ११.६ | ४९ | १९.० |
| रेडियो | १३२ | ६१.१ | १९ | ८.८ | ६५ | ३०.१ |
| टेलिभिजन | १४३ | ६५.९ | २२ | १०.१ | ५२ | २४.० |
| अनलाइन | ५२ | ८०.० | ४ | ६.२ | ९ | १३.८ |
| जम्मा | ५०६ | ६६.९ | ७५ | ९.९ | १७५ | २३.१ |

*स्रोत : न्यूनतम पारिश्रमिक निर्धारण समिति, २०७४ ।*

कैयौँ मिडिया सञ्चालकले पुनरवलोकन गरिएको पारिश्रमिक लागु गर्न र श्रमजीवी पत्रकारसम्बन्धी ऐनले तोकेका प्रावधान कार्यान्वयन गर्न सकारात्मक भूमिका निर्वाह गरेका छैनन् । व्यवस्थापिका-संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले समेत

यस विषयमा गम्भीर चिन्ता र चासो लिई सरकारलाई सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई पारिश्रमिक उपलब्ध गराउन र श्रमजीवी पत्रकारसम्बन्धी ऐन कार्यान्वयन गर्न निर्देशन दिएको थियो । त्यसपछि मन्त्रालयले समिति बनाएर सञ्चार प्रतिष्ठानको अनुगमन गरे पनि ऐन कार्यान्वयनका लागि सरकारले समेत प्रभावकारी काम गर्न सकेको छैन ।

**निष्कर्ष**

पत्रकार महासङ्घले श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि तीन वर्षमा छलफल, आन्दोलन, दबाबमूलक कार्यक्रम गऱ्यो । न्यूनतम पारिश्रमिक निर्धारण समिति र महासङ्घको पहलमा तथा पटकपटकका छलफलका आधारमा पत्रकारको न्यूनतम पारिश्रमिकमा पुनरावलोकन गरिएको हो । तर ऐनको प्रभावकारी कार्यान्वयनमा समस्या कायमै छ । यसको पछाडि सरकार नै मुख्य जिम्मेवार देखिन्छ । किनकि ऐन कार्यान्वयन गराउने मुख्य भूमिका सरकारकै हो । ऐन कार्यान्वयनका लागि सञ्चार माध्यमहरूलाई बाध्यकारी व्यवस्था लागु गर्न आवश्यक छ । ऐन कार्यान्वयन नगर्ने सञ्चार माध्यमलाई सबै प्रकारका सरकारी विज्ञापन तथा सुविधा रोक्न दबाब दिनुपर्छ । प्रेस पासमा कडाइ, नियुक्तिपत्र दुईथरी बनाउने सञ्चार माध्यमलाई कारबाहीका लागि उजुरी दिने, पत्रकारलाई तलब दिएको कुरा ब्याङ्क भौचरसहित सरकारी निकायमा बुझाउनुपर्ने बाध्यकारी व्यवस्थाका लागि लबिङ गर्नु, सञ्चार प्रतिष्ठानमा अनिवार्यरूपमा दरबन्दी कायम गर्न, हरेक वर्ष नेपाल राष्ट्र ब्याङ्कको मूल्य वृद्धि प्रक्षेपण प्रतिवेदनका आधारमा तलब बढ्ने व्यवस्था लागु गर्न दबाब दिने जस्ता कामलाई प्राथमिकतामा राख्नुपर्छ । आफ्नो अधिकारका लागि पत्रकार पनि सेचत हुन जरुरी छ । महासङ्घले बलियो ट्रेड युनियनको भूमिका निर्वाह गर्नुपर्छ ।

**सन्दर्भ सामग्री**

दाहाल, काशीराज । २०५८ । *आमसञ्चार र कानुन* । काठमाडौँ : नेपाल प्रेस इन्स्टिच्युट ।

मगर, उजिर । २०७३ । *महासङ्घको कार्यप्रगति, साङ्गठनिक अवस्था र भावी कार्यक्रमसम्बन्धी प्रतिवेदन* । नेपाल पत्रकार महासङ्घ : चितवन ।

*श्रमजीवी पत्रकार मिडियासम्बन्धी प्रतिवेदन, २०७२* । Retrieved August 6, 2017 from http://www.mediawage.gov.np/files/sramjibi_patrakar_2072.pdf.

लम्साल, ध्रुव । २०७२, वैशाख । दयनीय अवस्थामा श्रमजीवी पत्रकार । खगेन्द्र पन्त (सं.), *पत्रकारिता* (पृ.१७-१८) । काठमाडौं : नेपाल पत्रकार महासङ्घ ।
*श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक पुनरावलोकन सम्बन्धमा न्यूनतम पारिश्रमिक निर्धारण समितिको प्रतिवेदन-२०६८ ।*
श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक समितिले २०७४ साल साउन १५ गते जारी गरेको प्रेस विज्ञप्ति ।

❖❖

# पत्रकारको सामाजिक सुरक्षा : महत्वपूर्ण सात उपलब्धि

– सूर्यमणि गौतम

## पृष्ठभूमि

पत्रकारिता पेशामा समर्पित भई लाग्न पत्रकारलाई आर्थिक र सामाजिक सुरक्षाको प्रत्याभूति हुनुपर्छ । यी दुई पक्ष सवल भए पत्रकारिता पेशाप्रति आकर्षण बढ्छ । र, पत्रकारिताका मूल्य/मान्यतामा रही पत्रकारले जिम्मेवारी पूरा गर्ने वातावरण सिर्जना हुन्छ । तर श्रमजीवी पत्रकारको पेशागत, भौतिक सुरक्षाको विषय नेपाली पत्रकारिता क्षेत्रमा वर्षौंदेखि जटिल मुद्दाका रूपमा उठिरहेको छ। साथै सामाजिक सुरक्षाको प्रश्न पनि आउने गरेको छ । जिम्मेवारी पूरा गर्ने क्रममा ज्यान नै गुमाउनुपर्ने, अङ्गभङ्ग हुनुपर्ने, कार्यक्षेत्रबाटै पलायन हुनपर्ने तथा कैयौं सञ्चार गृह व्यवहारतः श्रममैत्री नहुँदा त्यसको मारमा श्रमजीवी पत्रकार पर्दै आएका छन् ।

पत्रकारको सामाजिक सुरक्षाको पहिलो दायित्व कार्यरत सञ्चार माध्यमको व्यवस्थापन हो । तर श्रमजीवी पत्रकार ऐनअनुसार पाउनुपर्ने न्यूनतम पारिश्रमिक र अन्य प्रकारका सामाजिक सुरक्षाका विषयमा सञ्चारगृह उदार भएको पाइँदैन । न्यूनतम पारिश्रमिक निर्धारण समितिले २०७४ साल साउन १५ गते जारी गरेको प्रेस विज्ञप्तिअनुसार ३२.३ प्रतिशत पत्रकारले अझै पनि न्यूनतम पारिश्रमिक प्राप्त गरेका छैनन् । सञ्चारगृहले आफ्नो संस्थामा कार्यरत श्रमजीवी पत्रकारको सामाजिक सुरक्षाका विषयमा ऐनअनुसार गर्नुपर्ने दायित्व बहन नगर्दा श्रमजीवी पत्रकारले त्यसको चर्को मार खेप्नुपरेको छ ।

आफू कार्यरत सञ्चारगृहको बेवास्ता, आयस्रोत कमजोर र घरपरिवारको आयस्रोत नहुँदा र पत्रकार सङ्कटमा पर्दा पत्रकार महासङ्घ पत्रकारको सारथि हुँदै आएको छ । र, महासङ्घले पत्रकारको सामाजिक सुरक्षाका अझ बलिया आधार तयार पार्न सक्दो प्रयास गरेको छ ।

## केही उदाहरण

धर्मपत्नी ममता बोहराको उपचारमा कुरुवा बसेका कञ्चनपुरका पत्रकार कर्ण बोहराको २०७३ साल मङ्सिर १० गते राजधानीस्थित भेनस अस्पतालमा असमायिक निधन भयो । कर्ण आफैं पनि लामो समयदेखि मुटुका रोगी थिए । कर्णको निधनपछि

अलपत्र अवस्थामा परेकी ममताको सहारा बन्यो- पत्रकार महासङ्घ । 'ममता बचाउ अभियान' मार्फत महासङ्घले सुरु गरेको अभियानमा सहयोगी हात बढ्दै गए । उनको उपचारमा महासङ्घ केन्द्रले १९ लाख रुपियाँभन्दा बढी सङ्कलन गरी हस्तान्तरण गऱ्यो । यसबाहेक महासङ्घ सुदूरपश्चिम संयोजक प्रकाश शाह, कैलालीका पत्रकार दीर्घराज उपाध्याय, दिलबहादुर छत्यालगायतका साथीहरूले १२ लाख रुपियाँभन्दा बढी सङ्कलन गरी ममताको उपचारमा सहयोग गरे । एकजना सञ्चारकर्मीमाथि परेको विपत्मा महासङ्घ केन्द्रले जुटाएको यो ठूलो राशिको सहयोग हो । तर, उपचारका क्रममा भारतमा रहेका बेला २०७४ साल साउन २४ गते ममताको पनि निधन भयो ।

मस्तिष्कमा हुने एक प्रकारको क्यान्सरबाट पीडित भएका पत्रकार सञ्जय न्यौपानेको उपचारमा ठूलो धनराशि खर्च हुने भएपछि नेपाल पत्रकार महासङ्घको आग्रहमा नेपाल-अमेरिका पत्रकार सङ्घ (नेजा) ले उपचार सहयोग अभियान सुरु गऱ्यो । अभियान जारी रहेका बेला २०७३ साल कात्तिक २० गते न्यौपानेको निधन भयो । नेजाले सङ्कलन गरेको १,१४७,२०९।७० रुपियाँ **स्वर्गीय न्यौपानेका सन्ततिको** शिक्षाका लागि महासङ्घमार्फत परिवारलाई हस्तान्तरण गरियो । सो रकमले न्यौपानेका सन्ततिको शिक्षामा ठूलो सघाउ पुगेको छ ।

रुपन्देहीका पत्रकार भरत केसी दुर्घटनामा घाइते भए । नेपाल पत्रकार महासङ्घले सुरु गरेको दुर्घटना बिमामा सहभागी भएका पत्रकार केसीले उपचार खर्च वापत रु. दुई लाख प्राप्त गरे । केसी भन्छन्-न्यून रकम तिरेर समयमै बिमा गराएकोले मलाई उपचारमा सहज भयो । म जस्ता श्रमजीवी पत्रकारलाई दुर्घटना बिमा कार्यक्रमबाट ठूलो लाभ मिलेको छ ।

प्रदेशको सीमाङ्कनको विरोधमा चलेको आन्दोलनमा सुर्खेतका पत्रकार आइसिंह रोकाया प्रहरीको गोली लागेर घाइते भए । रेडियो पत्रकारितामा लागेको एक वर्ष पूरा नहुँदै घाइते भएपछि नेपाल पत्रकार महासङ्घको शाखा र केन्द्र तत्कालै उद्धार तथा उपचारमा लाग्यो । आइएमएसको सहयोगमा प्राप्त १ लाख २ हजार ७ सय रुपियाँ महासङ्घले प्रदान गऱ्यो । रोकायाको भनाइ छ- पत्रकार महासङ्घको सहयोगले मलाई जीवनमा पत्रकारितामै टिक्न थप बल दिएको छ ।

यी त केही उदाहरणमात्र हुन, महासङ्घको वर्तमान नेतृत्वको तीन वर्षे कार्यकालमा विपत् र सङ्कटमा परेका अरु पत्रकार र उनका परिवारलाई पनि उल्लेख्य सहयोग गरिएको छ । महासङ्घको आह्वान र समन्वयमा पत्रकारको सामाजिक सुरक्षामा महत्वपूर्ण सातवटा उपलब्धि हासिल भएका छन् :

१. **पत्रकार कल्याण कोष वृद्धि र सहयोग :**

पत्रकार महासङ्घको २४ औँ महाधिवेशनसम्म पत्रकार महासङ्घको कोषमा रु. ८० लाख थियो। यो कार्यकालमा कोष वृद्धि गरी २०७४ साल असार मसान्तसम्म रु. १ करोड ४५ लाख पुऱ्याइएको छ। यो अवधिमा कोषमात्र वृद्धि भएन, यसबाट प्राप्त ब्याज रकमबाट १ सय ४० जना पत्रकारलाई रु. १८ लाखभन्दा बढी सहयोग गरिएको छ। आपत्विपत् पर्दा पत्रकार कल्याण कोषबाट देशभरका पत्रकारलाई सामान्य सहयोग गर्न अब महासङ्घ आफैँ सक्षम भएको छ। कोषबाट गरिएको सहयोगको राशि न्यून भए पनि यसले आपत्विपत्मा परेका पत्रकार साथीहरूलाई ठूलो राहत भएको छ। पत्रकार कल्याण कोष विपत्मा परेका पत्रकारको सहयोगका लागि ठूलो आधार हो। हामी सबैले यसलाई प्रभावकारी बनाउनुको विकल्प छैन।

२. **आपत्कालीन कोष स्थापना :**

२०७२ वैशाख १२ गते आएको भूकम्प र त्यसपछिका पराकम्पले नेपालको ३१ जिल्ला प्रभावित भए। ८,७९० मानिसको ज्यान गयो र ठूलो मात्रामा भौतिक पूर्वाधारमा क्षति पुग्यो।

नेपाली मिडिया क्षेत्रले पनि ठूलो क्षति बेहोऱ्यो (यसबारे ध्रुव लम्सालको लेखमा विस्तृत उल्लेख छ)। मिडियामा आबद्ध तीनजनाको ज्यान गयो। गोरखापत्र दैनिक आबद्ध पत्रकार सुमन भोम्जन, सिन्धुपाल्चोकको रेडियो प्लानेटमा आबद्ध कार्यक्रम प्रस्तोता सिर्जना लामा र नेपालगन्जको दैनिक नेपालगन्ज पत्रिकाको व्यवस्थापन समूहमा आबद्ध अच्युतराज सुवेदीको ज्यान गयो। विपत्को घडीमा महासङ्घ केन्द्र तथा जिल्ला शाखाबाट जोखिमका बीच तत्काल अति प्रभावित क्षेत्रको अवलोकन गरी आफन्त गुमाउने, घाइते हुने र थातथलो गुमाउने पत्रकारलाई महासङ्घले सहयोग गऱ्यो। भूकम्पपीडित पत्रकारलाई आवश्यक सहयोग गर्न महासङ्घ केन्द्रीय समितिबाट तत्काल 'महाभूकम्पपीडित पत्रकार राहत तथा सहयोग कोष-२०७२' स्थापना गर्नुका साथै सो कोषमा महासङ्घका तर्फबाट तत्काल रु. १,५५,५५५।-जम्मा गर्ने र कोषमा इच्छुक व्यक्ति तथा संस्थाहरूलाई खुला दिलले सहयोग गर्न महासङ्घले अपिल गऱ्यो।

महासङ्घले प्रेस काउन्सिल नेपालसँगको सहकार्यमा प्रभावित ११ जिल्ला शाखामा तत्कालीन राहतस्वरूप ६ लाख ४० हजार सहयोग उपलब्ध गरायो। सङ्कलित सहयोगबाट महासङ्घले भूकम्पका कारण ज्यान गुमाएका पत्रकार सुमन भोम्जनको परिवारलाई २ लाख, एकाघरको परिवारमध्ये निधन भएको भए त्यस्ता प्रभावित पत्रकारलाई किरिया खर्च रु. २५/२५ हजार र घाइते उपचाररत पत्रकारका लागि उपचार खर्चबापत रु. १५/१५ हजार गरी १४ लाख ९६ हजार रुपियाँ आर्थिक

सहयोग प्रदान गर्‍यो । प्राकृतिक विपत्ति आएपछि तत्काल सहयोग गर्न महासङ्घसँग कुनै स्थायी प्रकृतिको कोष थिएन । यस्तो अवस्थामा तत्कालीन सहयोगका लागि अभियान चलाइएको थियो । अब महासङ्घले यस्तो प्रकारको दैवीप्रकोप तथा विपत्तिमा सहयोग गर्न आफैँले कोष खडा गरेको छ । प्राकृतिक विपत्ति तथा अन्य आपत्कालीन अवस्थाका कारण जोखिममा परेका पत्रकारको तत्काल राहत, उद्धार तथा पुनर्स्थापनाका लागि महासङ्घले स्थापना गरेको नयाँ कोषमा २०७४ साल असार मसान्तसम्म रु. २९ लाख जम्मा भइसकेको छ। यो कोषमा रकम थपिने क्रम जारी छ।

३. **पत्रकार दुर्घटना बिमा** :

पत्रकारिताको क्षेत्रमा क्रियाशील रहँदा कुनै दुर्घटनामा परी चोटपटक लागेको वा अङ्गभङ्ग भएको अवस्थामा पत्रकारलाई औषधोपचारको व्यवस्था गर्ने तथा त्यस्तो दुर्घटनाका कारण निजको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई क्षतिपूर्ति प्रदान गर्न यसै कार्यकालदेखि पत्रकार दुर्घटना बिमा कार्यक्रम सुरु गरिएको छ। लामो समयदेखि चर्चामा रहेको तर कार्यान्वयनमा आउन नसकेको पत्रकार दुर्घटना बिमा कार्यक्रममा २०७४ साल असार मसान्तसम्म १ हजार ८ सय ५० जना पत्रकार समेटिएका छन् । रु. ५ लाखसम्म दुर्घटना बिमा र दुर्घटनापछि रु. २ लाखसम्म उपचार सुविधा रहेको बिमा कार्यक्रममा प्रत्येक महिना सहभागी हुनसक्ने व्यवस्था मिलाइएको छ। पत्रकार दुर्घटना बिमा कार्यक्रमपछि दुर्घटनामा परी घाइते भएका पत्रकार भरत केसीले रु. २ लाख, नोमराज पौडेलले रु. ९० हजार र गणेशकञ्चन भारतीले रु. ५० हजारको लाभ लिइसकेका छन् । पत्रकारिता क्षेत्रमा क्रियाशील भएकै बखत दुर्घटनामा पर्ने तर आर्थिक अभावका कारण राम्रो उपचार गराउन नसक्ने अवस्थाबाट बिमामा सहभागी हुने पत्रकारलाई ठूलो राहत मिल्ने वातावरण तयार भएको छ।

४. **ज्येष्ठ पत्रकार सम्मान** :

महासङ्घले ज्येष्ठ पत्रकारको सम्मानका लागि केही काम सुरु गरेको छ। लामो समयसम्म पत्रकारिताको माध्यमबाट राष्ट्र र समाजको सेवा गरेका वरिष्ठ पत्रकारहरू जीवनको उत्तरार्द्धमा जीवनयापन र स्वास्थ्य उपचारको समस्याले पिरोलिएर कष्टकर जीवन बिताउन बाध्य हुनुपरेको अवस्था अन्त्य गर्न महासङ्घले पटकपटक सरकारको ध्यानाकर्षण गरायो । तर पनि सुनुवाइ हुन सकेन । त्यसपछि महासङ्घको आफ्नै स्रोतमा नेपाली पत्रकारिता इतिहासमा ३० वर्षभन्दा बढी महत्वपूर्ण योगदान गरी ६५ वर्ष पूरा गरेका अग्रज पत्रकारहरूको सम्मानमा वार्षिक रु. १२ हजार प्रदान गर्ने गरी ज्येष्ठ पत्रकार सम्मानवृत्ति कार्यक्रमलाई महासङ्घको वर्तमान नेतृत्वको कार्यकालमा

कार्यान्वयनमा ल्याइएको छ। महासङ्घको केन्द्रीय कार्यालयले आह्वान गरेबमोजिम प्राप्त नामावलीबाट योग्यता पुगेका ज्येष्ठ पत्रकारलाई वार्षिक १२ हजार रुपियाँ निवृत्तिभरण प्रदान गर्ने गरी सुरु यो कार्यक्रमअन्तर्गत २३ जना ज्येष्ठ पत्रकारलाई सुविधा उपलब्ध गराइएको छ। महासङ्घकै आग्रहअनुसार सरकारले ज्येष्ठ पत्रकारलाई निवृत्तिभरण उपलब्ध गराउने घोषणा गरेको छ।

**५. शैक्षिकवृत्ति कार्यक्रम :**

कुनै पत्रकारको हत्या वा भवितव्यमा परी वा अन्य कारणबाट निधन भई सन्ततिको पठनपाठनमा समस्या परेको कतिपय घटनालाई मध्यनजर गर्दै सहयोग पुऱ्याउने उद्देश्यले महासङ्घले आफ्नै स्रोतमा पत्रकार सन्तती शैक्षिकवृत्ति कार्यक्रम सञ्चालनमा ल्याएको छ। गत वर्ष दुर्घटनामा निधन भएका जाजरकोटका पत्रकार वीरबहादुर शाही, राजधानीमा निधन भएका पत्रकार सञ्जीव घिमिरे र पत्रकार सूर्यकुमार क्षत्रीका एक/एक जना सन्ततिलाई शैक्षिकवृत्ति कार्यक्रमअन्तर्गत महासङ्घले प्रथम चरणअन्तर्गत रु. ५०/५० हजार शैक्षिकवृत्ति प्रदान गरेको छ। त्यसैगरी अन्तर्राष्ट्रिय पत्रकार महासङ्घको सहयोग, नेपाल पत्रकार महासङ्घको संरक्षण र आजा नेपालको संयोजनमा चिल्ड्रेन एजुकेसन फन्डअन्तर्गत सशस्त्र द्वन्द्व तथा तत्पश्चात् मारिएका पत्रकारका २७ जना छोराछोरीले विद्यालय तहदेखि स्नातक तहसम्म अध्ययन गरिरहेका छन्।

**६. पुरस्कार तथा कोष :**

उत्कृष्ट काम गरेका पत्रकारलाई प्रोत्साहनस्वरूप पुरस्कृत गर्न यो कार्यकालमा केही पुरस्कार तथा पुरस्कार कोषहरू थप गरिएका छन् । पत्रकारिताका माध्यमबाट लैङ्गिक समानताका विषयमा योगदान गर्ने पत्रकारलाई पुरस्कृत गर्ने उद्देश्यले लैङ्गिक समानता पत्रकारिता पुरस्कारका लागि मदरल्यान्ड नेपालको सहयोगमा रु. १० लाखको पुरस्कार अक्षयकोष खडा गरिएको छ । कोषबाट प्राप्त हुने ब्याजबाट प्रत्येक वर्ष दुईजना पत्रकारलाई पुरस्कृत गर्ने यो कार्यक्रमअनुसार गत वर्ष बबिता बस्नेत र धीरेन्द्र प्रेमर्षि पुरस्कृत भइसक्नुभएको छ।

त्यस्तै केन्द्रीय बाल कल्याण समितिको सहयोगमा यसै वर्षदेखि बाल संवेदनशील पत्रकारिता पुरस्कार स्थापना गरी सञ्चालनमा ल्याइएको छ। विगतदेखि नै निरन्तरता रहेको शिक्षा पत्रकारिता पुरस्कारबाट मात्रै ९० भन्दा बढी पत्रकार तथा सञ्चार संस्थालाई पुरस्कृत गरिएको छ। महासङ्घको निर्णायकत्व वा सहभागितामा अन्य थुप्रै पुरस्कार वितरण भएका छन्। नेपाल पत्रकार सङ्घका संस्थापक सभापति कृष्णप्रसाद भट्टराईको नाममा स्थापना भएको रु. १ लाख राशिको 'कृष्णप्रसाद भट्टराई पत्रकारिता पुरस्कार'

लाई निरन्तरता दिइएको छ।

दुर्गम क्षेत्रमा बसेर पत्रकारितामार्फत योगदान पुऱ्याएबापत महासङ्घकी केन्द्रीय सदस्य स्वर्गीय गौरी कठायतको सम्झनामा 'गौरी कठायत स्मृति पत्रकारिता पुरस्कार' का लागि रु. १ लाख ५० हजारको कोष स्थापना गरी गत वर्षदेखि कार्यान्वयनमा ल्याइएको छ। 'उमा सिंह पत्रकारिता पुरस्कार'लाई निरन्तरता दिइएको छ। यसबाहेक महासङ्घको संस्थागत विकासमा उल्लेख्य योगदान पुऱ्याएका पूर्वसभापति स्वर्गीय गोविन्द वियोगी र अभिव्यक्ति स्वतन्त्रता र जनपक्षीय पत्रकारितामा योगदान पुऱ्याएका स्वर्गीय कृष्ण सेन इच्छुकको स्मृतिमा पुरस्कार स्थापना गरी कार्यान्वयनमा ल्याइएको छ । यसैगरी नेजा ग्रामीण पत्रकारिता, सूचनाको हकसम्बन्धी पुरस्कार पनि प्रदान गरिएको छ।

### ७. सुविधा वृद्धि :

पत्रकार महासङ्घको केन्द्रमा सुविधा सम्पन्न भवन बनिसकेको छ। जिल्ला शाखा भवन निर्माणलाई अभियानका रूपमा अघि बढाइएको छ। दुई वर्षमा महासङ्घ केन्द्रको सिफारिसमा नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयबाट रु. ५/५ लाखका दरले २४ वटा जिल्ला शाखाले भवन निर्माण अनुदान प्राप्त गरेका छन् । शाखाहरूको सचिवालय सुदृढीकरणअन्तर्गत नमुनाका रूपमा पहिलो चरणमा कैलाली, बाँके, रुपन्देही, पर्सा र सुनसरी गरी ५ वटा जिल्लाका एक एक जना कर्मचारीलाई तालिम दिइनुका साथै केन्द्रबाट ती कर्मचारीको तलव सुविधाबापत मासिकरूपमा निश्चित रकम उपलब्ध गराउन थालिएको छ । महासङ्घमा कार्यरत कर्मचारीको तलब यो कार्यकालमा दुई पटक वृद्धि गरिएको छ।

यी सातवटा बाहेक अरु क्षेत्रमा पनि उपलब्धि हासिल भएका छन्। प्रेस काउन्सिल नेपालको मिडिया विकास कोषमार्फत् महासङ्घको सिफारिसमा पत्रकार र सञ्चार माध्यमले खरिद गर्ने सञ्चार उपकरणमा २५ प्रतिशत अनुदानको व्यवस्थालाई अझ प्रभावकारी र विस्तार गरिएको छ। लोककल्याणकारी विज्ञापनको रकम वृद्धि हुनुमा पत्रकार महासङ्घको भूमिका निर्णायक नै रह्यो। पूर्वी पहाडी र मध्य तराईका १५ वटा जिल्लाका सञ्चारकर्मीका लागि सञ्चालन गरिएको सूचनाको हक र खोज पत्रकारिता तालिमबाट ३ सयभन्दा बढी लाभान्वित भएका छन् ।

महासङ्घको यो तीन वर्षे यात्रामा पत्रकारको सामाजिक सुरक्षाका क्षेत्रमा थप केही काम थालिए पनि तिनीहरूले साकार रूप लिन पाएनन् । पत्रकारको उपचारमा ५० प्रतिशत छुटको व्यवस्था सरकार आफैँले घोषणा गरेर पनि कार्यान्वयनमा ल्याएन। त्यस्तै स्वास्थ्य बिमा कार्यक्रम लागु गर्न सरकार आफैँ उदासीन बन्यो । निर्देशिका

बनेर कार्यान्वयन हुन नसकेको 'द्वन्द्वपीडित पत्रकार कल्याण कोष' लाई कार्यान्वयनमा लैजान महासङ्घले प्रयास गरे पनि सार्थक रूप पाएन ।

**निष्कर्ष**

व्यक्तिभन्दा समूह र समूहभन्दा सङ्गठनको भूमिका प्रभावकारी हुन्छ । यसैलाई हृदयङ्गम गरी महासङ्घले प्रेस स्वतन्त्रताको रक्षा, प्रवर्धन, पत्रकारको पेशागत तथा भौतिक सुरक्षालगायतमा सक्दो प्रयास गर्दै आएको छ । तीन वर्षमा महासङ्घले पत्रकारको सामाजिक सुरक्षाको क्षेत्रमा पनि महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । जसमा पत्रकार कल्याण कोषमा रकम वृद्धि, आपत्कालीन कोष स्थापना, पत्रकार दुर्घटना बिमा, ज्येष्ठ पत्रकार सम्मान, शैक्षिकवृत्ति कार्यक्रम, पुरस्कार तथा कोष स्थापना र सुविधा वृद्धि छन् । त्यस अतिरिक्त सङ्कटमा परेका पत्रकार, उनका परिवार तथा आफन्तलाई पनि महासङ्घले सक्दो सहयोग गरेको छ । यसले गर्दा पत्रकारले महासङ्घप्रति अझ बढी भरोसा गर्ने र अपनत्व लिन सक्ने वातावरण तयार भएको छ । महसङ्घका प्रत्येक सदस्यले महासङ्घसँग अपेक्षा गर्नु स्वाभाविकै हो । महासङ्घले ती अपेक्षा पूरा गर्नु आफ्नो परम दायित्व ठानी काम गरेको छ । अहिले सञ्चालन गरिएका सामाजिक सुरक्षाका कार्यक्रमलाई निरन्तरता दिई आगामी दिनमा सामाजिक सुरक्षाको क्षेत्रलाई अझ बढाउँदै जानुपर्छ । जसले गर्दा पत्रकार महासङ्घ सबै पत्रकारको आड र भरोसाको केन्द्र र बलियो सारथिका रूपमा रहिरहन सक्छ ।

**सन्दर्भ सामग्री**

गौतम, सूर्यमणि । २०७३, वैशाख २१ । दुई वर्षे अनुभव पत्रकारको सामाजिक सुरक्षामा महासङ्घ । *पत्रकारिता,* (पृ.३२-३५) । काठमाडौँ : नेपाल पत्रकार महासङ्घ ।

नेपाल पत्रकार महासङ्घले २०७४ साल साउन १५ गते जारी गरेको प्रेस विज्ञप्ति ।

मगर, उजिर । २०७३ । *महासङ्घको कार्यप्रगति, साङ्गठनिक अवस्था र भावी कार्यक्रमसम्बन्धी प्रतिवेदन* । नेपाल पत्रकार महासङ्घ : चितवन ।

विष्ट, डा. महेन्द्र । महासङ्घका दुई वर्ष विपत् झेल्दै नयाँ फड्को । *पत्रकारिता,* (पृ.३-७) । काठमाडौँ : नेपाल पत्रकार महासङ्घ ।

श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ । Retrieved August 7, 2017 from https://www.moic.gov.np/upload/documents/sramjivi-patrakar.pdf

❖❖

# नेपालमा मिडिया मिसन र यसका औचित्य

– डा. सुरेश आचार्य

नेपालमा पत्रकारबारे घटना छानबिन र अध्ययनमा दुई किसिमका मिसन चल्दै आएका छन् । अर्को तरिकाले हेर्दा राष्ट्रिय र अन्तर्राष्ट्रिय मिसनको अभ्यास हुँदै आएको देखिन्छ । छानबिन मिसन कुनै घटनाविशेषमा महासङ्घले तोकेका प्रतिनिधिले गर्दै आएका छन् । पत्रकार वा पत्रकारिताका विषयमा कुनै समस्या आयो भने त्यस घटनाबारे के भएको हो भन्ने छानबिन गर्ने समिति, कार्यदल वा आयोग नै बन्ने गरेको छ । पत्रकार हत्या जस्ता गम्भीर प्रकृतिका घटनामा नेपाल सरकार आफैँले पनि छानबिन गर्दै आएको छ । यो बेग्लै कुरा हो कि गम्भीरखालका घटनाका कुनै पनि प्रतिवेदन सार्वजनिक गरिएको छैन । सरकारले बनाएका आयोगको प्रतिवेदन के आयो ? यथार्थ के थियो ? भन्ने अहिले पनि कि सरकारलाई थाहा होला कि त ती समिति वा आयोगमा रहनेलाई ।

मिसनमार्फत गरिने अध्ययनचाहिँ कुनै खास घटनाविशेषमा नभई समग्र पत्रकारिताको अवस्थाबारे हुने गरेको छ । पत्रकारको सुरक्षाको प्रश्न सधैँ अध्ययनको विषय हो । प्रेस स्वतन्त्रता हननूका सम्भावना जहिले पनि अध्ययन गर्न सकिने विषय हो । पत्रकारिताका प्रवृत्तिबारे अझै पनि नेपालमा पर्याप्त अध्ययन भएका छैनन् । नेपाल पत्रकार महासङ्घले विभिन्न दातृसंस्थासँगको सहकार्यमा अध्ययनको अभ्यास पनि अघि बढाएको छ । ती मिसनबाट आएका अध्ययनका आधारमा सुधार गर्नुपर्ने पक्षमा महासङ्घ र सम्बन्धित पक्षबीच सम्वाद हुने गरे पनि सहमतिबारे काम भएको मिडियाकर्मीले थाहा पाएका छैनन् ।

नेपालमा जति पनि छानबिन वा अध्ययन मिसन हुन्थे, ती राष्ट्रिय तहमा नै हुन्थे । सुरुमा पत्रकार सङ्घ/महासङ्घका आन्तरिक स्रोतबाट नै ती काम हुन्थे । नेपालमा जब अन्तर्राष्ट्रिय मिसन भित्रियो, त्यसपछि भने कुनै पनि खालका मिसनमा अन्तर्राष्ट्रिय लगानी पनि भित्रने गरेको छ । यसलाई सकारात्मक ढङ्गमा भन्दा अन्तर्राष्ट्रिय सहकार्य बढेको छ । नेपालको प्रेस स्वतन्त्रतामा अन्तर्राष्ट्रिय चासो पनि बढेको छ । नेपालमा प्रेस स्वतन्त्रताप्रति अन्तर्राष्ट्रिय चासो जगाइदिने काम भने महाराजा ज्ञानेन्द्रले गरेका हुन् । २०६१ सालमा जब उनले शासनसत्ता हातमा लिए, उनले नेपालका मिडिया नियन्त्रणबाट शासनसत्ता सुरु गरे । मिडियामात्र होइन, सुरुमा त सञ्चार माध्यम सबैमा रोक लगाइयो । टेलिफोन अवरुद्ध गरियो । इन्टरनेट सेवा रोकियो । मिडियामा सैनिक

पठाइयो र समाचार सामग्री प्रकाशन/प्रसारणमा रोक लगाइयो । यो अप्रत्याशित र अस्वाभाविक घटनामा नेपाली मिडिया आफैँ र एक्लैले गर्न सक्ने केही थिएन । संयुक्त राष्ट्र सङ्घको नेपाल कार्यालयको पहलमा पत्रकार महासङ्घले अन्तर्राष्ट्रिय मिडिया मिसन बोलायो ।

महाराजा ज्ञानेन्द्रको शासनको केही महिना नबित्दै इन्टरनेसनल मिडिया सपोर्ट (आइएमएस) को पहलमा अन्तर्राष्ट्रिय मिडिया मिसन नेपाल आइपुग्यो । अन्तर्राष्ट्रिय पत्रकार महासङ्घले अन्तर्राष्ट्रिय सङ्घ/संस्थाको संयोजन गर्ने काम गरेको थियो । संयुक्त राष्ट्र सङ्घको मिडिया स्वतन्त्रताको वकालत गर्ने युनिसेफ पनि मिसनमा सहभागी भयो । यो मिसनमा रिपोर्टर्स विथाउट बोर्डर्स, रेडियोको अन्तर्राष्ट्रिय सङ्गठन अमार्क, आर्टिकल १९, कमिटी टु प्रोटेक्ट जर्नलिस्ट (सिपिजे) सहभागी थिए । नेपालमा आएको यो नै पहिलो अन्तर्राष्ट्रिय मिसन थियो । यो मिसनले सरकार, मानव अधिकारकर्मी र नागरिक समाजसँग भेटेर प्रेस स्वतन्त्रताका पक्षमा पहल गरेको थियो । त्यसबेलाको उद्देश्य मूलतः पत्रकारलाई जोगाउने थियो । उनीहरू जुनसुकै बेला पक्राउ पर्न सक्थे । मिडिया बन्द हुन सक्थे । मिसनले स्वतन्त्रताका पक्षमा नीतिगत तथा कानुनी व्यवस्था गर्नसमेत सरकारलाई आह्वान गरेको थियो । यो मिसनले त्यसबेला नेपाली पत्रकार र मिडियालाई सञ्जीवनीको काम गरेको थियो । नेपालमा यसको संयोजन मिडिया सपोर्ट इन्टरनेसनल (एमएसआइ)ले गरेको थियो । हेमबहादुर विष्ट संस्थाका कार्यकारी थिए । अन्तर्राष्ट्रिय सम्पर्क र एजेन्डा तयार गर्ने काम विष्ट आफैँले गरेका थिए । यो अभियानमा म पनि जोडिएको थिएँ । पहिलो मिसनमा मैले सहसंयोजकको भूमिका पाएको थिएँ ।

नेपालमा दश वर्षको अवधिमा आठवटा मिसन आए ।[११] पहिलो मिसन आउँदा तारानाथ दाहाल महासङ्घको अध्यक्ष थिए । संयोगले एउटाबाहेक सबै मिसनको संयोजकको भूमिकामा म नै रहेँ । विष्णु निष्ठुरीदेखि महेन्द्र विष्टसम्मका पछिल्ला चार कार्यकालमध्ये धर्मेन्द्र झाको कार्यकालबाहेकका हरेक मिसनमा महासङ्घले मेरो भूमिका उपयुक्त ठान्यो । धर्मेन्द्रको पालामा मिसन आए/नआएको नै मैले थाहा पाइनँ । आएको थियो भन्ने रेकर्डमा त देखिएको छ ।

पहिलो मिसन नेपाली मिडिया र पत्रकारको सुरक्षाका लागि पनि आवश्यक थियो । यसले महाराजाको शासनलाई थप क्रूर बन्न दिएन । नेपाली प्रेस अब एक्लै छैन, यसमाथि सङ्कट उत्पन्न हुँदा अन्तर्राष्ट्रिय समुदाय यसको पक्षमा उभिन्छ भन्ने सन्देश दिन पनि यो

११ नेपालमा राजा ज्ञानेन्द्रको शासनसत्ता सुरु भएदेखि संविधान सभाबाट लेखिएको संविधानले प्रेस स्वतन्त्रताको प्रत्याभूति नगर्दासम्मका अवधिमा जुलाइ २००५, मार्च २००६, सेप्टेम्बर २००६, जनवरी २००८, अप्रिल २००८, फेब्रुअरी २००९ र फेब्रुअरी २०१२ मा अन्तर्राष्ट्रिय मिडिया मिसन नेपाल आएका थिए ।

मिसन सफल रह्यो । तर दुर्भाग्य, लोकतान्त्रिक आन्दोलनको सफलतालगत्तै प्रेसमाथि आक्रमण बढे । पत्रकार मारिनेसम्मका घटना नै भए । यसैबेला संविधान बनाउने उपक्रम पनि चलिरहेको थियो । पत्रकार सुरक्षा र संविधानमा प्रेस स्वतन्त्रताको सुनिश्चिततामा केन्द्रित भएर नै यसबीचका अन्तर्राष्ट्रिय मिसन आएका थिए । सन् २०१५ को मिसनले पत्रकार सुरक्षाका लागि मानव अधिकार आयोगसँग सहकार्य गरेर तत्काल सुरक्षा व्यवस्था गर्ने वातावरण तयार गर्‍यो । मिसनले आयोगका तत्कालीन पदाधिकारीसँग छलफल गरेर यो वातावरण तयार गरेको हो । अहिले पनि कतिपय सुरक्षाका विषयमा बन्ने समिति वा छलफलमा मानव अधिकार आयोगका प्रतिनिधि उपस्थित हुने कारण यही नै हो । मिसन टोलीले सुरक्षा डेस्क नै तयार गरेर सरकारलाई खबरदारी गर्नसमेत आयोगलाई आग्रह गरेको थियो । यसका लागि आवश्यक पर्ने कानुन बनाउन पनि पहल गरोस् भन्ने मिसनको चाहना अहिले पनि अधुरै छ । यसमा केही पहल भएको छ । महासङ्घ र आयोगबीच विभिन्न चरणमा छलफल भई यसको मस्यौदा कार्यविधि पनि तयार गरिएको छ । यसको अध्ययनका लागि महासङ्घ र आयोगको संयुक्त टोलीले कोलम्बियाको भ्रमण गरी अध्ययन पनि गरिसकेको छ । यसै कार्यकालमा यो डेस्क गठन गर्ने योजना भने सफल हुन सकेन । पत्रकार सुरक्षाका विषयमा आयोगले बोल्न थालेको छ, केही हदसम्म आयोगको ध्यानाकर्षण हुन थालेको छ ।

मिसनको अर्को उद्देश्य नयाँ बन्ने संविधानले अन्तर्राष्ट्रिय मापदण्डअनुसारको प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा दिलाउने भन्ने थियो । संविधान सभाबाट जारी गरिएको नेपालको संविधान २०७२ प्रेस स्वतन्त्रताका पक्षमा २०४७ सालको संविधान र २०६३ सालको अन्तरिम संविधानभन्दा पनि पछाडि छ । यद्यपि अन्तरिम संविधानमा व्यवस्था भएको संविधानको प्रस्तावनामा 'पूर्ण प्रेस स्वतन्त्रताका लागि' भन्ने शब्दावली कायम छ । पहिलेका भन्दा प्रतिबन्धात्मक वाक्यांशहरू थपेर संविधान जारी भएको छ । आमनागरिक सुरक्षाभन्दा पत्रकार सुरक्षालाई पृथकरूपमा हेर्नुपर्छ कि पर्दैन ? यो बहससम्म भएन । संवैधानिक व्यवस्था त परको कुरा रह्यो ।

यसैगरी मिसनको तेस्रो उद्देश्य युनेस्कोका सुरक्षा आयोजनाहरूलाई आवश्यकताअनुसार पत्रकारको सुरक्षाका विषयमा जोड्ने कुरा थियो । धेरै हदसम्म मिसनको यो उद्देश्य पूरा भएको छ । पत्रकारको सुरक्षा अवस्थाबारे विभिन्न राष्ट्रिय मिसन टोली खट्ने गरेका छन् र ती मिसनलाई अन्तर्राष्ट्रिय दातृसंस्थाहरूको सहयोग रहने गरेको छ । यसै सन्दर्भमा पत्रकार सुरक्षा कोष खडा गर्ने प्रयास चलको छ । खासगरी सुरक्षा खतरामा परेका पत्रकारको उद्धार र राहतका लागि यस्तो कोष जरुरी छ भन्ने मान्यताले ठाउँ पाएको छ । यसलाई मूर्त रूप दिने प्रयासले भने पूर्णता पाएको छैन ।

### २०७१ देखि २०७४ साल साउनसम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिडिया मिसन

| क्र. सं. | मिति | मिसन | जिल्ला | उद्देश्य | मिसन प्रमुख |
|---|---|---|---|---|---|
| १. | मङ्सिर १२-१४ २०७१ | तथ्य खोजी मिसन चितवन | चितवन | पत्रकार नारायण अधिकारीमाथि आक्रमण भएको घटनाको सत्य छानबिन | खिलबहादुर भण्डारी, उपाध्यक्ष, नेपाल पत्रकार महासङ्घ |
| २ | पुस ११-१३, २०७१ | सत्यतथ्य छानबिन, मोरङ मिसन | मोरङ | पत्रकार ब्रह्मदेव यादवमाथि भएको आक्रमणको घटनाका सत्यतथ्य छानबिन | गणेश पोखरेल, पूर्वाञ्चल संयोजक नेपाल पत्रकार महासङ्घ |
| ३ | वैशाख ६-१०, २०७२ | नेपाल अन्तर्राष्ट्रिय मिडिया साझेदारी (एनआइएमपी) अन्तर ाष्ट्रिय मिडिया मिसन | काठमाडौँ | पत्रकारको भौतिक सुरक्षा र मिडियामा राजनीतिक अवस्थाको विश्लेषण (एनएचआरसी) | |
| ४ | चैत १५ -१७, २०७१ | सत्यतथ्य छानबिन मिसन सुनसरी | सुनसरी | पत्रकार रामप्रसाद भट्टराई (सचिन) को शङ्कास्पद मृत्यु भएको घटनाको छानबिन । | गणेश पोखरेल पूर्वाञ्चल संयोजक, नेपाल पत्रकार महास ङ्घ |
| ५ | भदौ १२-१४, २०७२ | मिडिया मिसन टीकापुर | कैलाली | टीकापुर घटनामा सञ्चार क्षेत्रमा पुगेको क्षतिको छानबिन | उजिर मगर, महासचिव, नेपाल पत्रकार महासङ्घ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | भदौ २९-असोज १, २०७२ | मधेस मिडिया मिसन | बारा, पर्सा, रौतहट, सर्लाही महोत्तरी र धनुषा | मधेस आन्दोलनका बेला भएका प्रेस स्वतन्त्रता तथा सुरक्षाबारे अध्ययन तथा मूल्याङ्कन | उजिर मगर, महासचिव नेपाल पत्रकार महास ङ्घ |
| ७ | साउन १-४, २०७३ | तराई मधेस मिडिया मिसन पूर्वी तराई | बारा, पर्सा, रौतहट, सिरहा, महोत्तरी र धनुषा | मधेस आन्दोलनपछि स्वतन्त्र पत्रकारितासम्बन्धी मधेसको दृष्टिकोण र मूल्याङ्कन | डा.महेन्द्र विष्ट, अध्यक्ष नेपाल पत्रकार महासङ्घ |
| ८ | २०७३ साउन २७-३० | तराई मधेस मिडिया मिसन पश्चिम तराई | बाँके, बर्दिया, कैलाली र कञ्चनपुर | मधेस आन्दोलनअघि र पछिको समयमा स्वतन्त्र पत्रकारिताको अवस्था | डा. सुरेश आचार्य, पूर्वसभापति, नेपाल पत्रकार महासङ्घ |
| ९ | असार ३-५, २०७४ | सत्यतथ्य छानबिन मिडिया मिसन | कञ्चनपुर | पत्रकार खेम भण्डारी पक्राउको घटनामा सत्य तथ्य छानबिन | प्रकाशविक्रम शाह, सुदूरपश्चिमाञ्चल संयोजक, नेपाल पत्रकार महासङ्घ |
| १० | साउन ५-८, २०७४ | मडिया मिसन मध्य-सुदूरपश्चिम क्षेत्र | कञ्चनपुर, कैलाली, बाँके | पत्रकार सुरक्षा तथा नागरिक समाजको दृष्टिकोणमा विश्लेषण | डा. सुरेश आचार्य, पूर्वसभापति, नेपाल पत्रकार महासङ्घ |
| ११ | साउन ६-८, २०७४ | मिडिया मिसन रुपन्देही | रुपन्देही | पत्रकार सुरक्षा र मिडियाको अवस्था | उजिर मगर, महासचिव, नेपाल पत्रकार महास ङ्घ |
| १२ | साउन ९-११, २०७४ | सत्यतथ्य छानबिन बाजुरा | बाजुरा | छक्क मल्ल पक्राउको विषयमा सत्यतथ्य छानबिन | प्रकाशविक्रम शाह, सुदूरपश्चिमाञ्चल संयोजक, नेपाल पत्रकार महास ङ्घ |

अब केही प्रसङ्ग सुरक्षाका प्रश्नमा राष्ट्रिय मिसनको । स्थानीय निर्वाचनको तिक्तताले उत्पन्न पत्रकार सुरक्षाबारेको अध्ययन र नागरिकका नजरमा नेपाली मिडियाबारेको सार्वजनिक सुनुवाइका क्रममा मलाई २०७४ साउन पहिलो साता पश्चिम नेपालको यात्रामा जाने अवसर जुट्यो । कञ्चनपुर, धनगढी र नेपालगन्ज लक्षित यो यात्रामा सुरक्षाका विषयमा विभिन्न सरोकारवाला पक्षसँग कुराकानी भए र हरेक ठाउँमा एक/एकवटा मिडिया सुनुवाइ भए । नेपाल पत्रकार महासङ्घले गरेको सार्वजनिक सुनुवाइको शीर्षक थियो- 'नागरिकको नजरमा मिडिया ।' यी कार्यक्रममा पत्रकारलाई नेपाली पत्रकारिताकै भाषामा गालीगलौज त गरिएन तर खुलेरै आलोचना भयो । मिडियाबारे यसका पाठक, स्रोता र दर्शकले बनाएको दृष्टिकोणले नेपाली पत्रकारिताको विश्वास बढाएको पाइएन ।

कञ्चनपुरमा भएको कार्यक्रममा हेल्प नेपालका मदन चन्दले गरेको टिप्पणीकै सेरोफेरोमा नेपाली मिडियालाई हेर्ने गरेको पाइयो । चन्द र अरु सहभागीको भनाइ थियो- मिडिया पार्टीका हलिया बनेका छन् । पार्टीमा नलागेकाहरूका समाचार नै आउँदैन । ९० प्रतिशत विज्ञापन छाप्छन्, १० प्रतिशत समाचार हुन्छन् । ती समाचार पनि कुनै अनलाइनमा अघिल्लै दिन आएका र केवल 'कपी पेस्ट' गरिएका हुन्छन् । सबै मिडियामा एकैखालका वा एउटै समाचार आएका छन् । विज्ञापन पनि जेठको म्याद भएका सूचना असार भरी प्रकाशन/प्रसारण भइरहेको हुन्छ । स्थानीय समाचारमा कसैको चासो छैन । खोजमूलक समाचार आउँदैन । सदरमुकामभन्दा बाहिर छापा माध्यम पुगेकै छैनन् । आचारसंहिताबारे पत्रकार नै जानकार छैनन् । भाषा प्रयोगमा कुनै शिष्टता छैन । कुनै काम नपाएपछि पत्रकार बन्ने प्रवृत्ति बढेको छ । मर्यादित भाषा प्रयोग नभएका कारण मिडिया सुरक्षामा खतरा बढेको छ ।

धनगढीको कार्यक्रममा पनि यसै सेरोफेरोमा धारणा आए । कुनैबेला पत्रकारिता गरेकी अनिता उपाध्यायको प्रस्तुति धेरै पत्रकारलाई आक्रोशित बनाउनेखालको थियो । अनिताको टिप्पणी थियो- 'पत्रकारिता जिम्मेवार पेशा हो । तर पत्रकारले पेशाको दुरुपयोगमात्र गर्ने गरेका छन् । हरेक मिडिया कुनै न कुनै पार्टीसँग जोडिएका छन् । निष्पक्षता फेला पार्न कठिन छ । सूचनालाई तोडमरोड गरेर प्रस्तुत गरिन्छ । हरेक मिडियामा एउटै समाचार फेला पर्छ । आचारसंहिताबारे उनीहरूलाई थाहा नै छैन, पढेकै छैनन् । सहरकेन्द्रित पत्रकारिता छ । गाउँघरका दुःख मिडियामा पढ्न, सुन्न पाइँदैन । पत्रकारले पढ्नुपर्छ भन्ने छैन ।' आफैँलाई उदाहरण बनाउँदै नेपाल बार एसोसिएसनका केन्द्रीय उपाध्यक्ष कुलानन्द उपाध्यायले त यतिसम्म भन्न भ्याए- 'पहिले वकिललाई फटाहा भन्थे । अहिले पत्रकारलाई फटाहा भन्न थालिएको छ ।' मिडियालाई कसैले

प्रयोग गरिरहेको छ भनिरहँदा उनले काठमाडौँबाट निस्कने अखबारको नामै लिएर न्यायाधीश रणबहादुर बम मारिँदा यथार्थ नखोजी ७० लाख रुपियाँ घुस खाएका कारण मारिएको भनेर समाचार प्रकाशन गरेको उदाहरण पनि दिए।

नेपालगन्जमा सूचनाको हकका क्षेत्रमा क्रियाशील विश्वजीत तिवारीको टिप्पणी अझ कठोर थियो। तिवारीको भनाइ थियो- 'मिडियामा आएका सामग्रीको जिम्मेवारी कसले लिने ? पत्रकारले पैसा लिएर लेख्छन् भन्ने सुनिन्छ। मिडियामा आएका विषयका बारेमा जिम्मेवार पक्षले के गऱ्यो भनेर कसले खोज्ने ?' इन्सेकका नारायण सुवेदीको आरोप त प्रतिशोधका लागि समाचार लेखिन्छ भन्ने थियो। अरु सहभागीको टिप्पणी थियो- 'एउटा मिडियाका भरमा समाचारमा विश्वास गर्ने अवस्था छैन। यदि पत्रकारमाथि सुरक्षाको खतरा छ भने त्यो पत्रकार आफ्नै कारणले छ। आचारसंहिता पालन नगरेकै कारण छ। उद्योग वाणिज्य सङ्घका अध्यक्ष नन्दलाल वैश्यले त मिडियालाई दोष लगाउनुअघि कलम र मसीको व्यवस्था गरिदिनुपर्ने भन्दै व्यङ्ग्यात्मक ढङ्गमा सहयोग गर्नका लागि आग्रह गरे। शायद यो उनको विज्ञापनसँग जोडिएको व्यङ्ग्य थियो, यद्यपि सुन्दा उनी पत्रकारका प्रिय भएर प्रस्तुत भएका थिए।

रमाइलो त के रह्यो भने नागरिक पक्षबाट पत्रकारिता बढी दलगत भएको आरोप लागिरहँदा तीनवटै सुनुवाइमा सहभागी दलका नेताले भने पत्रकारलाई दलीय निकटताका आधारमा नलेख्नमात्र भनेनन्, निष्पक्ष ढङ्गमा समाचार प्रस्तुत गर्नसमेत सुझाव दिए। मिडियाले प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्ने पनि उनीहरूले नै बताए। मिडियाले अब सुध्रिने समय आएको र नागरिकप्रति जिम्मेवार भएर काम गर्न पनि उनीहरूको सुझाव थियो। पत्रकार सधैँ पत्रकारमात्र हुन्छ कि कुनै बेला नागरिक पनि हुन्छ ? भनेर पत्रकारको चरित्रमाथि औँला उठाउने पनि दलका नेता नै थिए।

सुनुवाइ कार्यक्रममा मिडियाको आलोचनामात्र भएन, सुधारका सम्भावनाका लागि सुझाव पनि दिइए। उनीहरूको सुझाव थियो- पत्रकार समाजको ऐना हो। समाज जस्तो छ त्यसको प्रतिबिम्ब पत्रकारितामा पर्ने भयो नै। तर पत्रकारिता भनेको तरवारको धारमा हिँडेजस्तो हो। धम्कीबाट डराउने पत्रकार हुन सक्दैन। नागरिक सरोकारका विषयमा नडराइ कलम चलाउनुपर्छ। मिडियालाई सबै नागरिकको आवाज हुने माध्यम बनाउन आवश्यक छ। ग्रामीण भेगका समस्या र नागरिक चेतनाका कार्यक्रम चलाउनुपर्छ। समाचार र विज्ञापन छुट्टिनुपर्छ। शिष्ट भाषा प्रयोग गर्नुपर्छ। आग्रह र पूर्वाग्रहबाट मुक्त हुनुपर्छ। व्यक्तिका गोपनीयताको विषयलाई समाचार बनाउन जरुरी छैन। निजी जीवनबारे कलम चलाउँदा पत्रकार खतरामा परेका हुन्। पत्रकारिताको व्यावसायिक धर्म नबुझेका वा बुझ पचाएका कारण पत्रकार र पत्रकारिता बदनाम

भएको हो । जसरी अरुले आफ्नो राम्रो लेखिदेओस् भन्ने चाहना राख्छन्, त्यसरी नै पत्रकारले पनि अनुकूलका 'बाइट/कोट' खोज्ने प्रवृत्ति त्याग्नुपर्छ ।

के नेपाली मिडियाको स्वरूप र चरित्र यही हो ? अब नेपाल पत्रकार महासङ्घले यो बहस चलाउने बेला भएको छ । अनलाइन र सोसल मिडियाका बारेमा नागरिक प्रतिक्रिया अझ तीखो र तीतो थियो । यी मिडिया बन्द गर्ने कुनै उपाय छैन ? भन्नेसम्मका प्रश्न पनि छलफलका क्रममा उठाइए । यो मिडिया मिसनको मूल उद्देश्य माथि उल्लेख भएझैँ निर्वाचनलगत्तै पत्रकारको सुरक्षा अवस्था के छ र यसलाई कम गर्न नागरिक सुझाव के हुन्छ भन्ने थाहा पाउनु नै थियो । उनीहरूले पत्रकारमाथि कुनै खतरा देखेनन् । देखे भने केवल आफ्नै कारणले हुने निर्क्योल गरे । नागरिक प्रतिनिधिका रूपमा कार्यक्रममा सहभागी हुनेमा वकिल, प्राध्यापक, शिक्षक, गैरसरकारी अभियन्ता, उद्यमी, व्यवसायी थिए । कार्यक्रममा पत्रकार पनि थिए र पार्टीका नेता, जिल्ला प्रशासन र प्रहरी प्रशासनका प्रमुख वा प्रतिनिधि पनि थिए ।

उनीहरू समग्ररूपमा मिडियाप्रति नकारात्मक नै थिए भन्ने होइन । लोकतान्त्रिक आन्दोलनमा पत्रकारले निर्वाह गरेको भूमिकाप्रति नतमस्तक नै थिए । बाँकेका प्रहरी प्रमुख टेकप्रसाद राईले किटान नै गरेर २०६२/०६३ को आधा आन्दोलन मिडियाले नै गरेको उल्लेख गरे । पत्रकारितामा स्नातकोत्तर गरेका यी प्रहरी प्रमुखले तुलनात्मकरूपमा पत्रकार जिम्मेवार बन्दै गएको भनेर समग्रमा पत्रकारिताको प्रशंसा नै गरे । उनले सुरक्षाका क्रममा पत्रकारबाट आफूले पाएका केही सहयोगको उदाहरण पनि प्रस्तुत गरे । तर आमनागरिक वा समाजको अरु क्षेत्र पत्रकारितासँग उनले भने जस्तै खुसी भने छैन । समाज जुन गतिमा अघि बढेको छ, पत्रकारिताले त्यो गति समात्न नसकेको उनीहरूको गुनासो छ । उनीहरू चाहन्छन्- नागरिकले पाउनुपर्ने सेवा/सुविधाका विषयमा मिडिया आवाजविहीनहरूको आवाज हुन सकोस् । स्थानीय तह, प्रदेश र सङ्घीय संसद्को चुनावसँगै राजनीतिक सङ्क्रमण अन्त्य हुँदैछ । त्यसैले विकासका मुद्दा मिडियाका एजेन्डा हुनुपर्छ । राजनीतिक स्वार्थ मात्रैले नागरिकका समस्या सम्बोधन गर्न सक्दैन ।

मिडियालाई आफ्नै ठान्नेहरूमा पीडित पनि छन् । जसले न्याय पाएका छैनन्, उनीहरूको आवाज बोकिदिने मिडिया नै हो । तर पीडक वा पीडितलाई हेर्ने दृष्टिकोण पनि राजनीतिबाट प्रभावित छ । मिडिया पनि त्यहीरूपमा प्रस्तुत हुन्छ । मिडियाले अपराधीलाई दलविशेषको कार्यकर्ताका रूपमा प्रस्तुत गर्छ र उसलाई संरक्षण गर्न दललाई अप्रत्यक्षरूपमा प्रेरित गरिरहेको हुन्छ । जो दलमा छैनन्, पीडित भएर पनि न्याय पाउने अवस्था छैन । मिडियाले ती पीडितलाई न्याय कसरी दिलाउने ? यस्तो पत्रकारिता मिडियाले गर्नुपर्छ भन्ने नागरिक आग्रह अन्यथा मान्न मिल्दैन । स्थानीय

पत्रकारिताले समाजमा जे प्रभाव छाडेको छ, प्रकारान्तरमा त्यसको प्रभाव राष्ट्रिय पत्रकारितामा नपर्ने कुरै भएन । पत्रकारले आफूलाई नसच्याउने हो भने मिडिया एकातिर र नागरिक अर्को बाटोमा हिँड्ने खतरा छ ।

मिडिया मिसनको औचित्य कहिल्यै सकिँदैन । मिडिया आफैँमा एउटा स्थायी प्रतिपक्ष हो । उसको प्रहारमा पर्नेले मौका कुरेर बसेको हुन्छ र त्यो मौका मिल्नासाथ मिडिया वा मिडियाकर्मीमाथि खनिन्छ । तर, यसको अर्थ नेपाली मिडियाले सुधार्नुपर्ने पक्ष छैनन् भन्ने होइन । मिसनबाट आएका सुझावलाई ध्यान नदिने र पत्रकारको एकपक्षीय हितमा मात्र मिसन गरिने हो भने यस्ता मिसनलाई नागरिकले महत्व दिन छाड्नेछन् अर्थात् मिसनको औचित्य त्यसबेला समाप्त हुनेछ ।

**सन्दर्भ सामग्री**


आचार्य, डा. सुरेश । पत्रकारिताबारे गुनासै गुनासा । Retrieved August 7, 2017 from http://www.nagariknews.com/news/24516/

आचार्य, सुरेश । २०७२, वैशाख २१ । अन्तर्राष्ट्रिय मिडिया मिसन-२०१५ । खगेन्द्र पन्त (सं.) *पत्रकारिता,* (पृ.११-१३) । काठमाडौँ : नेपाल पत्रकार महासङ्घ ।

आचार्य, सुरेश । मिडिया मिसनको औचित्य । Retrieved August 7, 2017 from http://archive.annapurnapost.com/News.aspx/story/10810?_REQUEST=News.aspx/story/10810

*नेपालको अन्तरिम संविधान, २०६३ ।*

*नेपालको संविधान । २०७२ ।*


❖❖

# भूकम्पपछि महासङ्घको भूमिका

**– ध्रुव लम्साल**

२०७२ साल बिहान ११:५६ मा भूकम्प गयो । गोरखा जिल्लाको बारपाक केन्द्रविन्दु भएको ७.६ रेक्टर स्केलको भूकम्प र त्यसपछिका पराकम्पले नेपालका ३१ जिल्लामा जनधनको क्षति गऱ्यो । विपत्पछिको आवश्यकता आकलन प्रतिवेदनअनुसार भूकम्पमा परी ८,७९० जनाको ज्यान गयो भने २२,३०० जना घाइते भए । भूकम्पबाट निजी घर, सरकारी भवन, विद्यालय, सञ्चारगृहलगायतमा क्षति पुग्यो । भूकम्पलगत्तै उद्धार र राहतको काम तीव्ररूपमा भयो । भूकम्पमा ज्यान गुमाएका पत्रकारका परिवारलाई सहयोग उपलब्ध गराउने, पीडित पत्रकारलाई सहयोग गर्ने, विभिन्न सङ्घ/संस्थाको सहयोग र सहकार्यमा काम गर्ने, भूकम्पका बेला मिडियाका भूमिका स्पष्ट पार्नेलगायतमा पत्रकार महासङ्घले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

**पत्रकार र सञ्चारगृह**

पत्रकार महासङ्घका अनुसार भूकम्पमा परी मुलुकभर २ जना पत्रकार र १ जना मिडिया सञ्चालकको निधन भयो । १५ जना पत्रकारका आफन्तको मृत्यु भयो । ८ पत्रकार घाइते भए भने ५ जना पत्रकारका आफन्त घाइते भए । ४० वटा सञ्चारगृहमा क्षति पुग्यो । १ सय ११ जना पत्रकारको घरमा आंशिक क्षति पुग्यो भने ४ सय ६८ घर पूर्णरूपमा क्षति भत्किए ।

**महासङ्घको भूमिका**

नेपाल पत्रकार महासङ्घले भूकम्पबाट अति प्रभावित क्षेत्रका पत्रकारलाई तत्कालीन राहतस्वरूप टेन्ट तथा अन्य अत्याश्यक सामग्री वितरण गऱ्यो । आइजिसी फाउन्डेसन गृह मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी, अखिल नेपाल फुटबल सङ्घलगायत विभिन्न सङ्घ/संस्थाले उपलब्ध गराएको त्रिपाल एवम् टेन्ट महासङ्घले पत्रकार र सञ्चारगृहलाई उपलब्ध गराएको थियो ।

भूकम्प गएको चौथो दिन १५ वैशाखमा सचिवालय बैठक बसेर भूकम्पमा परी मृत्यु भएकालाई श्रद्धाञ्जली व्यक्ति गर्दै पत्रकार एवम् सञ्चार संस्थाको क्षतिको विवरण तत्काल उपलब्ध गराउन सम्बद्ध सबै शाखा, सञ्चारमाध्यम र पत्रकारमा महासङ्घले अपिल गऱ्यो ।[१२]

१२ नेपाल पत्रकार महासङ्घले २०७२ साल वैशाख १५ गते जारी गरेको प्रेस विज्ञप्ति ।

## नेपाल पत्रकार महासङ्घ
## भूकम्पपीडित पत्रकार तथा मिडियाको विवरण २०७२

| क्र. सं. | क्षेत्र | मृत्यु हुने पत्रकार/ मिडियाकर्मी | मृत्यु आफन्त | घाइते हुने पत्रकार | घाइते हुने पत्रकारका आफन्त | भौतिक क्षति भएको सञ्चारगृह | घर क्षति | घर नष्ट | बेपत्ता भएका पत्रकार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | ० | ० | ० | ० | ३ | १ | ३ | ० | ७ |
| २ | मध्यमाञ्चल | १ | ११ | ५ | ५ | २७ | ८७ | ४०९ | ० | ५४५ |
| ३ | पश्चिमाञ्चल | ० | १ | २ | ० | ८ | २३ | ५४ | ० | ८८ |
| ४ | मध्यपश्चिमाञ्चल | ० | ० | १ | ० | २ | ० | २ | ० | ५ |
| ५ | सुदूरपश्चिमाञ्चल | ० | ३ | ० | ० | ० | ० | ० | ० | ३ |
| | जम्मा | १ | १५ | ८ | ५ | ४० | १११ | ४६८ | ० | ६४८ |

## हेल्प डेस्क स्थापना

भूकम्प गएको महिना दिनसम्म पनि पराकम्प जाने क्रम जारी थियो। पत्रकारहरू आ-आफ्नै ढङ्गले काम गर्दै थिए। केन्द्रीय सदस्य माधव दुलालको बुबाको भूकम्पमा परेर निधन भएको पुष्टि भइसकेको थियो। अर्का पत्रकार सुमन भोम्जनको स्थिति अज्ञात थियो। उनको खोजी जारी थियो । भूकम्प गएको चौथो दिन केन्द्रीय समितिका उपलब्ध पदाधिकारी तथा सदस्यहरूको बैठक बसेर तत्काल उद्धार र राहतमा महासङ्घले आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने निर्णय गर्दै यस क्रममा आमसञ्चार माध्यमबाट खेलेको सकारात्मक भूमिकाको प्रशंसा गऱ्यो।

भूकम्पबाट प्रभावित पत्रकार तथा सञ्चार क्षेत्रको तत्काल उद्धार, राहत र सहयोगका लागि महासङ्घका केन्द्र तथा शाखा/एसोसिएट संस्थाहरू सम्पूर्ण क्षमताका साथ थप परिचालित गर्ने निर्णय गऱ्यो।

बैठकले भूकम्पले भएका क्षतिका विवरणहरू सङ्कलन गर्ने र महासङ्घ केन्द्रीय कार्यालयमा रहेको 'हेल्प डेस्क' मार्फत तत्काल सहयोग र समन्वयको कार्य गर्ने, विपत्मा परेका पत्रकार तथा तिनका परिवारलाई महासङ्घ केन्द्रीय कार्यालयमा रहेको पत्रकार आवासगृह र भवन आवश्यकताअनुसार उपयोग गर्न आह्वान गर्ने निर्णय गऱ्यो।

सोही बैठकले पीडित पत्रकारलाई आवश्यक सहयोग गर्न महासङ्घ केन्द्रीय समितिबाट 'महाभूकम्प पीडित पत्रकार राहत तथा सहयोग कोष-२०७२' स्थापना गर्नुका साथै सो कोषमा महासङ्घका तर्फबाट तत्काल रु. १,५५,५५५ जम्मा गरेको थियो। महासङ्घले भूकम्पबाट प्रभावित ३९७ जना पत्रकारलाई आवश्यकताअनुसार टेन्ट, त्रिपाल, म्याट्रेस, पावर ब्याङ्क, सिमकार्डलगायतका सामग्री उपलब्ध गराएको थियो।

## वरिष्ठ पत्रकारसँग छलफल

भूकम्पपछि सञ्चार माध्यमहरूले निर्वाह गरेको भूमिका र समाचारका विषयवस्तुका सन्दर्भमा महासङ्घकै आयोजनामा भूकम्प गएको तेस्रो साता ४ जेठ २०७२ मा महासङ्घकै हलमा सम्पादकहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा सम्पादकहरूले महासङ्घले खेलेको भूमिकाको प्रशंसा गर्दै आगामी दिनमा यस्ता विपत्ति आउँदा प्रभावकारी कार्य गर्न सुझाव दिए। भूकम्पबाट भौतिक र मानिसकरूपमा प्रभावित वा त्रसित भएकालाई त्यसबाट मुक्त हुनेखालका विषयवस्तु मिडियाले उठाउनुपर्नेमा जोड दिए। नेपालका मिडियाले अत्यन्तै जोखिम मोलेर काम गरेकामा सबैले त्यसको प्रशंसा गरेका थिए।

महासङ्घका अध्यक्ष डा. महेन्द्र विष्टले भूकम्प र त्यसपछिका निरन्तरका

पराकम्पले पैदा गरेको विपत्तिमा सञ्चार माध्यमहरूले प्रशंसनीय भूमिका निर्वाह गरेकामा धन्यवाद दिँदै आउँदा दिनमा पनि मानिसलाई आशावादी बनाउन प्रेरित गर्न आग्रह गर्नुभयो ।

वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारी, महासङ्घका पूर्वसभापति सुरेश आचार्य, नागरिक दैनिकका सम्पादक प्रतीक प्रधान, नेपाल टेलिभिजनका समाचार प्रमुख राजेन्द्रदेव आचार्य, समाचारपत्रका सम्पादक टङ्क पन्त, वरिष्ठ पत्रकार तीर्थ कोइराला, घटना विचारकी सम्पादक बबिता बस्नेत, अनलाइनखबरका सम्पादक अरूण बराल, राष्ट्रिय समाचार समितिकी सम्पादक निर्मला आचार्य, हिमालयन टाइम्सका सम्पादक गोविन्द लुइँटेल, तरूण साप्ताहिकका सम्पादक परशु घिमिरे, बानका अध्यक्ष गोपाल झा, सामुदायिक रेडियो प्रशारक सङ्घका कार्यकारी निर्देशक रामचन्द्र लामिछानेलगायतले धारणा राख्नुका साथै सुझावसमेत दिएका थिए ।

**अतिरञ्जित समाचार सम्प्रेषण नगर्न आग्रह**

नेपाली पत्रकार र मिडिया जगतबाट अत्यन्तै जोखिमबीच पनि निर्वाह भइरहेको सकारात्मक भूमिकाको महासङ्घले सराहना गरेको थियो । कतिपय अतिरञ्जित समाचारबाट चिन्तित पनि थिए ।

केही मिडियाबाट मिडियाको दायित्व बिर्सेर भूकम्पको भविष्यवाणी गर्नेदेखि ‘ एक्सक्लुसिभ’ या ‘ब्रेकिङ’ का नाममा असहज समाचार सामग्री र विभत्स दृश्यसमेत प्रवाह भएको थियो । ती सामग्रीका कारण समग्र मिडियाको छविमै आँच पुग्ने काम भइरहेको भन्दै महासङ्घले पत्रकार आचारसंहिताको पूर्ण पालना गरी अझ जिम्मेवारीका साथ दायित्व निर्वाह गर्न अपिल गर्‍यो ।

विपत्तिको अवस्थामा सञ्चार माध्यमबाट प्रकाशन/प्रसारणलाई निरन्तरता दिँदा कार्यस्थल र त्यहाँ खटिने पत्रकार एवम् कर्मचारीको सुरक्षा जोखिम ख्याल गर्न र जोखिमको मात्रा हेरी सुरक्षा प्रबन्ध मिलाउन सञ्चार प्रतिष्ठान व्यवस्थापन र सरकारसँग आग्रहसमेत गरेको थियो । अत्यन्तै जोखिमका साथै कतिपय पत्रकारले त परिवारमा शोक एवम् भौतिक क्षतिका बाबजुद पनि उच्च व्यावसायिकताका साथ कार्य गरिरहेको अवस्थालाई गम्भीरपूर्वक मनन गरी सम्बन्धित पत्रकार, कर्मचारीलाई राहत र प्रोत्साहन दिनुका साथै विगतको सबै पारिश्रमिक तत्काल भुक्तानी व्यवस्था मिलाई मानवीय कर्तव्य र संस्थागत उत्तरदायित्व निर्वाह गर्न महासङ्घले मिडिया सञ्चालकलाई आग्रह गरेको थियो ।

**पीडित परिवारका सदस्यलाई सहयोग**

नेपाल पत्रकार महासङ्घले प्रेस काउन्सिल नेपालसँग सहकार्य गरी भूकम्पबाट अति प्रभावित जिल्लाका पत्रकारलाई सम्बन्धित जिल्लाका महासङ्घका शाखाले प्राथमिकताका आधारमा खर्च गर्नेगरी तत्कालीन राहतस्वरूप आर्थिक सहयोग गऱ्यो ।

महासङ्घ र काउन्सिल प्रत्येकबाट ३ लाख २० हजारका दरले कुल ६ लाख ४० हजार रुपियाँको कोष खडा गरी आर्थिक सहयोग गरियो । कोषबाट सदरमुकाममा धेरै क्षति पुगेका दोलखा र सिन्धुपाल्चोक शाखालाई १ लाखका दरले एवम् गोरखा, नुवाकोट, धादिङ, रसुवा, काभ्रे, रामेछाप, सिन्धुली, मकवानपुर, ओखलढुङ्गा, सोलुखुम्बु र लमजुङ शाखालाई ४० हजार रुपियाँका दरले काउन्सिल र महासङ्घको संयुक्त टोलीले स्थलगतरूपमै रकम उपलब्ध गरायो ।

महासङ्घका पदाधिकारीले काभ्रेमा भूकम्पबाट पिता गुमाएका महासङ्घका केन्द्रीय सदस्य माधव दुलाल, सिन्धुपाल्चोकको लामो साँघुमा पत्नी गुमाएका पत्रकार चित्र मिजार र सिन्धुपाल्चोककै चौतारामा माता गुमाएका पत्रकार रवीन श्रेष्ठ र उनीहरूका परिवारलाई भेटी सान्त्वना दिए ।

त्यस्तै गोरखा, नुवाकोट, रसुवा र धादिङ पुगेर जिल्लाका पत्रकारको अवस्था जानकारी लिनुका साथै स्थलगत भ्रमण गऱ्यो ।

**महिला पत्रकारसँग छलफल**

भूकम्पको सबैभन्दा धेरै असर महिला एवम् बालबालिकामा परेको थियो । आफन्त गुमाएका बालबालिकालाई लगातारको पराकम्पले थप त्रसित बनाएको थियो । भूकम्पबाट त्रस्त महिलासमेत थेरै थिए । यही सन्दर्भमा पत्रकार महासङ्घका साथै क्रियाशील पत्रकार महिला समूह, सञ्चारिका समूह र अस्मिता प्रकाशन गृहसमेतको सहकार्यमा महिला पत्रकारसँग विशेष छलफल कार्यक्रम गऱ्यो ।

भूकम्पका कारण सिर्जित विपत्को अवस्थामा अनेकौँ समस्याका बाबजुद पत्रकार महिलाले निडरतासाथ भूमिका निर्वाह गरेको विषयमा छलफल भयो । आगामी दिनमा हुने विपत्को अवस्थामा आफू कसरी सुरक्षित हुने र जनतालाई कसरी सुसूचित गर्ने भन्ने विषयमा छलफल भयो ।

कार्यक्रममा सहभागी पत्रकार महिलाले विपत्का बेला पत्रकारले रिपोर्टिङ गर्न अपनाउनुपर्ने सचेतताका विषयमा तालिम आवश्यक रहेको बताएका थिए ।

**तीनजनाको मृत्यु**

२०७२ सालको भूकम्पमा परी नेपाल खेलकुद पत्रकार मञ्च मकवानपुर समन्वय शाखाका अध्यक्ष एवम् गोरखापत्र दैनिकमा कार्यरत युवा खेलकुद पत्रकार सुमन भोम्जनको मृत्यु भयो ।

काठमाडौँ, महाबौद्धस्थित भोटाहिटी फलफूल गल्लीमा डेरा गरी बस्ने सुमनको आफू बसेकै घरले पुरिएर निधन भएको थियो । भूकम्प गएको चार दिनसम्म पनि उनीबारे कुनै सम्पर्क हुन सकेन । नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी र स्थानीय क्लबको निरन्तर खोजी प्रयास जारी थियो । भूकम्प गएको आठौँ दिन २०७२ वैशाख १९ गते शनिबार बिहान १०:३० बजे भोम्जनलाई मृत अवस्थामा फेला पारिएको थियो ।

मकवानपुर जिल्ला पदमपोखरी गाविस-५ मा २०४२ साल जेठ २१ जन्मेका भोम्जनले २०६४ सालदेखि मकवानपुरबाट प्रकाशित नारायणी दैनिकबाट पत्रकारिता सुरु गरेका थिए । २०६६ मा नेपाल एफएममा काम गर्न थालेका भोम्जन २०६८ सालदेखि गोरखापत्र दैनिकमा खेलकुद पत्रकारका रूपमा कार्यरत थिए ।

यस्तै भूकम्पमा परी घाइते भएका रेडियो कार्यक्रम प्रस्तोता सिर्जना लामा र दैनिक नेपालगन्जका प्रबन्ध निर्देशक अच्युतराज सुवेदीको उपचारका क्रममा निधन भयो ।

**चौतारा बैठक**

भूकम्प प्रभावित जिल्लामा महासङ्घको बैठक न व्यावहारिक हुन्थ्यो न त सम्भव नै । भूकम्प प्रभावित जिल्लामा बैठक गर्ने र भूकम्प प्रभावित पत्रकारका लागि केही सन्देश दिने अभिप्रायले केन्द्रीय समितिको पाँचौँ पूर्ण बैठक २०७२ जेठ ३० गते भूकम्पबाट अति प्रभावित जिल्ला सिन्धुपाल्चोकको चौतारामा बस्यो ।

बैठकले भूकम्पको अति जोखिमका बाबजुद नेपाली सञ्चारकर्मी र सञ्चार माध्यमले समग्रमा निर्वाह गरेको भूमिका र पालना गरेको पेशागत दायित्व प्रशंसनीय रहेको निष्कर्ष निकाल्यो ।[१३] यस्तै विपत्मा परेका पत्रकार र सञ्चार माध्यमलाई महासङ्घ र महासङ्घमार्फत् एवम् स्वस्फूर्तरूपमा भएको तत्कालीन राहत सहयोगका लागि धन्यवाद व्यक्त गर्दै अब महासङ्घले सञ्चार माध्यम र अन्य सञ्चार संस्थाहरूसँग समेत मिलेर भूकम्पबाट अति प्रभावित जिल्लालगायत देशभर भएको पत्रकारहरूको जनधनको क्षतिको विवरणका आधारमा अति प्रभावित, प्रभावित र अन्य क्षेत्र गरी तीन भागमा वर्गीकरण गरी पुनर्निर्माणमा सहयोगी भूमिका निर्वाह गर्ने निर्णय गर्‍यो ।

सञ्चारकर्मी र सञ्चार संस्थालाई राहत र पुनर्स्थापनाका लागि राज्यका तर्फबाट

१३ नेपाल पत्रकार महासङ्घले २०७२ साल जेठ ३० गते जारी गरेको प्रेस विज्ञप्ति ।

विशेष कार्यक्रम ल्याउन सरकारलाई दबाब सिर्जना गर्नुका साथै प्रेस काउन्सिल र सूचना विभागलगायतका निकायबाट सञ्चार उपकरण खरिद, लोककल्याणकारी विज्ञापनबापतको रकम भुक्तानी, वर्गीकरणमा सहुलियत, सार्वजनिक हितसम्बन्धी सन्देशसहितका लागि व्यवस्था मिलाई समानुपातिक विज्ञापन नीति तत्काल कार्यन्वयन गर्न दबाब दिने निर्णय पनि बैठकले गऱ्यो ।

भूकम्पबाट क्षति भएका सञ्चार माध्यम पुनः सञ्चालनका लागि उपकरण आयातमा भन्सार छूट तथा नवीकरण र अन्य दस्तुरमा मिनाहा वा छूटका लागि पहल गर्ने तर त्यस्तो पहल गर्दा उक्त सहुलियत प्राप्त गर्न सम्बन्धित सञ्चार माध्यममा श्रमजीवी पत्रकार ऐन कार्यान्वयन भएको प्रमाण अनिवार्य हुनुपर्ने पूर्वसर्तसहित हुनुपर्ने निर्णय बैठकले गऱ्यो ।

**नेपाली मिडियाको प्रशंसा**

नेपाली मिडियामाथि बेलाबेलामा आरोप लाग्ने गर्छ- आलोचनामा मात्रै समय खर्चन्छन् । तर, भूकम्पको समयमा नेपाली मिडियाले समाजलाई सुसूचित बनाउन भूमिका खेल्यो भन्ने नजिर स्थापित भयो । नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीलगायतले गरेको पीडितको उद्धारकार्यको खुलेर प्रशंसामात्रै गरेनन्, विभिन्न जातजातिबीच रहिआएको सामाजिक सद्भाव कायम राख्ने काम गऱ्यो । केहीले भूकम्प र जातीय सम्प्रदायको प्रसङ्ग जोडेर सामाजिक विग्रहको वीजारोपण प्रयास नगरेका हैनन् । तर नेपाली मिडियाले त्यस्ता सामग्रीलाई स्थान दिएन । यति हुँदाहुँदै पनि केही टेलिभिजन र अनलाइनले ब्रेकिङ न्युजको बहानामा विभत्स तस्बिर राख्ने र उद्धार गरिएकै स्थलमा पुगेर घाइतेहरूसँग 'तपाईँलाई कस्तो लागिरहेको छ भन्नेसम्मको प्रश्न सोध्ने काम गरे । फेरि ठूला भूकम्प आउन सक्ने जस्ता भविष्यवाणी गर्नेसमेत भेटिए ।

**निष्कर्ष**

भूकम्पबाट दुईजना पत्रकारको ज्यान गयो भने एकजना मिडिया सञ्चालकको । केही पत्रकारले आफन्त गुमाए । विभिन्न सञ्चारगृहमा भौतिक क्षति भयो । भूकम्पबाट प्रभावित पत्रकारको तत्काल उद्धार, राहत र सहयोगका लागि महासङ्घका केन्द्र तथा शाखा/एसोसिएट संस्थाहरू सम्पूर्ण क्षमताका साथ थप परिचालित गर्ने निर्णय गरियो । विपत्मा परेका पत्रकारलाई विभिन्न सङ्घ/संस्थासँगको सहकार्यमा सहयोग उपलब्ध गराउन महासङ्घले सक्दो भूमिका निर्वाह गऱ्यो । बहस तथा छलफल गरी नेपाली मिडियालाई थप जिम्मेवार बनाउन पहल गऱ्यो । विपत्पछि नेपाली मिडियाले निर्वाह गरेको भूमिकाको प्रशंसासमेत भयो । त्यस अतिरिक्त आगामी दिनमा आफू कसरी सुरक्षित हुने र जनतालाई कसरी सुसूचित गर्ने भन्ने विषयमा समेत महासङ्घले भूमिका निर्वाह गऱ्यो ।

**सन्दर्भ सामग्री**

*महाभूकम्पपीडित पत्रकार तथा मिडियाको प्रारम्भिक विवरण* । २०७२ । काठमाडौं : नेपाल पत्रकार महासङ्घ । २०७२ ।

पराजुली, सागर । नेपालमा भूकम्प २०७२ एक विश्लेषण । Retrieved 11 July, 2017 from http://archive.setopati.com/blog/27746/

उज्यालो अनलाइन । ओहो त्यो भूकम्प । Retrieved 11 July, 2017 from http://ujyaaloonline.com/news/39962/experiences-of-1990's-earthquake/

दाहाल, डा. रञ्जनकुमार । नेपालमा भूकम्प किन र कसरी ? Retrieved 11 July, 2017 from http://gorkhapatraonline.com/news/6203

आचार्य, भानुभक्त । सङ्कटकालमा सञ्चार । Retrieved 11 July, 2017 from http://www.rajdhani.com.np/article/0624406001430699083

म्यालेन, सिन र वाङ सर्लियस । नेपालमा भूकम्प कसरी गयो ? Retrieved 11 July, 2017 from http://kantipur.ekantipur.com/news/2015-05-04/408393.html

अधिकारी, सिवी । सन्दर्भ गोरखा भूकम्पको एक वर्ष, नेपालमा ६० हजार भूकम्प, रोकिएन पराकम्प । Retrieved 11 July, 2017 from http://www.nepalipatra.com/news/trend/one-year-of-gorkha-earthquake/2844

पन्त, डा. महेशराज । नेपालमा भूकम्पको नालीवेली । Retrieved 11 July, 2017 from http://archive.esamata.com/2015/history

❖❖

# पत्रकारको क्षमता अभिवृद्धिको पहल

**पृष्ठभूमि :**

पत्रकारको क्षमता मापन गर्ने मुख्य कडी कार्य परिणाम हो । पत्रकार दक्ष भए मिडियाका लागि स्तरीय सामग्री तयार हुन्छन् । जसले गर्दा पाठक, दर्शक तथा स्रोतमा मिडियाप्रति विश्वास बढ्न सक्छ । पत्रकारिता चुनौतीपूर्ण पेशा हो । यसमा पत्रकारको क्षमतासँगै साहस पनि खाँचो पर्छ । साहस बढाउने काम पत्रकारको सिप, दक्षता र कर्तव्यनिष्ठताले गर्छ । त्यसैले पत्रकार महासङ्घले क्षमता अभिवृद्धि गरी पत्रकारितालाई जिम्मेवार बनाउन पहल गर्दै आएको छ । त्यस क्रममा महासङ्घले विभिन्न कार्यक्रम तथा परियोजना सञ्चालन गरेको छ । आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठनमा पनि महासङ्घले पहल गर्दै आएको छ ।

पत्रकारको विषयवस्तुमा जानकारी र सूचनामा पहुँच हुनुपर्छ । प्रविधिमैत्री पनि हुन अनिवार्य छ । यी पक्षलाई ध्यान राख्दै महासङ्घले सूचनाको पहुँच, विषयवस्तुको जानकारी, आचारसंहिता पालना, नेतृत्व विकासलगायतमा जोड दिँदै आएको छ । र, महत्वपूर्ण विषयमा छलफलसमेत चलाउँदै आएको छ ।

**तालिम :**

पत्रकारका लेखन क्षमता अभिवृद्धि तथा व्यावसायिक तथा भौतिक सुरक्षाका विषयमा महासङ्घले विभिन्न जिल्लामा तालिम तथा प्रशिक्षण कार्यक्रम आयोजना गऱ्यो । जसमा लेखनकलाको वृद्धि, विषयवस्तुको जानकारी, नेतृत्व विकासलगायत छन् ।

**तालिम तथा प्रशिक्षणको सूची**

| क्र.सं. | तालिमको नाम | जिल्ला | तालिम मिति | सहभागी सङ्ख्या | सहयोग |
|---|---|---|---|---|---|
| १ | जर्नलिज्म एन्ड ट्रमा ट्रेनिङ अफ ट्रेनर्स | काठमाडौं | २६-२८ फेब्रुअरी २०१६ | २७ जना | आइएफजे |
| २ | सूचनाको हक र खोज पत्रकारिता तालिम | धनकुटा | २७ नोभेम्बरदेखि १ डिसेम्बर २०१६ | ३० जना | युनेस्को |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सूचनाको हक र खोज पत्रकारिता तालिम | रौतहट | २-६ जनवरी २०१६ | ३५ जना | युनेस्को |
| ४ | सङ्घीयता र सञ्चार : सम्पादकहरूसँग अन्तरक्रिया | काठमाडौँ | २९ फेब्रुअरी २०१६ | २० जना | दि फोरम अफ फेडरेसन्स |
| ५ | राष्ट्र निर्माणमा मिडियाको भूमिका विषयक कार्यशाला | काठमाडौँ | २४ डिसेम्बर २०१४ | ८० जना | एफइएस |
| ६ | मिडिया अधिकार अनुगमन तथा पैरवी तालिम | काठमाडौँ | १५-१६ जुलाइ २०१४ | २५ जना | आइएफजे |
| ७ | युनियन लिडरसिप कार्यशाला | बाँके | २-३ डिसेम्बर २०१४ | ४२ जना | आइएफजे |
| ८ | प्रेस स्वतन्त्रता हनन अनुगमनका लागि संस्थागत मानदण्ड निर्माण कार्यशाला | काठमाडौँ | २६-२७ अगस्ट २०१४ | ३७ जना | युनेस्को |
| ९ | चितवन अन्नपूर्ण ल्यान्डस्केप क्षेत्रमा मौसम परिवर्तनका विषयमा रिपोर्टिङका लागि पत्रकारहरूको क्षमता अभिवृद्धि तालिम | गुल्मी | ९-१० नोभेम्बर २०१४ | १६ जना | डब्लुडब्लुएफ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | चितवन अन्नपूर्ण ल्यान्डस्केप क्षेत्रमा मौसम परिवर्तनका विषयमा रिपोर्टिङका लागि पत्रकारहरूको क्षमता अभिवृद्धि तालिम | स्याङ्जा | १५-१६ अगस्ट २०१४ | १७ जना | डब्लुडब्लुएफ |
| ११ | चितवन अन्नपूर्ण ल्यान्डस्केप क्षेत्रमा मौसम परिवर्तनका विषयमा रिपोर्टिङका लागि पत्रकारहरूको क्षमता अभिवृद्धि तालिम | तनहुँ | १४-१५ अगस्ट २०१४ | १८ जना | डब्लुडब्लुएफ |
| १२ | चितवन अन्नपूर्ण ल्यान्डस्केप क्षेत्रमा मौसम परिवर्तनका विषयमा रिपोर्टिङका लागि पत्रकारहरूको क्षमता अभिवृद्धि तालिम | कास्की | | ३१ जना | डब्लुडब्लुएफ |
| १३ | चितवन अन्नपूर्ण ल्यान्डस्केप क्षेत्रमा मौसम परिवर्तनका विषयमा रिपोर्टिङका लागि पत्रकारहरूको क्षमता अभिवृद्धि तालिम | पर्वत | १८-१९ अगस्ट २०१४ | २८ जना | डब्लुडब्लुएफ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | चितवन अन्नपूर्ण ल्यान्डस्केप क्षेत्रमा मौसम परिवर्तनका विषयमा रिपोर्टिङका लागि पत्रकारहरूको क्षमता अभिवृद्धि तालिम | म्याग्दी | १९-२० अगस्ट २०१४ | १९ जना | डब्लुडब्लुएफ |
| १५ | चितवन अन्नपूर्ण ल्यान्डस्केप क्षेत्रमा मौसम परिवर्तनका विषयमा रिपोर्टिङका लागि पत्रकारहरूको क्षमता अभिवृद्धि तालिम | पाल्पा | ८-९ नोभेम्बर २०१४ | २० जना | डब्लुडब्लुएफ |
| १६ | सङ्घीयता र मिडिया : सार्वजनिक बहस | काठमाडौँ | २९ फेब्रुअरी २०१६ | २४ जना | फोरम अफ फेडरेसन्स |
| १७ | सङ्घीयता र मिडिया : सार्वजनिक बहस | कैलाली | ३ मार्च २०१६ | ४० जना | ” |
| १८ | सामूहिक नेतृत्व र सुशासनमा मिडियाको भूमिका | काठमाडौँ | ३१ मार्च २०१६ | ३० जना | सर्च फर कमन ग्राउन्ड |
| १९ | दक्षिण एसियामा बेपत्ता पत्रकारहरूको अनलाइन रेकर्ड सार्वजनिकीकरण कार्यक्रम | काठमाडौँ | १६ नोभेम्बर २०१६ | ६० जना | आइएफजे |
| २० | पोषण तथा खाद्य सुरक्षाका विषयमा पत्रकार अभिमुखीकरण | काठमाडौँ | ३ जुलाइ २०१५ | ४० जना | नेसनल प्लानिङ कमिसन |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | साक्षर नेपाल अभियान कार्यक्रम | काठमाडौँ | २० चैत २०७१ | ५० जना | अनौपचारिक शिक्षा केन्द्र भक्तपुर |
| २२ | कानुनी राज्यको अवधारणा विषयक क्षेत्रीय गोष्ठी | मोरङ | ५ सेप्टेम्बर २०१४ | ३६ जना | युनेस्को |
| २३ | कानुनी राज्यको अवधारणा विषयक क्षेत्रीय गोष्ठी | धनकुटा | ४ सेप्टेम्बर २०१४ | ४३ जना | युनेस्को |
| २४ | कानुनी राज्यको अवधारणा विषयक क्षेत्रीय गोष्ठी | धनुषा | १२ अक्टोबर २०१४ | ५८ जना | युनेस्को |
| २५ | कानुनी राज्यको अवधारणा विषयक क्षेत्रीय गोष्ठी | मकवानपुर | १३ अक्टोबर २०१४ | ६९ जना | युनेस्को |
| २६ | कानुनी राज्यको अवधारणा विषयक क्षेत्रीय गोष्ठी | मोरङ | ३ मार्च २०१५ | ३६ जना | युनेस्को |
| २७ | सेल्फ सेन्सरसिप विषयक राष्ट्रिय सम्मेलन | काठमाडौँ | १७ अप्रिल २०१५ | ४० जना | युनेस्को |
| २८ | सेल्फ सेन्सरसिप विषयक क्षेत्रीय परामर्श गोष्ठी | कास्की | २५ मार्च २०१५ | ५४ जना | युनेस्को |
| २९ | सेल्फ सेन्सरसिप विषयक क्षेत्रीय परामर्श गोष्ठी | बाँके | १२ अप्रिल २०१५ | ४० जना | युनेस्को |

**परियोजनाहरू :**

पत्रकार महासङ्घले आफ्नो आन्तरिक खर्च व्यवस्थापनमा सहयोग र पत्रकारको क्षमता अभिवृद्धिका निम्ति विदेशी सङ्घ/संस्थासँगको सहकार्यमा परियोजना तथा कार्यक्रमहरू सञ्चालन गरेको छ ।

**परियोजना र कार्यक्रमहरू**

| क्र. सं. | परियोजनाको नाम | अवधि | मुख्य गतिविधि | सहयोग | अवस्था |
|---|---|---|---|---|---|
| १ | पत्रकार सुरक्षा नीति निर्माण | जुन - जुलाई २०१७ | • महासङ्घको आफ्नो पत्रकार सुरक्षा नीति निर्माण गर्ने | इन्टरनेसनल मिडिया सपोर्ट (आइएमएस) | नीति निर्माणको काम भइरहेको |
| २ | नागरिक समाज उत्तरदायित्व परियोजना | जनवरी २०१७ देखि जुन २०१९ सम्म | • नीतिनिर्माण तथा वकालत<br>• पत्रकार आचारसंहिताका विषयमा छलफल<br>• मिडिया हाउसहरूका लागि पत्रकारको सेवा/सुविधा र सुरक्षाका विषयमा नीति निर्माणका लागि सुझाव<br>• मिडिया मिसन | युएसएआइडी/ एफएचआइ ३६० | जनवरी २०१७ देखि परियोजना सुरु भई कार्यक्रम सञ्चालनमा रहेको |
| ३ | मिडिया अभिव्यक्ति स्वतन्त्रता प्रवर्द्धन | जनवरी २०१६ देखि जुलाइ २०१८ सम्म | • सुनसरी, पर्सा, काठमाडौँ, रुपन्देही, बाँके र कैलाली गरी ६ जिल्लामा फ्रि मिडिया नेटवर्क स्थापना। प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाको अभिलेख।<br>• सन् २०१७ मा सुनसरी, पर्सा, रुपन्देही, बाँके र कैलालीमा दुई दिने प्रेस स्वतन्त्रता हनन्का घटना रिपोर्टिङसम्बन्धी तालिम प्रदान गरिएको।<br>• मिडिया मिसन | इन्टरनेसनल अलर्ट/ युरोपियन युनियन | जुलाइ २०१८ सम्मका लागि सञ्चालनमा रहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सूचनाको अधिकार तथा खोज पत्रकारितासम्बन्धी तालिम | २०१२ जुन देखि २०१६ जुनसम्म । | ● १९ जिल्लाका २५० पत्रकारका लागि सूचनाको अधिकार तथा खोज पत्रकारितासम्बन्धी तालिम सञ्चालन<br>● तालिम लिएका पत्रकारलाई सूचनाको अधिकार कानुन प्रयोग गरी रिपोर्टिङ गर्न लेखनवृत्ति उपलब्ध गराउने | युनेस्को | सम्पन्न |
| ५ | भूकम्पपीडित पत्रकारलाई सहयोग तथा तनाव न्यूनीकरण कार्यशाला | अक्टोबर २०१५ देखि जुन २०१६ | ● भूकम्पमा मृत्यु भएका पत्रकारका परिवारलाई सहयोग<br>● गोरखा, दोलखा, सिन्धुपाल्चोक नुवाकोट, रसुवा, धादिङ, काभ्रे, भक्तपुर, ललितपुर र काठमाडौंमा पाँचवटा कार्यशाला | आइएफजे | सम्पन्न |
| ६ | सङ्घीयतामा मिडियाको भूमिका | अप्रिलदेखि जुन २०१६ सम्म | ● पत्रकार तथा मिडियाकर्मीबीच सङ्घीयतामा मिडियाको भूमिकाका विषयमा कठमाडौंमा दुई र काठमाडौंबाहिर दुई गरी जम्मा ४ वटा अन्तरक्रिया | द फोरम अफ फेडरेसन्स | सम्पन्न |
| ७ | पत्रकार सुरक्षा परियोजना | अप्रिलदेखि जुन २०१६ | ● मिडिया मिसन, पत्रकार सुरक्षा आकस्मिक कोषलगायत | इन्टरनेसनल मिडिया सपोर्ट (आइएमएस) | सम्पन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | अवहेलना विधेयककोअध्ययन तथा समीक्षा | मे २०१५ - अगस्ट २०१५ | • अदालतको अवहेलनासम्बन्धी विधेयकमा मिडिया स्वतन्त्रतासम्बन्धी प्रावधानको समीक्षा गरी प्रतिवेदन तयार गर्ने | एलायन्स फर सोसियल डाइलग | सम्पन्न |
| ९ | वातावरण परिवर्तन परियोजना | अगस्ट २०१४ देखि नोभेम्बर २०१४ | • चितवन अन्नपूर्ण भू-परिधि क्षेत्रमा वातावरणीय परिवर्तनका विषयमा रिपोर्टिङका लागि सञ्चारकर्मीको क्षमता अभिवृद्धि तालिम | विश्व वन्यजन्तु कोष | सम्पन्न |
| १० | सुरक्षा र दण्डहीनताका विषयमा ट्रेड युनियन रणनीति | सेप्टेम्बर २०१४ देखि नोभेम्बर २०१४ | • साङ्गठनिक नेतृत्व विषयक कार्यशाला | आइएफजे | सम्पन्न |
| ११ | पत्रकार सुरक्षा अभिवृद्धि परियोजना | अगस्ट २०१४ देखि डिसेम्बर २०१४ | • मिडिया अधिकार उल्लङ्घनका घटनाको अनुगमन ढाँचा निर्माण कार्यशाला<br>• पत्रकार सुरक्षामा न्यायिक निकायहरूको भूमिका विषयक क्षेत्रीय परामर्श गोष्ठी<br>• शान्ति स्थापनामा मिडियाको भूमिका विषयक क्षेत्रीय परामर्श गोष्ठी<br>• सेल्फ सेन्सरसिपका विषयमा क्षेत्रीय परामर्श गोष्ठी<br>• सेल्फ सेन्सरसिपका विषयमा राष्ट्रिय सम्मेलन | युनेस्को | सम्पन्न |

तीन वर्षको कार्यकालमा महासङ्घले एक हजारभन्दा बढी पत्रकारलाई तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाएको छ । त्यस्ता कार्यक्रममा सम्पादकहरूको समेत सहभागिता थियो ।

**आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठनमा पहल**

पत्रकारको दक्षता एवम् प्राज्ञिक क्षमता अभिवृद्धिका लागि आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठनका लागि २४ औँ महाधिवेशनबाट निर्वाचित कार्यसमितिको पहिलो बैठकबाट पहल थालियो । सोही कारण २०७१/०७२ को बजेटमा सरकारले रकम पनि छुट्याएको थियो । तर कार्यान्वयन हुन भने सकेन । तरुपनि त्यसका लाीग महासङ्घले पहल गर्दै आएको छ । तेस्रो पटक यस आर्थिक वर्षको बजेट वक्तव्यमा केन्द्र र सातै प्रदेशमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्ने उल्लेख छ ।

**छलफल तथा भेटघाट कार्यक्रम**

मिडिया र पत्रकारिताका मुद्दालाई महासङ्घले निरन्तर उठाउँदै आएको छ । यस क्रममा महासङ्घले विभिन्न पक्षसँग छलफल तथा भेटघाट गर्‍यो । त्यसमध्ये केही विवरण यहाँ प्रस्तुत छ :

- पत्रकार महासङ्घको आयोजनामा २०७१ असार १९ गते श्रमजीवी पत्रकारको हकहित र लोककल्याणकारी विज्ञापनको वृद्धि रकम भुक्तानी सम्बन्धमा सरोकारावाला पक्षसँग छलफल भयो । २०७० साउनदेखि लागु हुनेगरी लोककल्याणकारी विज्ञापनबापतको २५ प्रतिशत वृद्धि रकम सरकारले उपलब्ध नगराएको भन्दै सरोकारवालाले आपत्ति जनाएका थिए ।
- २०७१ साल मङ्सिर २ गते पत्रकार महासङ्घका पदाधिकारीले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भेट गरी दलबीच सहमति जुटाएर २०७१ माघ ८ गतेभित्रै नयाँ संविधान जारी गर्न आग्रह गरे । सोही दिन त्यही विषयलाई लिएर एकीकृत नेकपा (माओवादी) अध्यक्ष पुष्पकमल दाहालसँग पनि महासङ्घका पदाधिकारीले भेटघाट गरी समयमा नै संविधान जारी गर्न अनुरोध गरे ।
- २०७१ साल मङ्सिर ४ गते पत्रकार महासङ्घका पदाधिकारीले संविधान सभाका सभामुख  सुवासचन्द्र नेम्वाङसँग भेट गरी समयमै संविधान जारी गर्ने वातावरण सिर्जना गर्न ध्यानाकर्षण गरे ।
- नेपाल पत्रकार महासङ्घका अध्यक्ष डा. महेन्द्र विष्ट नेतृत्वको प्रतिनिधिमण्डलले २०७१ फागनु १७ गते प्रधानमन्त्री सुशील कोइरालासँग भेट गरी श्रमजीवी पत्रकारका पेशागत मुद्दा र संविधान निर्माणको विषयमा ध्यानाकर्षण गराएको

थियो । महासङ्घले श्रमजीवी पत्रकार ऐन जारी भएको २० वर्ष भइसक्दा पनि कार्यान्वयनमा समस्या रहेकाले  ऐन कार्यान्वयनमा पहलकदमी लिन प्रधानमन्त्रीलाई आग्रह गरेको थियो ।

- पत्रकार महासङ्घले श्रमजीवी पत्रकारका समस्या र मिडिया क्षेत्रका मुद्दाका विषयमा २०७२ साउन २७ गते मिडिया सोसाइटी, टिविएनसहितका विभिन्न टेलिभिजन र ब्रोडसिट दैनिकको व्यवस्थापन पक्षसँग छलफल गर्‍यो । छलफलमा महासङ्घका पदाधिकारीले पत्रकारलाई नियुक्तिपत्र, न्यूनतम पारिश्रमिक, समयमै पारिश्रमिक भुक्तानीका साथै श्रमजीवी पत्रकार ऐनले व्यवस्था गरेका सुविधा उपलब्ध गराउन व्यवस्थापन पक्षको ध्यानाकर्षण गराएका थिए ।
- २०७२ साल कात्तिक १९ गते पत्रकार महासङ्घको प्रतिनिधिमण्डलले राष्ट्रपति विद्यादेवी भण्डारीलाई राष्ट्रपतिमा नियुक्त हुनुभएकामा बधाई दिँदै नाकाबन्दीका कारण आमसञ्चारलगायत सबै क्षेत्र सङ्कटग्रस्त बन्दै गएकाले राष्ट्र प्रमुखको हैसियतमा संवैधानिक र संस्थागत दायित्व निर्वाह गर्नका लागि ध्यानाकर्षण गर्‍यो ।
- २०७२ साल कात्तिक २२ गते उपराष्ट्रपति नन्दबहादुर पुनसँग भेट गरी बधाई तथा शुभकामना दिँदै पत्रकार महासङ्घको प्रतिनिधिमण्डलले देशभर सञ्चार माध्यम र सञ्चारकर्मीमाथि परिरहेका समस्याबारे जानकारी गरायो ।
- पत्रकार महासङ्घले आफ्नो संस्थागत संरचनालाई नयाँ ढङ्गबाट विधान पुनर्लेखनका लागि सरोकारवाला सङ्घ/संस्थाका प्रतिनिधि र विज्ञहरूसँग २०७२ चैत ७ गते छलफल गरेको थियो । महासङ्घको केन्द्रीय कार्यालयमा आयोजित छलफलमा सहभागीले मुलुकमा नयाँ संविधान जारी भएसँगै महासङ्घको संस्थागत संरचना बदल्नुपर्ने सुझाव दिएका थिए । छलफलमा सहभागीले केन्द्र, प्रदेश र स्थानीय तहको संरचना हुनुपर्ने सुझाव दिएका थिए ।
- २०७३ साल जेठ १० गते पत्रकार महासङ्घको प्रतिनिधिमण्डलले सूचना तथा सञ्चार मन्त्री शेरधन राईसँग भेटी नेपाली प्रेस र पत्रकारले भोगिरहेका समस्या समाधानका सन्दर्भमा ध्यानाकर्षण गरायो (हेर्नुहोस्, अनुसूची-४) ।
- २०७३ साल साउन ३२ गते पत्रकार महासङ्घको प्रतिनिधिमण्डलले प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटी बधाई तथा शुभकामना दिनुका साथै सञ्चार क्षेत्रका विविध विषयबारे जानकारी गरायो ।
- २०७३ साल भदौ ७ गते पत्रकार महासङ्घको प्रतिनिधिमण्डलले सञ्चार मन्त्री राम कार्कीलाई भेटी न्यूनतम पारिश्रमिक र सोबमोजिम तहगत वर्गीकरणका

आधारमा मिलान हुने गरी समग्र पत्रकार, कर्मचारीका पक्षमा काम गर्न आग्रह गर्‍यो ।

- पत्रकार महासङ्घका पदाधिकारीले प्रधान मन्त्री शेरबहादुर देउवासँग २०७४ साल असार ६ गते र सूचना तथा सञ्चार मन्त्री मोहनबहादुर बस्नेतसँग २०७४ साल साउन १७ गते छलफल गरेको थियो । जसमा श्रमजीवी पत्रकार ऐन कार्यान्वयन, पत्रकारको सुरक्षालगायत विषयमा छलफल भएको थियो ।

**अन्तर्राष्ट्रिय सम्बन्ध**

नेपाल पत्रकार महासङ्घले यस अवधिमा विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्था तथा पत्रकार संगठनहरुसँग आफ्नो सम्बन्धलाई निरन्तरता र विस्तार गर्‍यो । सन् २०१६ जुन ६ देखि १० सम्म फ्रन्सको एन्जेर्समा सम्पन्न अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ (आइएफजे) को २९ औं महाधिवेशनमा नेपला पत्रकार महासङ्घको टोलीले सहभागीता जनाएको थियो । अध्यक्ष डा. महेन्द्र विष्टले नेतृत्वको टोलीमा केन्द्रीय सदस्य तथा पूर्वाञ्चल संयोजक गणेश पोखरेल, केन्द्रीय सदस्य तथा सुदूरपश्चिम संयोजक प्रकाशविक्रम शाह, केन्द्रीय सदस्य किसान संगीत, महासङ्घ युरोप शाखाका अध्यक्ष केजिन राई र केन्द्रीय सभासद् दिपेन्द्र श्रेष्ठ सहभागी थिए । भ्रमणका क्रममा टोलीले महाधिवेशनमा भाग लिनुका साथै विश्वभरका विभिन्न पत्रकार सङ्घ संगठनहरुसँग सम्बन्ध विस्तार गर्ने अवसर पनि पाएको थियो । महाधिवेशन लगत्तै महासङ्घ अध्यक्ष डा. विष्ट र आइएफजेका नवनिर्वाचित अध्यक्ष फिलिप लेरुथबीच द्विपक्षीय छलफल भएको थियो, जसमा लेरुथले आइएफजेको नयाँ नेतृत्वले नेपाललाई महत्वका साथ हेर्ने र आवश्क सहयोग गर्ने बताएका थिए ।

त्यसैगरी नेपाल पत्रकार महासङ्घ र चीनको अल चाइन जर्नलिस्ट एसोसिएसनबीच भएको समझदारी अनुसार यस अवधिमा नेपाली पत्रकारहरुको एउटा टोलीले मित्र राष्ट्र चीनको भ्रमण गर्‍यो । चिनियाँ पत्रकारहरुको दुई वटा टोली नेपाल भ्रमणमा आयो । प्रत्येक वर्ष आलोपालोका आधारमा नेपाली र चिनियाँ पत्रकारहरुले एकअर्को देशको भ्रमण गर्ने समझदारी अनुसार अध्ययन भ्रमण हुने गरेको छ । चीन भ्रमणमा गएको नेपाली टोलीको नेतृत्व महासङ्घका महासचिव उजिर मगरले गरेका थिए, जसमा केन्द्रीय सदस्यहरु गणेश पोखरेल, हरिनारायण गौतम, राजु लामा र कमल परियार तथा महासङ्घ नवलपरासी शाखा अध्यक्ष नारायण प्रसाद शर्मा सहभागी थिए । त्यसैगरी चिनियाँ पत्रकारहरुको टोलीले पनि २८ मे देखि जुन १ २०१६ सम्म नेपाल भ्रमण गरेको थियो । ६ सदस्यीय उक्त टोलीको नेतृत्व अल चाइना जर्नलिस्ट एसोसिएसनका कार्यकारी सचिव गाव साङगाङले गरेका थिए ।

**निष्कर्ष :**

पत्रकारको मुख्य दायित्व सत्य/तथ्य समाचार तथा स्तरीय सामग्री पाठक, स्रोता तथा दर्शकलाई उपलब्ध गराउने हो। त्यो जिम्मेवारी पूरा गर्न पत्रकारहरू विषयवस्तु र प्रविधिमा समेत दक्ष हुन आवश्यक छ। त्यस्तै नयाँ नयाँ विषयबारे पनि जानकारी हासिल गर्नुपर्छ। त्यस अतिरिक्त नेतृत्वसम्बन्धी पनि जानकारी हासिल गर्नुपर्छ। त्यसका लागि पत्रकार महासङ्घले पत्रकारको योग्यता, दक्षता र सिप अभिवृद्धिमा पहलकदमी लिएको छ। तीन वर्षमा एक हजारभन्दा बढी पत्रकारले तालिम तथा प्रशिक्षण पाएका छन्। विभिन्न विषयमा अयोजित कार्यक्रममा सरिक भएका छन्। त्यस्तै केही पत्रकारले विदेश भ्रमण गरी अनुभव आदन प्रदान पनि गरे भने विदेशी केही पत्रकारले नेपालको भ्रमण गरी अनुभव आदान प्रदान गरे।

अझ पनि कैयौँ पत्रकार दक्षता वृद्धिसम्बन्धी तालिम तथा प्रशिक्षण लिन बाँकी छन्। कार्यक्रम सञ्चालन गर्दा दुर्गम क्षेत्रमा पत्रकारलाई विशेष प्राथमिकता दिन आवश्यक हुन्छ। पत्रकारहरू दक्ष र इमान्दार भए भने नेपाली मिडिया र पत्रकारको गरिमा र विश्वसनीयतासमेत बढ्छ। त्यसैले आगामी दिनमा महासङ्घले आवश्यकता पहिचान गरी सबैखालका पत्रकारलाई तालिम तथा प्रशिक्षण लिने अवसर सिर्जना गर्नुपर्ने देखिन्छ।

❖❖

# पुरस्कार तथा लेखनवृत्ति

नेपाल पत्रकार महासङ्घले पत्रकारलाई प्रोत्साहन गर्नका लागि विभिन्न पुरस्कार स्थापना गरी प्रदान गर्दै आएको छ। यस्तै मिडियामा खोजमूलक सामग्री प्रकाशन तथा प्रसारण गर्न लेखनवृत्ति पनि दिने गरेको छ। यसरी पुरस्कार तथा लेखनवृत्ति प्रदान गर्दा यसले नेपाली मिडियाको गुणात्मक वृद्धि गर्नुका साथै विभिन्न वर्ग र समुदायका आवाज पनि मिडियामा आउन सहयोग पुग्छ भन्ने महासङ्घको विश्वास छ।

महासङ्घको अभिलेखअनुसार २०४९ सालमा कसमस विश्वकर्मालाई गोपाल गोतामे पत्रकारिता पुरस्कार प्रदान गरिएको थियो। त्यसपछि पुरस्कार दिने क्रम बढेको पाइन्छ। स्रोत व्यवस्थापनमा समस्या हुँदा केही पुरस्कार बीचमा बन्द भएका छन्। तर पनि महासङ्घले विभिन्न सङ्घ/संस्थाको सहकार्यमा स्रोत व्यवस्थापन गरी पुरस्कार र लेखनवृत्ति प्रदान गर्ने क्रम बढाएको छ। पुरस्कार र लेखनवृत्ति प्रदान गर्ने विषयमा व्यक्तिगत योगदान र क्षमताका साथै टिभी, रेडियो, पत्रिका र अनलाइनलाई समेत ध्यान दिइएको छ। त्यसैगरी क्षेत्र पनि हेर्ने गरिएको छ। महासङ्घको वर्तमान नेतृत्वले पुरस्कार र लेखनवृत्तिलाई विस्तार गरेको छ *(हेर्नुहोस्, पृ. ८०, ८१ र ८२)*।

## पुरस्कार तथा लेखनवृत्ति

| क्र.सं. | पुरस्कारको नाम | स्थापना साल | प्राप्त गर्ने व्यक्ति | पुरस्कार | कैफियत |
|---|---|---|---|---|---|
| १. | गोपाल गोतामे पत्रकारिता पुरस्कार | २०४७ | कसमस विश्वकर्मा २०४९ | १ तोला सुनको तक्मासहित प्रत्येक वर्ष प्रदान गरिँदै आएको । | सम्पादक समाजबट प्रदान गर्ने उक्त पुरस्कार हाल महासङ्घ पर्सा शाखाबाट प्रदान गर्ने गरिएको । |
| २. | श्रीधर आचार्य राष्ट्रिय पत्रकारिता पुरस्कार | २०६२ | कान्तिपुरका फोटो पत्रकार प्रकाश माथेमा र झापाका पत्रकार कृष्ण हुमागाईंलाई संयुक्त २०६३,<br>हर्ष सुब्बा सुनसरी र डिआर घिमिरे रुपन्देही २०६४,<br>स्व. वीरेन्द्र साह बारा र दामोदर न्यौपाने गोर्खा २०६५<br>र वृजकुमार यादव धनुषा र बबिता बस्नेत काठमाडौं २०६६ | रु. १,११,००० | हाल बन्द । |
| ३. | पत्रकार भाइराजा स्मृति पत्रकारिता पुरस्कार | २०६४ | स्व. डिकमान विरही झापा २०६५ (मरणोपरान्त) | रु. १०,००१ | हाल बन्द । |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | कृष्णप्रसाद भट्टराई राष्ट्रिय पत्रकारिता पुरस्कार | २०६७ | किशोर नेपाल २०६७, जगदीशप्रसाद शर्मा पर्सा- २०६९, दुर्गा बराल कास्की वात्सायन), २०७३ | रु. १,००,००० | |
| ५. | उमा सिंह पत्रकारिता पुरस्कार | २०६६ | उमेश साह (धनुषा) २०६९, शान्ता अधिकारी (चितवन) सरिता दाहाल (मकवानपुर) | रु. १०,००० | |
| ६. | राष्ट्रिय/क्षेत्रीय लेखनवृत्ति शिक्षा पत्रकारिता पुरस्कार | २०६१ | २८ जनालाई राष्ट्रिय, ८१ जनालाई क्षेत्रीय र ३५० जनालाई लेखनवृत्ति प्रदान गरिएको । | राष्ट्रिय रु. ७५, ०००, क्षेत्रीय रु. २५,००० र लेखनवृत्ति जनही रु. १५००० | २०६१ सालदेखि निरन्तर वितरण भइरहेको । |
| ७. | नेपाल एड्स मिडिया अवार्ड | सन् २०१० बाट सुरु | सन् २०१२ मा नयाँ पत्रिका, विष्णु घिमिरे, चन्द्र बानियाँ आरती चटौत | | हाल बन्द |
| ८. | नेजा ग्रामीण पत्रकारिता पुरस्कार | २०७० | प्रताप विष्ट (मकवानपुर), २०७३ । जनक केसी (जाजरकोट) २०७३ | रु. १,११,१११.११ | |
| ९. | गौरी कठायत स्मृति पत्रकारिता पुरस्कार | २०७२ | तुलाराम पाण्डे कालीकोट २०७३ | रु. १५,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | लैङ्गिक समानता पत्रकारिता पुरस्कार | २०७३ | बबिता बस्नेत (काठमाडौँ) धीरेन्द्र प्रेमर्षि धनुषा | रु. ४०,००० का दरले २ जनालाई | यसै वर्ष स्थापना गरिएको |
| ११. | बाल संवेदनशील राष्ट्रिय पत्रकारिता पुरस्कार | २०७४ | | रु. २५,००० का दरले देशभरबाट ८ जनालाई प्रदान गरिएको । | यसै वर्ष स्थापना भएको । |
| १३. | गोविन्द वियोगी राष्ट्रिय पत्रकारिता पुरस्कार | २०७४ | | | २०७३ सालमा स्थापना |
| १४ | सूचनाको हक तथा खोज पत्रकारिता | २०७३ | ४ जनालाई | जनही रु. १५००० | |
| १५ | अभिव्यक्ति स्वतन्त्रताको अधिकार : नेपालमा सञ्चार माध्यममा अभिव्यक्ति स्वतन्त्रताको प्रवर्धनअन्तर्गत लेखनवृत्ति | २०७४ | | २३ जना पत्रकारलाई प्रदान गर्ने निर्णय भएको । जनही रु. २०,०००/ | |
| १६. | कृष्ण सेन स्मृति पत्रकारिता पुरस्कार | २०७४ | | कृष्ण सेन स्मृति पत्रकारिता पुरस्कार | |

# पत्रकार सङ्घदेखि महासङ्घसम्म

– लक्की चौधरी

**पृष्ठभूमि :**

नेपाल पत्रकार महासङ्घ नेपाली पत्रकारको छाता सङ्गठन हो । पत्रकारलाई सङ्गठित गरी व्यावसायिक नेतृत्व प्रदान गर्दै उनीहरूको हक-अधिकार प्रवर्द्धन गर्ने यसको मूल ध्येय, लक्ष्य र दायित्व हो । पत्रकारको सङ्गठन खोलिएको ६ दशकभन्दा बढी हुँदा पत्रकारको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ भने पत्रकारिताको आयाममा पनि धेरै परिवर्तन आएका छन् । यस आलेखमा सङ्घदेखि महासङ्घ हुँदै अहिलेसम्म आउँदाको अवस्था र त्यसबीचमा भएका महत्वपूर्ण पक्ष समेट्ने प्रयास गरिएको छ ।

**पत्रकार सङ्घ :**

नेपालमा २००७ सालमा राणा शासन अन्त्य भई प्रजातन्त्र बहाली भयो । त्यसको एक वर्षपछि पत्रकारको सङ्गठन स्थापना भएको पाइन्छ । नेपालमा सबैभन्दा पहिले २००८ सालमा 'नेपाल पत्रकार सङ्घ' नामक पत्रकारको एउटा सङ्गठन स्थापना भयो । यस सङ्घका सभापति सत्यनारायणबहादुर श्रेष्ठ र सेक्रेटरी भोजबहादुरसिंह न्यौपाने हुनुहुन्थ्यो (देवकोटा, २०५१, पृ. १४९) ।

सङ्घको उद्देश्य नेपालका पत्रकार तथा नेपालबाहिरका नेपाली पत्रकारलाई सङ्गठित गरी तिनीहरूको आवश्यक सुविधाका लागि प्रयत्नशील रहने, नेपालबाहिरका पत्रकारसँग सम्बन्ध स्थापित गरी नेपाली श्रमजीवी पत्रकार र समाचारपत्रहरूको अधिकार रक्षा गर्नु थियो । सङ्घको सदस्यता प्राप्त गर्न नेपाली पत्रकार हुनुपर्ने, समाचारपत्रका सम्पादकीय विभागका सदस्य हुनुपर्ने र नियमित लेखन कार्यमा संलग्न हुनुपर्ने थियो । श्रेष्ठले २००९ सम्म सङ्घको नेतृत्व गरेका थिए । तर त्यसले निरन्तरता पाएको देखिँदैन (दाहाल, २०६०, पृ.३) ।

२०१२ साल चैत १६ गते पत्रकारहरूको अर्को बैठक बस्यो र यस बैठकले 'नेपाल पत्रकार सङ्घ' नामक पत्रकार-सङ्घ गठन गर्‍यो (देवकोटा, २०५१, पृ. १५१) । सङ्घका सभापति नेपाल पुकार पत्रिकाका सम्पादक कृष्णप्रसाद उपाध्याय भट्टराई थिए । यही पत्रकार सङ्घलाई नै नेपाल पत्रकार महासङ्घको अविच्छिन्न उत्तराधिकारवाला संस्थाका रूपमा लिने गरिएको छ । नेपाल पत्रकार सङ्घको विधान २०५१ मा 'नेपाल पत्रकार सङ्घ नामक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित, व्यावसायिक एवम् पेशागत संस्था संस्थापित भएको छ' भन्ने उल्लेख थियो । भट्राईले अध्यक्ष भएर एक वर्ष सङ्घ चलाएका थिए । नेपाल पत्रकार महासङ्घको २०५६ साल

असार १३ गते बसेको केन्द्रीय समितिको आकस्मिक बैठकले नेपाल पत्रकार महासङ्घ (तत्कालीन सङ्घ) का प्रथम सभापति एवं प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलगायतको सम्मानमा निकट भविष्यमा स्वागत समारोह आयोजना गर्ने निर्णय गरेको थियो । नेपाल पत्रकार महासङ्घको विधान २०६० (चौथो संशोधन, २०७३) को दफ (३९) मा अविच्छिन्नताअन्तर्गत '२०१२ साल चैत १६ गते स्थापना भई राष्ट्रिय निर्देशन ऐन २०१८ अनुसार दर्ता भएको नेपाल पत्रकार महासङ्घलाई सङ्घ/संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता लिई क्रियाशील रहेको नेपाल पत्रकार महासङ्घको अविच्छिन्न उत्तराधिकारवाला संस्थाका रूपमा मानिनेछ' भन्ने उल्लेख छ। २०१२ साल चैत १६ गतेलाई नेपाल पत्रकार सङ्घको स्थापना वा पुनर्गठन भन्ने सन्दर्भमा फरक-फरक अवधारणा पनि आएका छन्। कुनै दस्तावेजमा 'वि.सं. २०१२ चैत १६ गते सङ्घलाई पुनर्गठन गरियो' (थापा, २०७३, पृ.९१) भन्ने उल्लेख पाइन्छ भने कुनैमा 'श्रेष्ठले नेतृत्व गरेको सङ्घको निरन्तरता नदेखिएकाले नेपाल पत्रकार महासङ्घ स्थापनाको आधिकारिक मिति २०१२ साल चैत १६ लाई नै मानिँदै आएको हो' (दाहाल, २०६०, पृ.३) भन्ने पाइन्छ।

त्यसपछि सङघको अध्यक्षमा दाताराम शर्मा (२०१३-२०१८), फत्तेबहादुर सिंह (२०१८-२०१९) भए। पशुपतिदेव पाण्डे (२०१९-०२५), मणिन्द्रराज श्रेष्ठ (२०२५-०२७), गोपालदास श्रेष्ठ (२०२७-०३०), गोकर्णदेव पाण्डे (२०३०-०३२), इन्द्रकान्त मिश्र (२०३२-०३५), मञ्जुरत्न शाक्य (२०३५-०३९), निर्मलकुमार अर्याल (२०३९-०४३), मणिराज उपाध्याय (२०४३-०४६), गोविन्द वियोगी (२०४६-०४९), होमनाथ दाहाल (२०४९-०५२), हरिहर विरही (२०५२-०५४) भए (चौधरी, २०७३, पृ. १४१-१४२)।

**महासङ्घमा नेतृत्व :**

तत्कालीन सङ्घका सभापति हरिहर विरहीको पालामा २०५३ जेठ २८ र २९ गते धरानमा भएको वार्षिक साधारण सभाले सङ्घलाई महासङ्घमा लग्न आधिकारिकरूपमा विधान अनुमोदन गरेको थियो। सोही अनुमोदित विधानअनुरूप सङ्घ/महासङ्घमा परिणत भएपछि २०५४ भदौ ३० गते भएको महाधिवेशनले किशोर नेपाल (२०५४-०५६) लाई सभापतिमा निर्वाचित गऱ्यो । सैद्धान्तिकरूपमा सङ्घलाई महासङ्घ बनाउने निर्णय विरहीको पालामा भए पनि व्यवहारमा महासङ्घ भएपछिको प्रथम सभापति हुने अवसर नेपाललाई जुऱ्यो। २०५६ मङ्सिर १९ गते अर्को महाधिवेशन सम्पन्न भयो। महाधिवेशनबाट सभापतिमा सुरेश आचार्य (२०५६-२०५९) निर्वाचित भए । त्यसपछि महासङ्घको सभापतिमा तारानाथ दाहाल (२०५९-०६२), विष्णु

निष्ठुरी (०६२-०६५), धर्मेन्द्र झा (०६५-०६८), शिव गाउँले (०६८-०७१) र डा. महेन्द्र विष्ट (०७१-०७४) निर्वाचित भए। महासङ्घको मुख्य नेतृत्वलाई सभापति भन्ने गरिएकामा २०६४ साल असार १५ गतेको चितवनमा आयोजित अध्यक्षहरूको भेलाले सभापतिलाई अध्यक्ष भन्ने व्यवस्था गरेको हो।

२०७१ वैशाख २० र २१ गते काठमाडौँमा सम्पन्न २४ औँ महाधिवेशनले डा. विष्टको कार्यसमिति निर्वाचित गरेको थियो। तीनवर्षे कार्यकाल २०७४ वैशाख २१ गते समाप्त हुनुपर्ने भए पनि स्थानीय तहको निर्वाचनका कारण कार्यसमितिको कार्यकाल साँढे तीन महिना लम्बियो।

**महासङ्घको विगत :**

वि.सं. २००८ सालमा नेपाल पत्रकार सङ्घ गठन गर्दा त्यसको उद्देश्यमा श्रमजीवी पत्रकारको हक हित गर्नु उल्लेख थियो। सत्यनारायणबहादुर श्रेष्ठ अध्यक्ष रहेको सङ्घको प्रतिनिधिमण्डलले त्यही विषयमा गृह मन्त्रालय पुगेर सरकारलाई घच्घच्याएको थियो (विष्ट, २०७२, पृ. ४)। सङ्घ गठनअघि नै २००८ वैशाख ९ गते काठमाडौँस्थित सरस्वती सदनको पटाङ्गिनीमा भारतीय दैनिकपत्र 'सर्चलाइट' का उपसम्पादक नवल किशोरको अगुवाइमा भेला आयोजना भएको थियो। परिवर्तित प्रजातन्त्र र नेपाली पत्रकारको हितरक्षा र सुविधा दिलाउने उद्देश्यसाथ सो भेला आयोजना गरिएको उल्लेख छ। सङ्घ गठनको एक वर्षपछि २००९ वैशाख २८ गते सङ्घको दोस्रो सभा भयो। सो सभाले पुनः श्रेष्ठलाई नै सभापति बनाएर कार्यसमितिलाई पूर्णता दियो। जसअनुसार उपसभापतिमा प्रेमराज शर्मा (गोरखापत्र), सचिव भोजबहादुरसिंह न्यौपाने (तरङ्ग), सहसचिव रामहरि जोशी (नेपाल पुकार), कोषाध्यक्ष रामराज शर्मा (नेपाल पुकार), सदस्य नारायणप्रसाद उपाध्याय (युगवाणी), देवेन्द्रराज शर्मा, भीमभक्त जोशी (उद्योग), प्रकाशचन्द्र टण्डन (पिटिआइ) थिए (देवकोटा, २०५१, पृ. १४९)।

सङ्घको दुईजना साधारण सदस्यको सिफारिसमा सदस्य प्राप्त गर्न सक्ने प्रावधान तोकिएको थियो। साधारण सदस्यता प्राप्त गर्न प्रवेश शुल्क एक रुपियाँ र वार्षिक शुल्क दुई रुपियाँ तोकिएको थियो तर यो सङ्घले निरन्तरता पाएन।

**कृष्णप्रसाद उपाध्याय भट्टराई**

२०१२ साल पुस १९ गते उदयराज शास्त्रीको आमन्त्रणमा नेपाल समाचारको कार्यालयमा पत्रकारको बैठक आयोजना गरिएको थियो। तर सो दिन पत्रकारको उपस्थिति कम भएपछि केही ठोस निर्णय भएको थिएन। '२०१२ साल चैत १६ गते पत्रकारहरूको अर्को बैठक बस्यो र यस बैठकले 'नेपाल पत्रकार सङ्घ' नामक पत्रकार-

सङ्घ गठन गऱ्यो' (देवकोटा, २०५१, पृ. १५१) । सो समितिको उपसभापतिमा फत्तेबहादुर सिंह, मन्त्रीमा मणिराज उपाध्याय, सहायक मन्त्रीमा राम सिंह र कोषाध्यक्षमा उदयराज शास्त्री चयन भए। सदस्यमा हृदयचन्द्रसिंह प्रधान, शारदा रेग्मी र राजबहादुर मिश्र छानिए (देवकोटा, २०५१, पृष्ठ १३९) । सङ्घको उद्देश्यमा देशमा प्रबुद्ध र उत्तरदायी जनमत सिर्जना गर्न स्वच्छ पत्रकारिताको विकासमा सहयोग गर्ने, राष्ट्रिय हितमा धक्का नपर्ने गरी पत्रकारको हक र अधिकारका लागि प्रयास गर्ने, पत्रकारउपर समय/समयमा आइपर्ने कष्टहरू निराकरणका लागि आवश्यक कदम उठाउनु थियो। साधारण सदस्यता पाउन दुईजना सदस्यको सिफारिससहित आवेदन, प्रवेश शुल्क १० रुपियाँ र मासिक १ रुपियाँ बुझाउने व्यवस्था गरियो। साधारण सदस्यता प्राप्त गरेको तीन महिना पूरा नहुँदासम्म साधारण सभामा मतदान गर्न नपाउने व्यवस्था तोकियो। सङ्घको सदस्य निर्वाचित हुन कम्तीमा पत्रकारिता गरेको दुई वर्ष पुग्नुपर्ने व्यवस्था गरिएको थियो (देवकोटा, २०५१, पृ. १४०)।

यो सङ्घको गठन गर्दा यसअघि नेपाल पत्रकार सङ्घ गठन भएको विषय वा पृष्ठभूमिलाई कतै उल्लेख गरेको पाइन्न। यस सङ्घको नेतृत्वबीच सुरुको चरणमा निकै विवाद भएको देखिन्छ। भट्टराई नेतृत्वको सङ्घका सहायक मन्त्री राम सिंह गैरनेपाली रहेको प्रस्ताव नै बैठकमा ल्याइएको थियो। २०१३ चैत १५ गते बबरमहलमा बसेको बैठकमा राष्ट्रवाणीका पत्रकार भरतशमशेर जबराले सिंहविरुद्धको प्रस्ताव ल्याएका थिए। गैरनेपाली भएकाले सिंहलाई कार्यसमितिबाट निष्काशनको माग उनले गरेका थिए। जबराको प्रस्तावमा केदारनाथ र मणिराज उपाध्यायले समर्थन गरेका थिए। सो विवाद सल्टाउन लामो समय लागेको थियो। सिंहलाई समितिबाट हटाउनुपर्छ भन्ने प्रवल माग गर्नेमा गोपालदास श्रेष्ठ पनि थिए। पछि श्रेष्ठ नै एक वर्षका लागि साधारण सदस्यबाट निष्काशित हुनुपरेको थियो (देवकोटा, २०५१, पृ. १४०)।

बहुदलीय व्यवस्था पुनर्बहालीपछि भट्टराई २०४७-०४८ र २०५६ मा देशको प्रधानमन्त्री भए।

**दाताराम शर्मा**

शर्मा सङ्घको अध्यक्ष हुँदा पनि पत्रकारबीचको आपसी कलह साम्य भएको थिएन। पत्रकारबीच गुट र उपगुट चलिरहेको थियो। भट्टराई सङ्घको अध्यक्ष हुँदा 'कमनर' पत्रिकाका सम्पादक गोपालदास श्रेष्ठको नेतृत्वमा अर्को समूह खडा गरिएको थियो। सो समूहले भट्टराई नेतृत्वको सङ्घलाई मान्यता दिएको थिएन। भट्टराई समूहले श्रेष्ठले सङ्घविरुद्ध षडयन्त्र गरेको भन्दै साधारण सदस्यबाट एक वर्षसम्म हटाउने निर्णय गरेको थियो। २०१३ चैत २८ गते बसेको पत्रकारको भेलाले दाताराम

शर्मालाई अध्यक्ष बनाएर सङ्घको नयाँ कार्यसमिति गठन गरेको थियो । तर सो सङ्घ गठनमा पत्रकार मणिकलाल श्रेष्ठलाई चित्त बुझेन । उनले विज्ञप्ति प्रकाशित गर्दै पत्रकारले प्रजातान्त्रिक परिपाटी मिच्दै साधारण शिष्टतासमेत नामेट पारेको आरोप लगाए । आपसी कलह र मतभेदबीच सङ्घलाई निरन्तरता दिइएको थियो । पत्रकारबीच कलहको मुख्य कारण पत्रकारबाट विदेश भ्रमणमा को जाने भन्ने निमन्त्रणा थियो (देवकोटा, २०५१ पृ. १४२) । तथापि शर्माले २०१८ सम्म सङ्घको नेतृत्व गरेका थिए ।

२०१८ साल भाद्र १० गते तत्कालीन सगरमाथा संवाद समितिको कार्यालयमा बैठक बसी सङ्घमा देखिएको विवाद र आपसी तिक्तता अन्त्यका विषयमा पत्रकारबीच छलफल भएको थियो । पत्रकार मदनलोचन सिंहको अध्यक्षतामा बसेको सो बैठकले नै आपसमा मेलमिलाप गरी फत्तेबहादुर सिंहको सभापतित्वमा कार्यसमिति पुनर्गठित गरेको थियो ।

**फत्तेबहादुर सिंह**

२०१८ भाद्र ७ गते पत्रकारको पुनः बैठक बस्यो । सङ्घको अर्को कार्यसमिति गठनमा बैठक केन्द्रित थियो । सगरमाथा संवाद समितिको कार्यालयमा बसेको बैठकमा पत्रकार शशिकला शर्मा, गोविन्द वियोगी, उमाकान्त दास, मणिन्द्रराज श्रेष्ठ, इन्द्रकान्त मिश्र, रमेशनाथ पाण्डे, मणिराज उपाध्यायलगायतका पत्रकारको सहभागिता थियो । भाद्र १० गते संवाद समितिको कार्यालयमा बसेको पत्रकारको अर्को भेलाले फत्तेबहादुर सिंहलाई अध्यक्ष बनाएर सङ्घको नयाँ कार्यसमिति चयन गरेको थियो । कार्यसमितिको सचिवमा मणिराज उपाध्याय, कोषाध्यक्षमा उमाकान्त दास, सदस्यहरूमा गोपालदास श्रेष्ठ, मणिन्द्रराज श्रेष्ठ, श्यामप्रसाद, इन्द्रकान्त मिश्र चुनिएका थिए । सिंह नेतृत्वको कार्यसमितिले सङ्घ दर्ताका लागि सङ्घ/संस्था रजिस्ट्रेसन ऐन २०१९ अन्तर्गत २०१९ वैशाख ३१ गते निवेदन दर्ता गराएको थियो । तत्कालीन राष्ट्रिय निर्देशन मन्त्रालयले सङ्घलाई सोही दिन अर्थात ३१ गते नै स्वीकृति प्रदान गरेको थियो (देवकोटा, २०५१, पृष्ठ १४३) । सिंहले २०१९ सालसम्मा सङ्घको नेतृत्व गरेका थिए ।

**पशुपतिदेव पाण्डे**

निकै कसरत र उतार-चढावबीच पशुपतिदेव पाण्डे सङ्घको अध्यक्ष चुनिएका थिए । नेपालस्थित भारतीय राजदूतावासका प्रेस सचिव एमएस जुगरानले आफ्नो निवास शान्ति निकेतनमा २०१९ भाद्र ५ गते एक रात्रिभोज आयोजना गरेका थिए । त्यसमा विदेशी प्रतिनिधिसहित नेपाली पत्रकारलाई आमन्त्रण गरिएको थियो ।

'नौ लाख तारा..' भन्ने गीतमाथि भारतले प्रतिबन्ध लगाएको समाचार त्यतिबेला 'दि मदरल्यान्ड' र 'नेपाल समाचार' पत्रिकाले प्रकाशन गरेका थिए। त्यही समाचारलाई लिएर जुगरानले रात्रिभोजमै पत्रकारको अपमान गरेका थिए। 'समाचार छाप्ने पत्रकार मेरो घरबाट निस्केर गैजाऊ' भनेपछि दि मदरल्यान्डका सम्पादक मणिन्द्रराज श्रेष्ठ र नेपाल समाचारका सम्पादक शङ्करनाथ शर्मा रात्रिभोज समारोहबाट निस्केका थिए।

अपमानको विषयले नेपाली पत्रकारमाझ नयाँ बहस सुरु गरिदियो । दुईजना पत्रकारको अपमान नभई सिङ्गो नेपाली पत्रकारको अपमान गरिएकोरूपमा पत्रकारले लिए। केही पत्रकारले जुगरानको अपमानविरुद्ध नाराबाजीसमेत गरेका थिए। मित्रराष्ट्र भारतविरुद्ध नाराबाजी गरेको भन्दै पत्रकारलाई प्रशासनले पक्राउ गरेको थियो (देवकोटा, २०५१, पृ. १४५) । जुगरानको विरुद्धमा सङ्घ बोलोस् भनेर २१ जना पत्रकारले लिखित हस्ताक्षरसहितको पत्र सङ्घलाई बुझाएका थिए। पत्रमा सङ्घको भेला ४८ घण्टाभित्र बोलाइयोस् भन्ने माग गरिएको थियो । सङ्घले केही प्रतिक्रिया नदिएपछि पत्रकार मणिन्द्रराज श्रेष्ठले सङ्घको कार्यसमिति र साधारण सदस्यबाट राजीनामा पेश गरेका थिए। २०१९ भाद्र १० गते असन्तुष्ट पत्रकारको खिचापोखरीस्थित मीरा होममा बैठक बस्यो । बैठकले दुईजना पत्रकारमाथि भएको जुगरानको अपमानलाई नेपाली पत्रकारको अपमान भएको ठहर गऱ्यो । तीन महिनासम्म भारतीय समाचार प्रकाशन नगर्ने निर्णय पनि गऱ्यो । सोही बैठकले तत्काल सङ्घको नयाँ कार्यसमिति गठनको माग गरेपछि २०१९ असोज १५ गते बसेको पत्रकारको भेलाले पशुपतिदेव पाण्डेलाई अध्यक्षमा चुनेको थियो । सो कार्यसमितिमा सचिव मणिकलाल श्रेष्ठ, कोषाध्यक्षमा विनय गुरुवाचार्य, सदस्यमा शशिकला शर्मा, शिवहरसिंह प्रधान, मदनलोचन सिंह र गोविन्द वियोगी थिए। पाण्डेले २०२५ सम्म सङ्घको नेतृत्व गरेका थिए।

### मणिन्द्रराज श्रेष्ठ

जुगरानको घटनाले पत्रकार विभाजित भएका थिए। पछि त्यसलाई साम्य पार्न प्रयास गरियो। २०२३ फागुन २४ देखि २७ गतेसम्म काठमाडौँमा पत्रकारको सम्मेलन आयोजना भयो । सम्मेलनमा १३९ जना पत्रकारको सहभागिता थियो (देवकोटा, २०५१, पृ. १६२) । सम्मेलनको उद्घाटन प्रधान मन्त्री सूर्यबहादुर थापाले गरेका थिए। पछि मणिन्द्रराज श्रेष्ठ सङ्घको अध्यक्ष भए। श्रेष्ठले २०२५ देखि २०२७ सम्म सङ्घको नेतृत्व गरेका थिए।

### गोपालदास श्रेष्ठ

कृष्णप्रसाद भट्टराई नेतृत्वको कार्यसमितिका सहायक मन्त्री राम सिंह गैरनेपाली

नागरिक भएको अभियानको नेतृत्व गरेका श्रेष्ठ भट्टराईविरुद्धको समूहको नेतृत्वकर्ता थिए। उनलाई सो कार्यसमितिले सङ्घको साधारण सदस्यबाट निष्काशनसमेत गरेको थियो। पछि पत्रकारबीच मेलमिलाप भएपछि श्रेष्ठ २०२७ देखि २०३० सम्म सङ्घको अध्यक्ष भएर काम गर्ने अवसर पाएका थिए।

**गोकर्णदेव पाण्डे**

पाण्डे २०३० सालदेखि २०३२ सम्म सङ्घको नेतृत्वमा बसे। पञ्चायती शासनकालमा सङ्घको नेतृत्व गर्नु धेरै चुनौती थियो। त्यतिबेलाको शासन व्यवस्थासँग जुध्दै पत्रकारको हक, हित र प्रेस स्वतन्त्रताको विषयमा काम गर्नुपर्ने अवस्था थियो। अनेक समस्या र चुनौतीबीच पाण्डेले कार्यकाल सम्पन्न गरेका थिए।

**इन्द्रकान्त मिश्र**

नेपाली पत्रिकाका सम्पादकसमेत रहेका इन्द्रकान्त मिश्रले २०३२ देखि २०३५ सम्म सङ्घको नेतृत्व गरेका थिए। मिश्र तत्कालीन सङ्घको नवौँ अध्यक्षका रूपमा निर्वाचित भएका थिए। उनको कार्यकालमा पनि सङ्घलाई निरन्तरता दिँदै पत्रकारको हक, हितको पक्षमा उल्लेख्य काम भएका थिए। पत्रकारको दायरा फराकिलो बनाउन प्रेस स्वतन्त्रताका विषयमा पत्रकारबीच बहस र पैरवी गरिएका थिए। मुलुकमा लोकतन्त्र आइनसकेको अवस्थामा नेपाली पत्रकारिताको प्रवर्द्धन निकै चुनौतीपूर्ण थियो। तथापि सङ्घलाई जोगाउन पत्रकारको भूमिका सराहनीय थियो।

**मन्जुरत्न शाक्य**

शाक्यले २०३५ सालदेखि २०३९ सम्म सङ्घको नेतृत्व गरेका थिए। उनले सुरुमा पत्रकारबीचको एकता कायम गर्दै नेपाली प्रेसको प्रवर्द्धनका निम्ति वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा आन्तरिकरूपमा पहल गरे पनि पछि सङ्घलाई पञ्चायती शासकको सेवकका रूपमा पुऱ्याउन खोजेको भनी विरोध भएको थियो। मिडियामाथि शासकहरूको प्रत्यक्ष निगरानी रहेका बेला सङ्घलाई जोगाइराख्न नसकेकै कारण सङ्घ विभाजन हुन पुगेको थियो।

**निर्मलकुमार अर्याल**

अर्याल २०३९ सालदेखि २०४३ सम्म सङ्घको नेतृत्वमा रहे। मुलुकको पञ्चायती शासनको उत्तरार्ध र लोकतन्त्र बहालीका निम्ति आन्दोलन सुरु गर्ने चरणमा सङ्घको नेतृत्व चुनौतीपूर्ण थियो नै। प्रजातन्त्र स्थापनाका लागि नेताहरू आन्तरिकरूपमा सल्बलाएका बेला अर्यालले सङ्घको नेतृत्व गरेका थिए। पत्रकारिताको धर्म

निर्वाह गर्नु एकातिर थियो भने प्रजातन्त्रका निम्ति प्रेसले खेल्नुपर्ने भूमिका अर्कोतिर थियो । दुवै पक्षलाई तारतम्य मिलाउन पत्रकारलाई निकै सकस भएका बेला अर्याललले सङ्घको नेतृत्व सम्हालेका थिए । सो अवधिमा प्रजातन्त्र पुनर्बहालीका निम्ति केही राजनीतिक दलका नेता भूमिगत आन्दोलनमा थिए ।

**मणिराज उपाध्याय**

समाज पत्रिकाका सम्पादक उपाध्याय कृष्णप्रसाद भट्टराई नेतृत्वको नेपाल पत्रकार सङ्घमा अध्यक्षको जिम्मेवारी निर्वाह गरेका थिए। धेरै लामो समयपछि उनलाई सङ्घको नेतृत्वमा आउने अवसर जुरेको थियो । उपाध्यायले २०४३ सालदेखि २०४५ सम्म सङ्घको अध्यक्ष भएर जिम्मेवारी निर्वाह गरेका थिए। समाज दैनिकको सम्पादक रहेका उनले पत्रकारिताको व्यावसायिकलाई प्राथमिकता दिएका थिए ।

**गोविन्द वियोगी**

२०१२ सालमा कलह भएयता पत्रकारबीच एकता र राजधानी केन्द्रित सङ्घलाई विस्तार गराउने अभियानका एकजना अभियन्ता वियोगी पनि थिए । दाताराम शर्मा नेतृत्वको सङ्घको सदस्यको जिम्मेवारी निर्वाह गरेका वियोगीले २०४६ देखि सङ्घको तीन वर्ष नेतृत्व गरेका थिए । उनकै कार्यकालमा प्रजातन्त्रको पक्षमा लड्न आह्वान गरिएको झापा घोषणा बहुचर्चित थियो। वियोगीको कार्यकालमा २०४७ सालमा जारी संविधानले प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको थियो ।

**होमनाथ दाहाल**

दाहालको कार्यकालमा मुलुकले प्रेसमा उल्लेख्य उपलब्धि हात पारेको थियो । नयाँ प्रेस ऐन बनाउने, संशोधन गर्ने र प्रेसको प्रवर्द्धनका कामहरू उनको कार्यकालका सुखद् पक्ष हुन् । दाहालले २०४९ देखि २०५२ सालसम्म सङ्घको नेतृत्व गरेका थिए। श्रमजीवी पत्रकार ऐन पनि सोही बेलामा जारी गरिएको थियो । उनी पछि संसद् सदस्य र नेपाल सरकारको मन्त्रीसमेत भएका थिए ।

**हरिहर विरही**

जतिबेला मुलुकमा नेकपा माओवादीले सशस्त्र विद्रोह सुरु गरेको थियो, त्यतिबेला विरही सङ्घको नेतृत्वमा आए । नेपाली प्रेस एक किसिमको भय र त्रासमा पुग्यो । त्यतिबेला राज्य र गैरराज्य पक्षबाट पत्रकारलाई बेलाबेलामा धम्की दिने, तर्साउने र आफ्नो पक्षमा समाचार प्रकाशन गर्न दबाब दिने गरिएको थियो । पत्रकारको सुरक्षा र व्यावसायिकता जेगाउने चुनौतीबीच विरहीले नेतृत्व गरेको सङ्घले सो कार्यकालमा

पनि उल्लेख्य काम गरेको थियो। विरहीले २०५२ सालदेखि २०५४ सालसम्म सङ्घको नेतृत्व सम्हालेका थिए। सोही कार्यकालमा २०५३ जेठ २८ र २९ गते धरानमा भएको सङ्घको वार्षिक साधारण सभाले सङ्घबाट महासङ्घमा जानेगरी विधान संशोधन गरेको थियो। सङ्घलाई महासङ्घमा रूपान्तरित गर्ने गहन जिम्मेवारी विरही सभापति रहनुभएको समयमा भएको हो। यस दृष्टिले विरहीलाई रूपान्तरित महासङ्घको प्रथम सभापति मान्नुपर्छ (दाहाल, २०६०, पृ.७)।

**किशोर नेपाल**

विरहीको पालामा नै सैद्धान्तिकरूपमा सङ्घलाई महासङ्घ बनाउने निर्णय भए पनि व्यवहारतः किशोर नेपालको पालामा महासङ्घ कार्यान्वयनमा आयो। उहाँकै पालादेखि नेपाल पत्रकार सङ्घ, महासङ्घमा रूपान्तरण भएको मान्न सकिन्छ। नेपालले २०५४ देखि २०५६ सालसम्म दुई वर्ष महासङ्घको नेतृत्व गरेका थिए। नेपालका पालामा पनि नेपाली प्रेसको उत्थान र पत्रकार हक, हितका विषयमा थुप्रै काम भएका थिए। महासङ्घमा रूपान्तरण भएपछिको अधिवेशनबाट निर्वाचित नेपाल सोही अवधिमा महासङ्घका संस्थापक सभापति कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री रहँदा उनको प्रेस सल्लाहकार बनेका थिए।

**सुरेश आचार्य**

२०५६ मङ्सिर १९ गते सम्पन्न महाधिवेशनले सुरेश आचार्यलाई महासङ्घको सभापतिमा चयन गरेको थियो। उनकै पालादेखि सभापतिको कार्यकाल दुई वर्षबाट तीन वर्ष कायम गरिएको हो। आचार्यको पालादेखि पत्रकारको न्यूनतम पारिश्रमिकको मुद्दाले चर्चा पाएको थियो। पत्रकारको क्षमता अभिवृद्धि, प्रेस स्वतन्त्रता र पत्रकारको पारिश्रमिकका विषयमा सो कार्यकालमा उल्लेख्य काम भएका थिए। आचार्यले २०५९ सालसम्म महासङ्घको नेतृत्व गरेको थिए।

**तारानाथ दाहाल**

२०५९ सालदेखि २०६२ सम्म महासङ्घको नेतृत्व सम्हालेका दाहालको पालामा पत्रकारको दक्षता अभिवृद्धि, सम्पादकीय स्वतन्त्रता, प्रेस नीति र सूचनाको हकका विषयमा पर्याप्त छलफल, बहस र उपलब्धि हासिल भएका थिए। माओवादीको सशस्त्र विद्रोह कायमै रहेकाले पत्रकारको सुरक्षा उनको कार्यकालमा चुनौतीको विषय थियो। उनकै कार्यकालमा राजा ज्ञानेन्द्रले प्रजातन्त्रमाथि 'कू' गरी प्रेसमाथि दमन गरेका थिए। २०६१ साल माघ १९ को शाही घोषणाविरुद्ध बोल्ने महासङ्घ पहिलो पेशागत संस्था थियो।

**विष्णु निष्ठुरी**

निष्ठुरी २०६२ देखि २०६५ सालसम्म महासङ्घको सभापति रहे । उनकै कार्यकालमा २०६२/२०६३ सालको जनआन्दोलन सफल भएपछि नेकपा माओवादी र सात दलबीच विस्तृत शान्ति सम्झौता भएको थियो । त्यसपछि पनि पत्रकारमाथिको आक्रमण र धम्की रोकिएको थिएन । महासङ्घको दायरा विस्तार, प्रेस स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धन र पत्रकार हक, हितका विषयमा निष्ठुरीको कार्यकालमा महत्वपूर्ण काम भए । उनी नेतृत्वमै रहेका बेला मुलुकमा अन्तरिम संविधान २०६३ जारी भयो । यसैगरी सूचनाको हकसम्बन्धी ऐन २०६४ जारी भयो भने श्रमजीवी पत्रकार ऐन २०५१ मा पहिलो संशोधन गरियो ।

**धर्मेन्द्र झा**

झा महासङ्घको अध्यक्ष सम्हाल्ने मधेस मूलका पहिलो पत्रकार थिए । झाले २०६५ देखि २०६८ सम्म महासङ्घको नेतृत्व सम्हाल्ने अवसर पाएका थिए । मुलुकमा लोकतन्त्र स्थापनापश्चात् सुरु भएको उनको कार्यकालमा नेपाली प्रेसको दायरा झन् फराकिलो हुने अवसर पाएको थियो । पत्रकारको सुरक्षा, व्यावसायिक पत्रकारिता, नेपाली प्रेसलाई जिम्मेवार बनाउने महत्वपूर्ण कदम चालिएका थिए । उनको कार्यकालमा पत्रकार महासङ्घमा सदस्यता वृद्धिदेखि दक्षता अभिवृद्धिसम्मका लागि तालिम प्रशिक्षणको राम्रो वातावरण बनेको थियो ।

**शिव गाउँले**

गाउँलेले २०६८ देखि २०७१ सालसम्म महासङ्घको नेतृत्व सम्हाले । उनकै पालामा महासङ्घको कार्यालय सानो घरबाट आधुनिक भवनमा सारिएको थियो । पत्रकार कल्याण कोष खडा गरी त्यसमा रकम जम्मा गर्ने काम गाउँले नेतृत्वको कार्यसमितिले गरेको थियो । पत्रकारको सुरक्षा, सम्पादकीय स्वतन्त्रता, श्रमजीवी पत्रकार ऐन कार्यान्वयन, न्यूनतम पारिश्रमिक कार्यान्वयनको उल्लेख्य काम सो कार्यकालमा भएको थियो । पत्रकारको दक्षता अभिवृद्धिका लागि थुप्रै तालिम र प्रशिक्षण सञ्चालनमा आए । महासङ्घमा पत्रकारको सदस्यता वृद्धिदेखि गुणस्तरीय पत्रकारिताका लागि सो कार्यकालमा काम भएका थिए ।

**डा. महेन्द्र विष्ट**

डा. विष्ट २०७१ वैशाख २० र २१ गते काठमाडौँमा भएको २४ औँ महाधिवेशनबाट महासङ्घको अध्यक्षमा निर्वाचित भएका थिए । महासङ्घको विधानमा तीनवर्षे कार्यकाल रहे पनि विष्ट तीन वर्ष साँढे तीन महिना अध्यक्षको जिम्मेवारीमा

रहे । स्थानीय तहको निर्वाचनले महासङ्घको महाधिवेशन सम्पन्न गर्न ढिलाइ भएको थियो । उनकै पालामा पत्रकार दुर्घटना बिमा, ज्येष्ठ पत्रकार सम्मानवृत्ति, पत्रकार सन्तति शैक्षिकवृत्ति कार्यान्वयनका साथै पत्रकार कल्याण कोषमा दोब्बर वृद्धि, आपत्कालीन राहत कोष स्थापनालगायत कार्यक्रम सञ्चालन गरिए । पत्रकारको दक्षता अभिवृद्धिका लागि आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठनको पहल पनि विष्टकै पालामा भएको थियो । पत्रकारको न्यूनतम पारिश्रमिकमा शतप्रतिशत वृद्धि गर्नुका साथै श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका निम्ति सञ्चार प्रतिष्ठानका साथै सरकार, संसदीय समिति र अदालतमा पनि सशक्त पहल भएका थिए । मुलुकमा भएको परिवर्तित र आमसञ्चार क्षेत्रका नयाँ आयाम समेट्दै नयाँ राष्ट्रिय आमसञ्चार नीति, २०७३ र पत्रकार आचारसंहिता, २०७३ विष्टकै कार्यकालमा सम्भव भएको थियो । विष्टकै कार्यकालमा मुलुकमा संविधान सभाबाट संविधान जारी गरिएको थियो । जसमा प्रेस स्वतन्त्रता प्रत्याभूत गरिएको छ । नेपाल पत्रकार महासङ्घको विधान संशोधनमार्फत सङ्गठनात्मक ढाँचामा पुनर्संरचना गरी सङ्घीय समावेशी र ट्रेड युनियनमैत्री बनाउने कार्य पनि यही अवधिमा भएको छ ।

**निष्कर्ष :**

स्थापनादेखि अहिलेसम्म आउँदा नेपाली मिडियाको चरित्र र महासङ्घका दायरा निकै फराकिलो भएको छ । पत्रकार महासङ्घको नेतृत्वले प्रेस स्वतन्त्रताको जगेर्ना, पत्रकारको भौतिक तथा पेशागत सुरक्षा, क्षमता विस्तार, सङ्गठनात्मक पुनर्संरचना, व्यावसायिक पत्रकारिताको प्रवर्धन, नीतिगत सुधारलगायतमा काम गर्दै आएको छ । तर पनि प्रेस स्वतन्त्रता, भौतिक तथा पेशागत सुरक्षा, मिडियाको नीति तथा ऐन कार्यान्वयन, नीतिगत सुधार, आचारसंहिता पालना, सङ्गठन विस्तार, क्षमता अभिवृद्धि, विभिन्न सङ्घ/संस्थासँग सहकार्यलगायत पक्षमा अझ धेरै काम गर्न आवश्यक छ । त्यसका लागि नेतृत्वले नेतृत्व लिने र त्यसमा सबैले सहयोग पुऱ्याउन जरुरी हुन्छ । त्यस अतिरिक्त विगतमा भएका राम्रा कामको स्वामित्व लिने र कमजोरीबाट शिक्षा लिएर नयाँ ढङ्गले अघि बढ्नुपर्ने हुन्छ ।

**सन्दर्भ सामग्री**


चौधरी, लक्की । २०७२ । *संहिता* । काठमाडौँ : प्रेस काउन्सिल नेपाल ।

चौधरी, लक्की । २०७३ । *चौतारी* । काठमाडौँ : प्रेस चौतारी नेपाल ।

थापा, सूर्य । २०७३ । *चौतारी* । काठमाडौँ : प्रेस चौतारी नेपाल ।

दाहाल, तारानाथ । २०६० । हाम्रा अग्रज र हाम्रो इतिहास । गोपाल बुढाथोकी (सं.), *पत्रकारिता* (पृ.३-८) । काठमाडौँ : नेपाल पत्रकार महासङ्घ ।

देवकोटा, ग्रीष्मबहादुर। २०५१ (दोस्रो संस्करण)। *नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास*। काठमाडौँ : साझा प्रकाशन।

*नेपाल पत्रकार महासङ्घ विधान*। २०७४। काठमाडौँ : नेपाल पत्रकार महासङ्घको विधान २०६० (परिमार्जित २०७४)।

विष्ट, महेन्द्र। २०७२। *पत्रकारिता*। काठमाडौँ : नेपाल पत्रकार महासङ्घ।

विष्ट, महेन्द्र। २०७३। *पत्रकारिता*। काठमाडौँ : नेपाल पत्रकार महासङ्घ।

विष्ट, महेन्द्र २०७३। *चौतारी*। काठमाडौँ : प्रेस चौतारी नेपाल।

❖❖

# नेपाल पत्रकार महासङ्घको बैठकका महत्वपूर्ण निर्णय

## २०७१ साल

**वैशाख २८**

२४औँ महाधिवेशनबाट निर्वाचित नेपाल पत्रकार महासङ्घको केन्द्रीय समितिको पहिलो बैठक । श्रमजीवी पत्रकारहरूको नियुक्तिपत्र, न्यूनतम पारिश्रमिकलगायत सामाजिक सुरक्षा र स्वास्थ्य उपचार व्यवस्थाहरू तत्काल कार्यान्वयन गर्न सञ्चार प्रतिष्ठान, व्यवस्थापन र सरकारसमक्ष आह्वान ।

**असार ३०**

पत्रकार नेपाल महासङ्घको दोस्रो पूर्ण बैठक । '**उत्तरदायी पत्रकारिता सक्षम पत्रकार : श्रममैत्री सञ्चार सशक्त महासङ्घ**' भन्ने मूल आह्वानसहितको तीन वर्षे कार्ययोजनासहितको नीतिगत अवधारणा पारित । श्रमजीवी पत्रकारको हक, हित र सुरक्षालाई लिएर महासङ्घले सञ्चार प्रतिष्ठानमा कार्यरत पत्रकार, कर्मचारी, कामदारलाई नियुक्तिपत्र र न्यूनतम पारिश्रमिकको व्यवस्था एवम् विगतदेखिको बक्यौता पारिश्रमिक भुक्तानीको प्रक्रिया २०७१ साउन महिनाभित्र पूरा गरिसक्ने गरी तत्काल आह्वान गर्ने निर्णय ।

**कात्तिक १५**

लमजुङको घलेगाउँमा नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिको तेस्रो बैठक । बैठकले 'महासङ्घको अभियान : श्रम अधिकार र संविधान' भन्ने मूल नारा तय । श्रमजीवी पत्रकारको हक, हित र नयाँ संविधान निर्माणमा केन्द्रित अभियान चालु गर्ने निर्णय *(हेर्नुहोस्, अनुसूची-५)*।

**फागुन ११**

नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिको चौथो पूर्ण बैठक । श्रमजीवी पत्रकार ऐनको प्रभावकारी कार्यान्वयनका लागि आन्दोलनका कार्यक्रम सञ्चालन गर्नु निर्विकल्प हुन गएको निष्कर्ष ।

## २०७२ साल

**जेठ ३०**

भूकम्पबाट अति प्रभावित सिन्धुपाल्चोकको चौतारामा नेपाल पत्रकार महासङ्घको पाँचौँ पूर्ण बैठक। भूकम्प प्रभावित जिल्लामा सक्रिय पत्रकारहरूको भौतिक सुरक्षा र राहत, भूकम्पमा क्षतिग्रस्त सञ्चार संस्थाहरूको पुनर्निर्माण र आवश्यक उपकरणहरूको व्यवस्था तत्काल गर्न पहल गर्ने निर्णय।

**भदौ २३**

नेपाल पत्रकार महासङ्घका उपलब्ध पदाधिकारी तथा केन्द्रीय सदस्यहरूको बैठक। बन्दै गरेको संविधान प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति अनुदार रहेको निष्कर्ष। स्वतन्त्रताको हकको विभिन्न धाराप्रति गम्भीर असहमति जनाउँदै बैठकद्वारा दबाबमूलक विरोधका कार्यक्रमहरू घोषणा।

**मङ्सिर २६**

नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिको छैटौँ पूर्ण बैठक। तराई मधेसमा चलिरहेको आन्दोलन र प्रेस स्वतन्त्रता हननको अवस्थालाई दृष्टिगत गरी तराई/मधेसकेन्द्रित 'प्रेस स्वतन्त्रताका लागि पत्रकार सुरक्षा, सामाजिक न्यायसहितको व्यावसायिक पत्रकारिता' विशेष अभियान सञ्चालन गर्ने र त्यसअन्तर्गत प्रशिक्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिसन सञ्चालनका साथै आचारसंहिता र जिम्मेवार पत्रकारितासम्बन्धी विषयवस्तुमा केन्द्रित गर्ने निर्णय *(हेर्नुहोस्, अनुसूची-६)*।

**चैत १५**

काभ्रेको धुलिखेलमा नेपाल पत्रकार महासङ्घको केन्द्रीय समिति बैठक। देशमा नयाँ संविधान आएसँगै सोहीबमोजिम महासङ्घको साङ्गठनिक संरचना पुनर्संरचनाका लागि विधान संशोधन गर्ने निर्णय। महासङ्घलाई श्रमजीवी पत्रकारहरूको हक, हितका लागि ट्रेड युनियनका रूपमा थप स्थापित गर्नका लागि उचित श्रम अभ्यास र सामूहिक सौदाबाजीको वैधानिक अधिकारलाई नयाँ बन्ने विधानमै व्यवस्था गरेर जाने निर्णय।

## २०७३ साल

**पुस २७**

नेपाल पत्रकार महासङ्घको ११औँ केन्द्रीय समितिको बैठक। २५औँ महाधिवेशन प्रयोजनार्थ जिल्ला, प्रतिष्ठान शाखा र एसोसिएटहरूको अधिवेशन आह्वान गर्ने निर्णय ।

**भदौ ३०**

नेपाल पत्रकार महासङ्घको पाल्पामा राष्ट्रिय भेला सम्पन्न। महसङ्घको संशोधित विधान जारी *(हेर्नुहोस्, अनुसूची-७)*। श्रमजीवी पत्रकार ऐन पूर्ण रुपमा कार्यानवयन गर्न सरकारसँग माग *(हेर्नुहोस्, अनुसूची-८)*।

**चैत २०**

नेपाल पत्रकार महासङ्घको १२औँ पूर्ण बैठक । नेपाल पत्रकार महासङ्घको २५औँ महाधिवेशन सफल पार्न अध्यक्ष डा. महेन्द्र विष्टको अध्यक्षतामा कार्यसमिति पदाधिकारी तथा सदस्य, लेखासमिति संयोजक तथा सदस्य, सल्लाहकार, पूर्वअध्यक्ष, वरिष्ठ पत्रकार, सञ्चारसम्बद्ध सङ्घ/संस्थाका प्रतिनिधिसहित १ सय १ सदस्यीय मूल व्यवस्थापन तयारी समिति गठन । महाधिवेशनको निर्वाचन प्रक्रिया सञ्चालन गर्न प्राध्यापक चिरञ्जीवी खनालको संयोजकत्वमा ५ सदस्यीय केन्द्रीय निर्वाचन समिति गठन ।

## २०७४ साल

**असार ८**

पत्रकार महासङ्घको सचिवालयको बैठक। महासङ्घ केन्द्रीय समितिले अधिकार प्रत्यायोजन गरेअनुसार भदौ ४ र ५ गते महाधिवेशन गर्ने निर्णय।

# अनुसूची–१

**नेपाल पत्रकार महासङ्घद्वारा संविधान सभा अध्यक्षमार्फत् २०७२ साल असार २७ गते संविधान सभासमक्ष प्रस्तुत नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदामाथि अभिव्यक्ति स्वतन्त्रता र आमसञ्चारको हकसम्बन्धी टिप्पणी तथा सुझावहरू :**

| धारा | मस्यौदाको व्यवस्था | टिप्पणी | हुनुपर्ने सुधार/व्यवस्था |
|---|---|---|---|
| प्रस्तावना | जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतालाई अवलम्बन गरी समाजवादको आधार निर्माण गर्न प्रतिबद्ध रहँदै; | हरेक संविधानको प्रस्तावनामा संविधानको वैधताको स्रोत र लक्ष्य उल्लेख गरिन्छ। नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावनामा 'पूर्ण प्रेस स्वतन्त्रता' संविधानको लक्ष्यका रूपमा रहेकामा अहिलेको मस्यौदामा 'पूर्ण' हटाइ 'प्रेस स्वतन्त्रता' मात्र उल्लेख हुनुले संविधानले अपेक्षा गरेको प्रेस स्वतन्त्रताको लक्ष्य नै अपूर्ण हुन जाने हुन्छ। पहिले उल्लेख भइसकेको 'पूर्ण प्रेस स्वतन्त्रता' बाट पूर्ण शब्द हटाउँदा यसलाई सङ्कुचित गरिएको अर्थ लाग्न जाने देखिन्छ। | प्रस्तावनाको १६ औं हरफमा आवधिक निर्वाचनपछि '**पूर्ण** प्रेस स्वतन्त्रता' उल्लेख हुनुपर्ने। |

| | | | |
|---|---|---|---|
| २२ स्वतन्त्रताको हक | (२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :-<br>(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता तर,<br>(१) खण्ड (क) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा वा सङ्घीय एकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन। | • उपधारा २ (क) को मूल खण्डले प्रत्याभूत गरेको व्यवस्थाहरूलाई प्रतिबन्धात्मक खण्डमा उल्लिखित व्यवस्थाले सङ्कुचित गर्ने अवस्था रहेको।<br>• नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजहरूले प्रत्याभूत गरेको विचार र अभिव्यक्ति स्वतन्त्रताको मापदण्ड, यसका अन्तर्राष्ट्रिय मान्यता र अभ्याससँग मेल खाने नरहेको।<br>• लोकतान्त्रिक व्यवस्थामा विचार र अभिव्यक्ति स्वतन्त्रता निर्वाधरूपमा उपभोग गर्न प्रत्याभूत गरिन्छ। यसको सीमा निर्धारण गर्दा राष्ट्रिय अखण्डता र सुरक्षा तथा व्यक्तिको प्रतिष्ठा र मर्यादाविरुद्धका कार्यमा मात्र प्रतिबन्ध लगाउने गरी कानुन बनाउन सकिनेमा प्रस्तावित व्यवस्था सोअनुसार नभएको।<br>• व्यापक अर्थ लाग्ने, अपरिभाषित, अस्पष्ट, बहुअर्थी र विरोधाभाषपूर्ण प्रस्तावित व्यवस्था यथावत रहेमा विचार र अभिव्यक्ति स्वतन्त्रताको हकका अन्य व्यवस्था जुनसुकै बेला अतिक्रमित र नियन्त्रित हुनसक्ने खतरा रहेको।<br>• यसमा उल्लेख भएका कतिपय प्रावधान अन्य भागमा उल्लेख भइसकेको। | उपधारा २ (क) यथावत राख्ने।<br>प्रतिबन्धात्मक खण्डमा देहायअनुसार गर्ने–<br>तर, नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय सुरक्षा वा व्यक्तिको प्रतिष्ठा र मर्यादामा आँच पुऱ्याउने वा अपराध गर्न दुरूत्साहन गर्ने कार्यमा मनासिव प्रतिबन्ध लगाउने कानुन बनाउन रोक लगाएको मानिने छैन। त्यस्तो कानुन लोकतान्त्रिक मूल्य, मान्यता अनुकूल हुनुपर्नेछ। |

| | | | |
|---|---|---|---|
| २४ आमसञ्चारको हक<br>उपधारा (१) | (१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्वप्रतिबन्ध लगाइने छैन।<br>तर नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता वा सङ्घीय एकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा विभिन्न जात, जाति वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, झुटो सामग्री प्रकाशन वा प्रसारणद्वारा व्यक्तिको सामाजिक मर्यादामा आँच पुऱ्याउने वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवम् लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन। | • उपधारा १ को मूल खण्डले प्रत्याभूत गरेका व्यवस्थाहरूलाई प्रतिबन्धात्मक खण्डमा उल्लिखित व्यवस्थाले सङ्कुचित गर्ने अवस्था रहेको।<br>• नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजहरूले प्रत्याभूत गरेको प्रेस स्वतन्त्रताको मापदण्ड, प्रेस स्वतन्त्रताका अन्तर्राष्ट्रिय मान्यता र अभ्याससँग मेल खाने नरहेको।<br>• लोकतान्त्रिक व्यवस्थामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता निर्वाधरूपमा उपभोग गर्न प्रत्याभूत गरिन्छ। यसको सीमा निर्धारण गर्दा राष्ट्रिय अखण्डता र सुरक्षा तथा व्यक्तिको प्रतिष्ठा र मर्यादाविरुद्धका कार्यमा मात्र प्रतिबन्ध लगाउने गरी कानुन बनाउन सकिनेमा प्रस्तावित व्यवस्था सोअनुसार नभएको।<br>• व्यापक अर्थ लाग्ने, अपरिभाषित, अस्पष्ट, बहुअर्थी र विरोधाभाषपूर्ण प्रस्तावित व्यवस्था यथावत रहेमा आमसञ्चारको हकका अन्य व्यवस्था जुनसुकै बेला अतिक्रमित र नियन्त्रित हुनसक्ने खतरा रहेको।<br>• यसमा उल्लेख भएका कतिपय प्रावधान अन्य भागमा उल्लेख भइसकेको। | उपधारा १ को मूल खण्ड यथावत राख्ने।<br>प्रतिबन्धात्मक खण्डमा देहायअनुसार गर्ने–<br>तर, नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय सुरक्षा वा व्यक्तिको प्रतिष्ठा र मर्यादामा आँच पुऱ्याउने वा अपराध गर्न दुरुत्साहन गर्ने कार्यमा मनासिव प्रतिबन्ध लगाउने कानुन बनाउन रोक लगाएको मानिने छैन। त्यस्तो कानुन लोकतान्त्रिक मूल्य, मान्यता अनुकूल हुनुपर्नेछ। |

| | | | |
|---|---|---|---|
| उपधारा २ | (२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रशारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन ।<br>**तर यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न कानुन बनाउन बन्देज लगाएको मानिने छैन ।** | • उपधारा २ को मूल खण्डले प्रत्याभूत गरेका व्यवस्थाहरूलाई प्रतिबन्धात्मक खण्डमा उल्लिखित व्यवस्थाले सङ्कुचित गर्ने अवस्था रहेको ।<br>• आमसञ्चारको प्राविधिक पक्षको नियमनको व्यवस्था यसमा उल्लेख गरिरहन नपर्ने र विषयवस्तुको नियमनको व्यवस्था गर्नु अन्तर्राष्ट्रिय मापदण्ड, प्रचलन र अभ्यासविपरीत हुने । यस्तो नियमनको आवश्यकताको सम्बोधन स्वनियमनकारी संयन्त्रबाट स्वतः हुने भएकाले संविधानमा उल्लेख भएको प्रावधानको प्रयोग स्वेच्छाचारी र नियन्त्रणमुखी हुने खतरा रहेकाले यसलाई राख्न नहुने । | ...जफत गरिने छैन भन्ने वाक्यांशपछि रहेको प्रतिबन्धात्मक खण्ड पूरै हटाउनुपर्ने । |
| उपधारा ४ (थप्नुपर्ने) | ------------------------------------ | • संविधानद्वारा प्रदत्त आमसञ्चारको हक तथा स्वतन्त्रतामाथि कुनै प्रकारको हस्तक्षेप, नियन्त्रण, अवरोध वा सङ्कुचनजस्ता कार्य भएमा त्यसबापत सम्बन्धित पक्षले क्षतिपूर्ति तथा उपचार दाबी र प्राप्त गर्न पाउने व्यवस्था आवश्यक भएको ।<br>• यस्तो व्यवस्था संविधानको प्रारम्भिक मस्यौदाका क्रममा उल्लेखसमेत भएको तर संविधान सभासमक्ष प्रस्तुत गर्दा अप्रत्याशितरूपमा हटाइएकाले पुनः व्यवस्था गर्न आवश्यक रहेको । | यस संविधानद्वारा प्रदत्त आमसञ्चारको हकमाथि कुनै प्रकारको हस्तक्षेप वा नियन्त्रणको कार्य कानुनबमोजिम दण्डनीय हुनेछ । त्यस्तो कार्यबाट पीडित पक्षलाई कानुनबमोजिम उचित क्षतिपूर्ति पाउने हक हुनेछ । |

| | | | |
|---|---|---|---|
| धारा ३२ सूचनाको हक | प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ।<br>तर यस धाराको व्यवस्थाले कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन। | • सूचनाको हकअन्तर्गत सूचना माग्ने, प्राप्त गर्ने र त्यस्तो सूचना प्रवाह गर्ने तीन वटा आधारभूत विषय अन्तर्निहित हुन्छन्। मस्यौदा प्रावधानमा सूचना प्रवाह गर्ने अधिकार समावेश नभएको।<br>• सूचनाको हक जोडिएको विषयलाई गोप्य राख्ने वा नराख्ने भन्ने कुरा सूचनाको हकसम्बन्धी कानुनमै समावेश हुन उचित हुने।<br>• छरिएर रहेका गोप्यतासम्बन्धी कानुनका विषयहरु सूचनाको हकसम्बन्धी एउटै छाता कानुनमा उल्लेख हुन उपयुक्त र सान्दर्भिक हुने। | प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने, प्राप्त गर्ने र **प्रवाह गर्ने** हक हुनेछ।<br>तर, यस धाराको व्यवस्थाले **सूचनाको हकसम्बन्धी** कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन। |
| धारा १०७ विशेषाधिकारको उपधारा (३) | (३) सङ्घीय संसद्को कुनै सदनको कुनै पनि कारबाहीमाथि त्यसको असल नियतबारे शङ्का उठाई कुनै टीका-टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन वा प्रसारण गर्न पाइने छैन। | आमसञ्चारसम्बन्धी व्यवस्था अलग्गै उल्लेख भइसकेकोले संसद्को विशेषाधिकारअन्तर्गत प्रकाशन-प्रशारणको विषयलाई उल्लेख गरिराख्नुको औचित्य नहुने। | उपधारा ३ को सट्टा- सङ्घीय संसद्को कुनै सदनको कुनै पनि कारबाहीमाथि त्यसको असल नियतबारे शङ्का उठाइ कुनै टीका-टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराका सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाइ कुनै कार्य गर्न पाइने छैन। |

| | | | |
|---|---|---|---|
| धारा १८६ उपधारा (३) | (३) प्रदेश सभाको कुनै कारबाहीउपर त्यसको असल नियतबारे शङ्का उठाइ कुनै टीका-टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाइ कुनै प्रकारको प्रकाशन वा प्रसारण गर्न पाइने छैन। | आमसञ्चारसम्बन्धी व्यवस्था अलग्गै उल्लेख भइसकेकाले प्रदेश सभाको विशेषाधिकारअन्तर्गत प्रकाशन-प्रशारणको विषय उल्लेख गरिराख्नुको औचित्य नहुने। | उपधारा ३ को सट्टा- प्रदेश सभाको कुनै पनि कारबाहीउपर त्यसको असल नियतबारे शङ्का उठाइ कुनै टीका-टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाइ कुनै कार्य गर्न पाइने छैन। |
| सङ्कटकाल धारा २६८ उपधारा (९) | (९) राष्ट्रपतिले उपधारा (१) बमोजिम सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्दा त्यस्तो सो घोषणा वा आदेश बहाल रहेसम्मका लागि भाग-३ मा व्यवस्था भएका मौलिक हक निलम्बन गर्न सकिनेछ।<br>तर धारा २१, धारा २२ को उपधारा (२) को खण्ड (ग) र (घ), धारा २३, धारा २४ को उपधारा (२), धारा २५, २६, २७, २९, ३१, ३४, ३५, ३६, ३७, ४०, ४१ को उपधारा (१) र (२), ४३, ४४, ४६, ४८, ५० र धारा ५१ बमोजिमको संवैधानिक उपचारको हक र बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिने छैन। | • सङ्कटकालमा आमसञ्चारको हक निलम्बनको व्यवस्था राखिरहन उपयुक्त नहुने।<br>• निलम्बनसम्बन्धी व्यवस्था राख्नैपर्दा आमसञ्चार माध्यम र साधनलाई अवरोध गर्ने तथा आमसञ्चारमाथिको हस्तक्षेप वा नियन्त्रणसम्बन्धी कार्यलाई सङ्कटकालीन अवस्थामा सङ्कुचन वा बन्देज गर्दा संविधानको अरु प्रावधानले प्रत्याभूत गरेका बन्द, जफत तथा दर्ता खारेजीविरुद्धको हक उपभोगमा समेत गम्भीर प्रभाव पर्ने र यो अधिकारको प्रतिकूल पर्ने अवस्था रहेको। | उपधारा (९) को प्रतिबन्धात्मक वाक्यांशमा धारा २४ को उपधारा (२) साथसाथै उपधारा (३) र (४) थप्न उपयुक्त हुने। |

*मिति २०७२/३/२७*

# अनुसूची–२

## काठमाडौँ घोषणापत्र–२०७१

मुलुकमा लोकतान्त्रिक प्रणालीको स्थापनासँगै आमसञ्चार माध्यमको व्यापक विकास र विस्तार हुनु सकारात्मक पक्ष हो । तर त्यससँगै आम श्रमजीवी पत्रकार र खासगरी पत्रकार महिलाको भौतिक तथा पेशागत सुरक्षाको प्रत्याभूति हुन नसक्नु दुःखद् पक्ष हो । यसै सन्दर्भमा नेपाल पत्रकार महासङ्घद्वारा २०७१ जेठ ७ र ८ गते काठमाडौँमा आयोजित 'पत्रकार महिलाको पेशागत तथा भौतिक सुरक्षा' सम्बन्धी दुई दिने राष्ट्रिय सम्मेलन देहायबमोजिम ११ बुँदे काठमाडौँ घोषणापत्र-२०७१ जारी गर्छ :

१. लोकतन्त्रमा बहुलता, विविधता र समावेशिता महत्वपूर्ण पक्षका रूपमा रहेको हुन्छ जुन आमसञ्चार क्षेत्रमा पनि नीति र व्यवहार दुवैमा प्रतिबिम्बित हुन आवश्यक छ । यस सन्दर्भमा आमसञ्चार क्षेत्रलाई थप समावेशी बनाउन निश्चित अवधिसम्म सकारात्मक विभेदको नीति लागु गरी पत्रकार महिलाको सहभागिता वृद्धि र पेशामा निरन्तरताको वातावरण बनाउन यो सम्मेलन नेपाल सरकार, सम्बद्ध सञ्चार गृह र नेपाल पत्रकार महासङ्घलगायत सञ्चार सम्बद्ध सबै सङ्घ/संस्थाको गम्भीर ध्यानाकर्षण गराउँछ ।

२. सञ्चार माध्यम (सरकारी/निजी/सामुदायिक) का समाचार कक्ष लैङ्गिकमैत्री बनाइ प्रकाशन/प्रशारणका विषयवस्तु (कन्टेन्ट)मा समेत त्यसको प्रभाव देखिने वातावरण बनाउन यो सम्मेलन सम्बन्धित पक्षलाई आह्वान गर्छ ।

३. कार्यथलोमा पत्रकार महिलाको भौतिक असुरक्षा, यौनजन्य हिंसा या दुर्व्यवहारको घटना हुन नदिन भरपर्दो व्यवस्था गर्न र कथंकदाचित त्यस्ता घटना भएमा तत्काल सुनुवाइ र दोषीमाथि कानुनी कारबाही तथा पीडितलाई न्याय दिलाउन उपयुक्त संयन्त्र बनाइ कार्यान्वयन गर्न यो सम्मेलन सम्बन्धित पक्षलाई आह्वान गर्छ ।

४. सबैखाले सञ्चार प्रतिष्ठानमा श्रमजीवी पत्रकार ऐन-२०५१ को कार्यान्वयन, त्यसलाई थप लैङ्गिकमैत्री हुनेगरी संशोधन र पत्रकार महिलाको सामाजिक सुरक्षाको प्रत्याभूति गर्न यो सम्मेलन सरकार र सम्बद्ध पक्षको ध्यानाकर्षण गराउँछ ।

५. लैङ्गिक विभेद हुने गरी कुनै पनि महिला पत्रकारलाई काममा लगाउन वा निजले गर्नसक्ने कामबाट रोक्न नहुनेतर्फ ध्यानाकर्षण गर्दै यो सम्मेलन राति या अन्य कुनै असहज समयमा पत्रकार महिलालाई काममा लगाउनुपर्ने अवस्था आएमा

सम्बन्धित पत्रकारको सुरक्षालाई विशेष ध्यान दिई कार्यक्षेत्रदेखि निवाससम्म सम्बन्धित सञ्चार गृहकै सवारी साधनबाट सुरक्षित आवागमनमा विशेष ध्यान दिन सम्बन्धित सञ्चारगृहलाई आह्वान गर्छ।

६. 'सञ्चार प्रतिष्ठानहरूलाई लैङ्गिकमैत्री बनाउने निर्देशिका-२०७१' तत्काल पारित गरी लागु गर्न यो सम्मेलन नेपाल सरकारलाई आग्रह गर्छ।

७. पत्रकार महिलाको क्षमता/दक्षता अभिवृद्धि र आत्मविश्वास बढाउन राज्य तथा सम्बद्ध सञ्चार माध्यमले तालिम र वृत्ति विकासका अन्य अवसर दिएर प्रोत्साहनको व्यवस्था गर्न तथा राज्यको तहबाट आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गरी महिला र उपेक्षित उत्पीडित समुदायबाट आएका पत्रकारलाई प्राथमिकतामा राखी नियमित व्यावसायिक तालिमको अवसर सिर्जना गर्न यो सम्मेलन नेपाल सरकार र सम्बन्धित पक्षसँग माग गर्छ।

८. पत्रकारिता क्षेत्रबाट महिला पलायन रोक्न सरकार र सम्बन्धित सञ्चार माध्यमले विशेष कार्ययोजना बनाई कार्यान्वयन गर्न यो सम्मेलन विशेष आग्रह गर्छ।

९. सञ्चार माध्यममा कार्यरत पत्रकार महिलालाई सुत्केरी बिदा तीन महिना दिनुपर्ने र शिशु स्याहार केन्द्र र महिलाका लागि छुट्टै शौचालयको तत्काल व्यवस्था गर्न सबै सञ्चार संस्थासँग यो सम्मेलन विशेष माग गर्छ।

१०. राजनीतिक नियुक्तिहरूमा पत्रकार महिलालाई समान अवसर दिई नीति-निर्माण तहमा महिलाको पहुँच बढाउन तथा सञ्चारगृहको सम्पादकीय नेतृत्व तहमा महिलाको उपस्थिति बढाउने गरी तत्काल नयाँ नीति बनाउन यो सम्मेलन माग गर्छ।

११. पत्रकार महिलाद्वारा व्यावसायिकरूपमा सञ्चालित र विशेषगरी मोफसलबाट प्रकाशित/प्रशारित सञ्चार माध्यमको प्रवर्द्धनका लागि राज्यद्वारा सहुलियत ब्याजदरबाट ऋण, सञ्चार सामग्रीमा कर छुट, सञ्चार माध्यमको वर्गीकरण र सुविधामा सहुलियत, महिला पत्रकारहरूका समस्या समाधान गर्न महिला डेस्क, बिमा, औषधि उपचार तथा पत्रकार महिलाहरूको अभिलेखीकरणलगायतका व्यवस्था गर्न यो सम्मेलन माग गर्छ।

२०७१ जेठ ८, काठमाडौँ, नेपाल

# अनुसूची–३

२०७२।०२।३१

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिको पाँचौं पूर्ण बैठक २०७२ जेठ ३० गते भूकम्पबाट अति प्रभावित जिल्ला सिन्धुपाल्चोकको चौतारामा सम्पन्न भएको छ । अध्यक्ष डा. महेन्द्र विष्टको अध्यक्षतामा सम्पन्न बैठकले महासङ्घको भावी कार्ययोजनासहित समसामयिक विषयमा महत्वपूर्ण निर्णयहरूसहित महासचिव उजिर मगरको महासङ्घको साङ्गठनिक र कार्ययोजना तथा कोषाध्यक्ष सूर्यमणि गौतमको आर्थिक प्रतिवेदन पारित गरेको छ। महासङ्घका पूर्वसभापतिहरू हरिहर विरही, सुरेश आचार्य र विष्णु निष्ठुरीसमेत सहभागी रहेको बैठकका निर्णयहरू देहायबमोजिम छन् :

१. महासङ्घको यो बैठक २०७२ वैशाख १२ गते गएको विनाशकारी महाभूकम्प र लगातारको पराकम्पनबाट भएको व्यापक जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्छ। त्यसक्रममा जीवन गुमाउने पत्रकार सुमन भोम्जन, रेडियो कार्यक्रम प्रस्तोता सिर्जना लामा, दैनिक नेपालगञ्जका प्रबन्ध निर्देशक अच्युतराज सुवेदीसहित मृतक सबैप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै महासङ्घ केन्द्रीय सदस्य माधव दुलालसहित आफन्त गुमाउने सबै पत्रकार र शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै मृतकहरूप्रति एक मिनेट मौन धारणबाट बैठक सुरु भएको थियो।

   बैठकले लाखौं नागरिकले आफ्नो बासस्थान गुमाउनुपरेको, मुलुकका थुप्रै ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक एवम् धार्मिक सम्पदासहित सार्वजनिक सम्पत्ति र संरचनाहरू ध्वस्त भएका तथा नेपाली सञ्चारमाध्यम र सञ्चारकर्मीले व्यक्तिगत र संस्थागतरूपमा पनि ठूलो भौतिक तथा मानसिक क्षतिसमेत बेहोर्नुपरेको यथार्थबारे छलफल गऱ्यो ।

   भूकम्पको अति जोखिमका बाबजुद नेपाली सञ्चारकर्मी र सञ्चार माध्यमले समग्रमा निर्वाह गरेको भूमिका र पालना गरेको पेशागत दायित्व प्रशंसनीय रहेको बैठकको ठहर छ। महासङ्घको यो बैठकले साहसिक पत्रकारिता र जिम्मेवार भूमिकाका निम्ति सम्बद्ध सबै पत्रकार र सञ्चारमाध्यमप्रति सम्मान व्यक्त गऱ्यो। बैठकले मुलुकलाई परेको महाविपत्तिको अवस्थामा पीडितको उद्धार, घाइतेको उपचार र राहतको निम्ति महासङ्घको केन्द्रीय समिति, स्थानीय शाखा/एसोसिएट संस्था, यसका सदस्य र सबै सञ्चारकर्मीले खेलेको भूमिकाको स्मरण गर्दै सम्बद्ध

सबैप्रति आभार व्यक्त गरेको छ। बैठकले यस क्षणमा महासङ्घको यो बैठक महाविपत्तिलगत्तै र तत्पश्चातको अवस्थामा मुलुकका सुरक्षा निकाय र चिकित्सा क्षेत्रको विशेष भूमिकाको प्रशंसा गर्दै सम्बद्ध सबैबाट निर्वाह भएको भूमिकाको पनि स्मरण गर्न चाहेको निष्कर्ष निकाल्यो। महासङ्घ अब आमनागरिक र आमसञ्चार क्षेत्रलाई थप विपत्तिबाट जोगाउन, विपत्तिमा परेकालाई पूर्ववत्रूपमा सामान्य अवस्थामा फर्काउन एवम् पुनर्स्थापना र पुनर्निर्माणको अभियानमा पनि यसैगरी सक्रियरूपमा सरिक हुन सञ्चार जगतका साथै नेपाल सरकार, पेशागत क्षेत्र र आमनागरिक समुदायसहित सम्पूर्ण मुलुकबासीमा हार्दिक अपिल गर्छ।

२. महाविपत्तिमा परेका पत्रकार र सञ्चार माध्यमलाई महासङ्घ र महासङ्घमार्फत् एवम् स्वस्फूर्तरूपमा भएको तत्कालीन राहत सहयोगका लागि धन्यवाद व्यक्त गर्दै अब महासङ्घ सञ्चार माध्यम र अन्य सञ्चार संस्थाहरूसँग समेत व्यापक सहकार्यका साथ पुनर्निर्माण, पुनर्स्थापना, विपत्तिको बेला पत्रकारको सुरक्षा, सिप र जोखिम न्यूनीकरणका साथै श्रमजीवी पत्रकारको पेशागत सुरक्षा र संविधान निर्माण प्रक्रियालाई साझा अभियानका रूपमा अघि बढाउने प्रतिबद्धता महासङ्घले यसै बैठकबाट गऱ्यो।

३. बैठकद्वारा पारित तत्काल सञ्चालन गर्ने कार्यक्रमहरू देहायबमोजिम हुनेछन् :

**क) भूकम्पपीडितका सन्दर्भमा**

१) भूकम्पबाट अति प्रभावित जिल्लालगायत देशभर भएको पत्रकारहरूको जनधनको क्षतिको विवरणका आधारमा अति प्रभावित, प्रभावित र अन्य क्षेत्र गरी तीन भागमा वर्गीकरण गरी पुनर्निर्माणमा सहयोगी भूमिका निर्वाह गर्ने निर्णय बैठकले गऱ्यो।

२) सञ्चारकर्मी र सञ्चार संस्थालाई राहत र पुनर्स्थापनाका लागि राज्यका तर्फबाट विशेष कार्यक्रम ल्याउन सरकारलाई दबाब सिर्जना गर्नुका साथै प्रेस काउन्सिल र सूचना विभागलगायतका निकायबाट सञ्चार उपकरण खरिद, लोककल्याणकारी विज्ञापनबापतको रकम भुक्तानी, वर्गीकरणमा सहुलियत, सार्वजनिक हितसम्बन्धी सन्देशसहितका लागि व्यवस्था मिलाइ समानुपातिक विज्ञापन नीति तत्काल कार्यान्वयन गर्न दबाब दिने निर्णय बैठकले गऱ्यो।

३) भूकम्पबाट ध्वस्त सञ्चार माध्यम पुनः सञ्चालनका लागि उपकरण आयातमा भन्सार छुट तथा नवीकरण र अन्य दस्तुरमा मिनाहा वा छुटका लागि पहल गर्ने तर त्यस्तो पहल गर्दा उक्त सहुलियतको प्रतिफल प्राप्त

गर्न सम्बन्धित सञ्चार माध्यमले श्रमजीवी पत्रकार ऐन कार्यान्वयन भएको प्रमाण अनिवार्य हुनुपर्ने पूर्वसर्तसहित हुनुपर्ने निर्णय बैठकले गऱ्यो ।

४) भूकम्पबाट अति प्रभावित पत्रकार, कर्मचारी, कामदारलाई राहत र पुनर्निर्माणमा सहयोग गर्नु ऊ कार्यरत संस्थाको पनि दायित्व हो । सो दायित्व पालना गर्नुको सट्टा यही मौकामा आमानवीय ढङ्गले पत्रकार निष्काशन गर्ने, पारिश्रमिक रोक्का गर्ने, दरबन्दी कटौती गर्ने, असुरक्षित र अत्यन्तै जोखिमपूर्ण कार्यस्थलमा जबर्जस्ती काममा लगाउने जस्ता प्रवृत्ति देखिइरहेकाले त्यस्तो कार्यप्रति सचेत गराउने र गर्न नदिने निकायमा त्यस सम्बन्धित शाखासँग समन्वय गरी प्रतिवादमा उत्रने निर्णय बैठकले गऱ्यो ।

५) महासङ्घद्वारा स्थापित महाभूकम्पपीडित उद्धार कोषमा जम्मा हुने रकम र अन्य सहयोगी संस्थासँगको सहकार्यमा महासङ्घका क्षतिग्रस्त शाखा भवनको पुनर्निर्माण तथा अति पीडित पत्रकारका लागि आवास निर्माण, ब्याङ्क ऋणमा सहुलियत र बालबच्चाको शिक्षाका लागि सक्दो सहयोग र सहुलियतको पहल गर्ने निर्णय बैठकले गऱ्यो ।

६) अति प्रभावित क्षेत्रका पत्रकारका लागि प्रभावित नभएका वा कम प्रभावित भएका क्षेत्रका पत्रकारको साथ जरूरी छ । यसका निम्ति क्षेत्रीय, प्रतिष्ठान र एसोसिएट संयोजक र सहसंयोजकले समन्वय गरी क्षेत्रीय/प्रतिष्ठान/एसोसिएट समितिबाट 'भूकम्प प्रभावित पत्रकार राहत कोष-२०७२' मा तत्काल नगद जम्मा गर्ने निर्णय बैठकले गऱ्यो ।

७) अन्तर्राष्ट्रिय सङ्घ/संस्था र स्थानीय निकायसँग समन्वय गरेर स्रोत खोजी गरी ट्रमा मनोपरामर्श, स्वास्थ्य उपचार प्रबन्ध, अस्थायी शिविर सञ्चालन, पत्रकार सुरक्षा, भूकम्पकेन्द्रित सूचना वा स्रोत केन्द्र सञ्चालन र विपत्तिमा पत्रकारिता अभ्यास जस्ता विषयलाई केन्द्रित गरी प्रशिक्षण अभियान सञ्चालन गर्ने र सोको व्यवस्थापन मिलाउने ।

८) भूकम्पसम्बन्धी सम्पूर्ण कामको प्रमुख जिम्मेवारी दिनेगरी उपाध्यक्ष खिलबहादुर भण्डारीको संयोजकत्वमा सात सदस्यीय समति गठन गरियो । अन्य सदस्यमा सचिव प्रभात चलाउने, कोषाध्यक्ष सूर्यमणि गौतम, केन्द्रीय सदस्य राजु लामा, पवन वर्षा शाह, चिरञ्जीवी मास्के र प्रकाश तिमिल्सिना छन् ।

**ख) श्रमजीवी पत्रकारका सन्दर्भमा**

१) श्रमजीवी पत्रकार ऐन कार्यान्वयनलाई थप प्रभावकारी तुल्याउन नयाँ चरणको अभियान सञ्चालन गर्ने । यस क्रममा देखिने गरी उपलब्धि हासिल गर्न

२०७२ भदौ महिनाभित्र देशभरका सञ्चार प्रतिष्ठानमा नियुक्तिपत्र, न्यूनतम पारिश्रमिक र बक्यौता पारिश्रमिक भुक्तानी कार्यान्वयन गरी सार्वजनिक गर्न कार्ययोजना बनाउन श्रमजीवी पत्रकार ऐन कार्यान्वयन अनुगमन समितिलाई जिम्मा दिने निर्णय बैठकले गऱ्यो ।

समितिले महासङ्घको सम्बन्धित शाखासँग समन्वय गरी आपसी लबिङ र व्यवस्थापनसँग वार्ता गर्नुका साथै आवश्यक परे सम्बन्धित शाखाबाट निर्णय गराई निश्चित अवधिको अल्टिमेटम दिएर सङ्घर्षका कार्यक्रमसमेत सञ्चालन गर्ने र सङ्घर्षका कार्यक्रम सञ्चालन भएको अवस्थामा केन्द्रीय समितिका अन्य सबै पदाधिकारी, सदस्यले पनि त्यसमा सहभागिता जनाई निष्कर्षमा पुऱ्याउने निर्णय बैठकले गऱ्यो ।

२) हिमालय टेलिभिजन र एभिन्युज टेलिभिजनमा उत्पन्न श्रम समस्या जेठ मसान्तसम्म समाधान गर्न सम्बन्धित सञ्चार प्रतिष्ठान व्यवस्थापनलाई आह्वान गर्ने, अन्यथा सङ्घर्षका कार्यक्रममा महासङ्घ केन्द्रीय समिति प्रत्यक्ष सहभागी भई सङ्घर्ष निष्कर्षमा पुऱ्याउने निर्णय बैठकले गऱ्यो ।

३) मुद्रास्फीति दर र दैनिक जीवनयापनका आधारमा विद्यमान न्यूनतम पारिश्रमिकमा तत्काल पुनरावलोकन गरी रु. २०,०००।- हुनुपर्ने माग राख्ने निर्णय बैठकले गऱ्यो । श्रमजीवी पत्रकार ऐनका अन्य व्यवस्थाको कार्यान्वयन र प्रत्येक वर्ष मुद्रास्फीति दरअनुसार स्वतः मिलान हुने प्रावधानसहित यसलाई टुङ्गो लगाउन पहल गर्ने निर्णय बैठकले गऱ्यो । सरोकारवाला पक्षसँगको वार्ताका आधारमा वृद्धि अङ्कको टुङ्गो लगाउने जिम्मेवारी सचिवालयलाई दिने निर्णयसमेत बैठकले गरेको छ ।

४) श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि सरकारलाई थप दबाब दिने र व्यवस्थापिका-संसद्को विकास समितिलाई झकझक्याउने साथै ऐन उल्लङ्घन भएकाले मर्कामा परेको कारण कानुनी उपचार खोज्न चाहने कुनै पनि श्रमजीवी पत्रकारलाई निःशुल्क कानुनी डेस्कमार्फत कानुनी सेवा प्रदान भइराखेकाले त्यसलाई निरन्तरता दिने निर्णय बैठकले गऱ्यो ।

५) महासङ्घसँगको सहमति र नेपाल सरकारको बजेट वक्तव्यमा उल्लेख भई संसद्बाट पारित भएर पनि आर्थिक वर्ष सकिन लाग्दासमेत सरकारले पत्रकारको दुर्घटना बिमा र द्वन्द्वपीडित पत्रकार कल्याण कोषको कार्यान्वयन एवम् आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापनामा अझै आलटाल गरिनु दुःखद् अवस्था रहेको निष्कर्षसहित यसको तत्काल कार्यान्वयनका लागि

सरकारको गम्भीर ध्यानाकर्षण गराउने निर्णय बैठकले गर्‍यो ।

**ग) संविधान निर्माण सन्दर्भमा**

१) संविधान सभाबाट सकेसम्म चाँडो संविधान जारी गर्न प्रमुख राजनीतिक दलबीच भएको सहमति र उक्त सहमतिको जगमा संविधान सभाबाट भइरहेको प्रगतिको महासङ्घ स्वागत गर्छ । शान्ति प्रक्रियालाई पूर्णतामा पुर्‍याई परिवर्तनका एजेन्डालाई संस्थागत गर्न परिवर्तनकारी शक्तिबीच व्यापक सहकार्य अपरिहार्य छ। महासङ्घ हाल सहमत हुन नसकेका पक्षसँग समेत संवाद र सहकार्यको पहल जारी राख्दै र आमनागरिकलाई समेत सो प्रक्रियामा सहभागी गराई छिटोभन्दा छिटो सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको अग्रगामी संविधान जारी गर्न र मुलुकलाई राजनीतिक स्थिरता र समृद्धिको दिशामा अग्रसर गराउन अपिल गर्छ।

२) नयाँ संविधान जारी गर्दा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्रत्याभूति हुनुपर्छ। हालको मस्यौदामा रहेका कतिपय व्यवस्थाले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई सङ्कुचित गर्ने अवस्था रहेकाले महासङ्घ स्थापित अन्तर र्ाष्ट्रिय मान्यतासँग मेल खानेगरी ती व्यवस्थाको पुनर्लेखन हुनुपर्ने धारणा राख्छ र सोका लागि आवश्यक पहल गर्ने निर्णय बैठकले गरेको छ।

**४. समसामयिक विषयमा**

१) महाभूकम्पपीडितलाई राहत दिने नाममा विभिन्न सञ्चारगृहले सुरु गरेको अभियानमा सङ्कलित रकम दुरुपयोग भइरहेको भन्ने चर्चा चलेको सन्दर्भमा समग्र सञ्चार जगतको बदनाम हुने देखिएकाले सङ्कलित रकम तत्काल पारदर्शिता देखाइ आफ्नो गरिमा जोगाउन महासङ्घ सम्बन्धित सञ्चार गृहहरूको गम्भीर ध्यानाकर्षण गराउँछ।

२) द्वन्द्वपीडित पत्रकारको सहयोगार्थ नेपाल पत्रकार महासङ्घले आयोजना गरेको मैत्रीपूर्ण फुटबल प्रतियोगिता, महासङ्घको ६० औँ स्थापना दिवसमा आयोजित महासङ्घ ११ र सभासद् ११ बीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता, भूकम्प प्रभावित पत्रकारहरूलाई त्रिपालको व्यवस्था मिलाउने सञ्चारकर्मीमैत्री एन्फाका कार्यबाहक अध्यक्ष ललितकृष्ण श्रेष्ठको २०७२ जेठ २९ गते राति निधन भएकाले उहाँप्रति महासङ्घ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्छ।

उजिर मगर
महासचिव

# अनुसूची–४

२०७२/०८/०३
माननीय सूचना तथा सञ्चार प्रविधि मन्त्रीज्यू
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौँ ।

**विषय : ध्यानाकर्षण ।**

माननीय मन्त्रीज्यू,

नेपाली प्रेस र पत्रकारहरूले भोगिरहेका समस्या समाधानको सन्दर्भमा तत्काल सम्बोधन हुनुपर्ने केही विषयहरू यहाँसमक्ष प्रस्तुत गरेका छौँ । विगत लामो समयदेखि नेपाल पत्रकार महासङ्घले यस मन्त्रालय र नेपाल सरकारका अन्य निकायसमक्ष प्रस्तुत यी विषयहरू ठोसरूपमा अझै सम्बोधन हुन नसकेको तीतो अनुभव रहेको पृष्ठभूमिमा यहाँले यी विषयलाई गम्भीरतापूर्वक लिई तत्काल सम्बोधनको पहल गर्नुहुने अपेक्षासहित पुनः प्रस्तुत गरेका छौँ ।

(१) श्रमजीवी पत्रकार ऐन जारी भएको दुई दशक भइसक्दा पनि यसको पूर्ण कार्यान्वयन हुन नसकेको कटु यथार्थलाई मनन गरी श्रमजीवी पत्रकार, कर्मचारी, कामदारको प्रतिस्पर्धात्मक क्षमता र वृत्ति विकासको अवसर सुनिश्चित गर्दै सञ्चार प्रतिष्ठानमा सेवा सुरु गरेको दिनदेखि नै सेवाका सर्त र सुविधा खुलेको नियुक्तिपत्र, न्यूनतम पारिश्रमिक, बिदा, वार्षिक वृद्धि, औषधि उपचार, बिमा, उपदानलगायतका श्रमजीवी पत्रकार ऐनले व्यवस्था गरेका सुविधाहरू पाउने गरी श्रम समस्या समाधानको पहल गरियोस् । यस विषयमा व्यवस्थापिका-संसद्को विकास समिति र श्रम समितिले मन्त्रालयलाई निर्देशितसमेत गरिसकेको स्मरण गराउँदै कार्यान्वयन गराउनेलाई प्रोत्साहन र नगर्नेलाई दण्डको स्पष्ट व्यवस्थासहित ठोस पहलको लागि पुनः आग्रह गर्छौं ।

(२) नेपाल पत्रकार महासङ्घको माग र संलग्नतासमेतका आधारमा न्यूनतम पारिश्रमिक निर्धारण समितिले यस मन्त्रालयसमक्ष प्रस्तुत गरेको श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिकमा पुनरावलोकन सिफारिस तत्काल लागु गरियोस् ।

(३) पत्रकारको दक्षता अभिवृद्धिका लागि नेपाल पत्रकार महासङ्घसमेतको संलग्नतामा स्वतन्त्र, स्वायत्त र प्राज्ञिक स्तरबाट व्यावसायिकरूपमा सञ्चालन

हुने गरी राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गरियोस् । यसका निम्ति अघिल्लो आर्थिक वर्षको बजेटमै उल्लेख भएर पारित भइसकेको, यस मन्त्रालयबाट अर्थ मन्त्रालयमा गत आवमै बजेट निकासा माग भएको, महासङ्घले संस्थागतरूपमा कानुनी मस्यौदासहित प्रतिष्ठानको अवधारणा पनि प्रस्तुत गरिसकेको र मन्त्रालयबाट प्रक्रिया अघि बढाउन गत आवमै कार्यदल गठनसमेत भएको तर कार्यान्वयन अझै नभएको स्मरण गराउँदै हाललाई नेपाल पत्रकार महासङ्घको केन्द्रीय कार्यालय भवनमै स्थापना गरेर यसै आवबाट प्रशिक्षण कार्य प्रारम्भ गर्ने प्रस्तावसहित तत्काल राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापनाका लागि अनुरोध गर्छौं ।

(४) प्रेस काउन्सिल नेपाललाई पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइनलगायत नयाँ मिडियामा समेत पत्रकार आचारसंहिता अनुगमन गर्न सक्ने क्षमतासहित स्वायत्त, सक्षम र सवल स्वनियमनकारी निकायका रूपमा पुनर्संरचना गरियोस् ।

(५) मिडियाको प्राविधिक नियमन र प्रबर्द्धनका साथै प्रशारण माध्यमको इजाजत, नवीकरण, विज्ञापन, वर्गीकरण, श्रम मामिला आदि हेर्ने गरी स्वतन्त्र, स्वायत्त राष्ट्रिय मिडिया आयोग स्थापना गरी यसको प्रभावकारी सञ्चालनको व्यवस्था मिलाइयोस् ।

(६) व्यावसायिक पत्रकारिताको प्रवर्द्धनका निम्ति प्रेस स्वतन्त्रताको सहज उपभोगको वातावरण निर्माण, सम्पादकीय स्वतन्त्रताको जगेर्ना र सूचनामा पहुँचको सुनिश्चितताका लागि आवश्यक पहल गरियोस् ।

(७) सम्पूर्ण पत्रकारको दुर्घटना तथा स्वास्थ्य उपचार बिमाको व्यवस्था तत्काल कार्यान्वयन गरियोस् । दुर्घटना बिमाका लागि प्रक्रिया अघि बढिसकेकामा तत्काल त्यसको कार्यान्वयन प्रारम्भ गरी त्यसमा छुटेका इच्छुक पत्रकारलाई क्रमशः सहभागी गराउने, निर्देशिकाको व्यवस्था अझ खुकुलो बनाई प्रेस कार्ड लिएका र महासङ्घका सदस्यता प्राप्त गरेका सबै सञ्चारकर्मीले त्यसको लाभ लिनसक्ने व्यवस्था गरियोस् । पत्रकार र तिनका एकाघरका परिवारका सदस्यलाई कम्तीमा निजामती कर्मचारीसरह निजामती अस्पताल, अन्य सरकारी अस्पताल र शिक्षण अस्पतालहरूमा स्वास्थ्य सुविधा र सहुलियतको नीतिगत व्यवस्था गरियोस् ।

(८) लामो समयसम्म पत्रकारिताको माध्यमबाट राष्ट्रको सेवा गरेका वरिष्ठ पत्रकारहरू जीवनको उत्तरार्द्धमा आएर जीवनयापन र स्वास्थ्य उपचारको समस्याले पिरोलिएर कष्टकर जीवन बिताउन बाध्य हुनुपरेको विडम्बनापूर्ण

अवस्था अन्त्य गर्ने नीतिगत व्यवस्था गरी ज्येष्ठ पत्रकार र पत्रकारिता गर्दागर्दै दुर्घटना वा अन्य दीर्घरोगका कारण अपाङ्गता या अशक्त जीवन बिताउन बाध्य पत्रकारका लागि निश्चित जीविकोपार्जन भत्ताको व्यवस्था गरियोस् ।

(९) द्वन्द्वपीडित पत्रकारलाई राहत र पीडित परिवारलाई सहयोग गर्न यसअघि गृहकार्य भइसकेको द्वन्द्वपीडित पत्रकार कल्याण कोष तत्काल कार्यान्वयनमा ल्याइयोस् ।

(१०) सशस्त्र द्वन्द्व एवम् तत्पश्चात् ३५ जना पत्रकारको हत्या वा शङ्कास्पद मृत्यु भएको छ भने ४ जना अहिले पनि बेपत्ताको सूचीमा हुनुहुन्छ । यस्ता अधिकांश घटनामा कानुनी प्रक्रियासमेत अघि बढाइएको छैन । यसर्थ हत्या र बेपत्ता पत्रकारको सन्दर्भमा यथार्थ छानबिन, दोषीमाथि कारबाही र पीडितलाई राहतको सिफारिसका लागि अधिकार सम्पन्न आयोग गठन गरियोस् ।

(११) नेपाल पत्रकार महासङ्घ जस्तोसुकै कठिन घडीमा पनि पत्रकारिताको धर्म र आचारसंहिता विपरितका विषयवस्तुहरू प्रकाशन/प्रशारण हुन नहुने र मिडियाले हिंसा भड्काउने वा राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमिकता, जातीय सद्भाव बिथोल्ने जस्ता कार्य गर्न नहुनेमा दृढ छ । पछिल्लो समयमा तराई मधेसमा जारी आन्दोलनका क्रममा पत्रकार र सञ्चार माध्यमहरू आन्दोलनकारी र राज्य दुवै पक्षबाट चर्को दबाबको सामना गर्न र भौतिक आक्रमणको सिकार हुन बाध्य भएका कारण अनपेक्षित अवस्थाहरूसमेत सिर्जना भएकामा महासङ्घ गम्भीर छ । महासङ्घ प्रेस स्वतन्त्रता हननका घटना हुन नदिन र पत्रकारलाई भयरहित वातावरणमा पेशागत दायित्व निर्वाहको वातावरण बनाउन एवम् पत्रकार र सञ्चार माध्यमको भौतिक सुरक्षाको ग्यारेन्टी गरियोस् भनी ध्यानाकर्षण गराउँछ ।

(१२) मिडियामा समावेशीकरणका लागि यसअघि मन्त्रालयबाट गठित आयोगको प्रतिवेदनको कार्यान्वयनका साथै लैङ्गिक समानता प्रवर्द्धनका निम्ति नेपाल पत्रकार महासङ्घद्वारा गत वर्ष आयोजित पत्रकार महिलाको राष्ट्रिय भेलाद्वारा पारित गरी मन्त्रालयमा प्रस्तुत ११ बुँदे घोषणापत्र तथा सञ्चार प्रतिष्ठानहरूलाई लैङ्गिकमैत्री बनाउने निर्देशिका २०७१ कार्यान्वयनको पहल गरियोस् ।

(१३) विद्यमान सञ्चार नीति र कानुनले मिडियाको माध्यमगत, सङ्ख्यात्मक र प्रविधिगत विकासले सिर्जना गरेका समस्या र अवसरलाई सम्बोधन गर्न नसक्ने भएकाले नेपालको संविधान २०७२ जारी भइसकेको सन्दर्भमा सङ्घीय संरचनाको अवधारणालाई समेत आत्मसात गर्दै सरोकारवाला पक्षको

संलग्नतामा नयाँ मिडिया नीति निर्माण एवम् मिडिया कानुन पुनरावलोकन गरियोस् ।

(१४) नेपाली मिडियालाई उद्योगका रूपमा विकास गर्न आवश्यक सुविधा, सहुलियत र पूर्वाधारको व्यवस्था गरियोस् । विद्यमान नाकाबन्दी र हड्तालका कारण सिर्जित चरम अभाव सम्बोधन गर्न तत्काल विशेष पहल गरियोस् ।

(१५) पत्रकारद्वारा सञ्चालित, साना लगानी र स्थानीय तहका सञ्चार माध्यमको संरक्षणका लागि विशेष पहल गरियोस् ।

(१६) सरकारी विज्ञापनको समुचित र समानुपातिक वितरण प्रणाली लागु गरियोस् । स्थानीय तहमा सञ्चार समन्वय संयन्त्र क्रियाशील गराइ सोमार्फत् तत्कालीन समस्या समाधान र सेवा प्रवाह प्रभावकारी बनाइयोस् ।

(१७) लोकतन्त्रमा सरकार आफैँले सञ्चार माध्यम सञ्चालन गर्नु सान्दर्भिक नहुने भएकाले सरकारी सञ्चार माध्यमलाई सरकारको नियन्त्रणबाट मुक्त गरियोस् । यस क्रममा नेपाल टेलिभिजन र रेडियो नेपाललाई सार्वजनिक सेवा प्रसारण (PSB) मा रूपान्तरण गरियोस् । राष्ट्रिय समाचार समिति र गोरखापत्र संस्थानलाई सरकारी नियन्त्रणबाट मुक्त गरी स्वतन्त्र र स्वायत्त किसमले सञ्चालन हुने व्यवस्थातर्फ ध्यान दिइयोस् ।

(१८) पत्रकारिताको इतिहास र विकास क्रमलाई सजीवरूपमा संरक्षण गर्न मिडिया सङ्ग्रहालय स्थापना गरियोस् ।

डा. महेन्द्र विष्ट
अध्यक्ष

# अनुसूची–५

## घलेगाउँ घोषणापत्र–२०७१

१. श्रमजीवी पत्रकार ऐन लागु भएको दुई दशकभन्दा बढी समय हुँदा पनि त्यसको पूर्ण र प्रभावकारी कार्यान्वयन हुन नसकेकोमा नेपाल पत्रकार महासङ्घ गम्भीर भएको छ । श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका सन्दर्भमा पछिल्लो समय महासङ्घले गरेको प्रयासलाई तीव्रता दिँदै यो बैठक श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयनका लागि सञ्चार प्रतिष्ठान व्यवस्थापन र नेपाल सरकारलाई पुनः आह्वान गर्छ । यसमा बेवास्ता गरिएमा महासङ्घ कडा आन्दोलन गर्न बाध्य हुने घोषणा गर्छ ।

२. २०६२/६३ को ऐतिहासिक जनआन्दोलनको एउटा प्रमुख पक्षसमेत रहेको नेपाली प्रेस जगत र त्यसको अगुवाइ गर्ने नेपाल पत्रकार महासङ्घ परिवर्तनका एजेन्डालाई संस्थागत गर्ने प्रमुख दस्तावेज संविधान निर्माणमा संविधान सभा र राजनीतिक दलहरूबाट भइरहेको पहलको स्वागत गर्छ । तर पछिल्ला दिनमा दलबीच बढ्दै गएको असहमति र ध्रुवीकरणले दलहरू कतै आफैँले वाचा गरेको समयसीमा २०७१ माघ ८ भित्र संविधान दिन फेरि पनि असफल हुने त हैनन् भन्ने गम्भीर शङ्का उत्पन्न भएको छ । नेपाल पत्रकार महासङ्घ लोकतान्त्रिक आन्दोलन र सङ्घर्षको उपलब्धिस्वरूप प्राप्त भएका लोकतन्त्र, गणतन्त्र, सङ्घीयता, समावेशिता जस्ता महत्वपूर्ण परिवर्तनलाई संस्थागत गर्न पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासहितको लोकतान्त्रिक संविधान निर्माणमा ध्यान केन्द्रित गरी 'नेपाली जनतासँग गरेको वाचा नतोडौँ, २०७१ माघ ८ भित्रै संविधान निर्माण गरौँ' भन्ने मूल आह्वानसहित तीन महिने विशेष अभियान सञ्चालन गर्ने घोषणा गर्छ । महासङ्घ यस अभियानमा साथ, सहयोग र सहभागिताका लागि सबैमा अपिल गर्छ ।

३. प्रेस स्वतन्त्रता र निर्बाध ढङ्गले सूचना सम्प्रेषणको अधिकारसमेत हनन हुने गरी ल्याइएको अदालतको अपहेलनासम्बन्धी विधेयक सार्वजनिक छलफलमा लगिनुलाई सकारात्मकरूपमा लिँदै महासङ्घको यो बैठक छलफल प्रक्रियामा सहभागी भई विधेयकलाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री हुने गरी संशोधनका लागि भूमिका खेल्न महासङ्घका सबै शाखा/एसोसिएट संस्था, प्रेस जगत र विचार तथा अभिव्यक्ति स्वतन्त्रता पक्षधर सबैमा आग्रह गर्छ ।

४. पत्रकारको सिप, दक्षता अभिवृद्धिका लागि राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापनाका लागि नेपाल पत्रकार महासङ्घको यसै बैठकद्वारा पारित अवधारणाअनुरूप तत्काल प्रतिष्ठान स्थापना गरी प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि यो बैठक सरकारसँग आग्रह गर्छ ।

५. श्रमजीवी पत्रकारको दुर्घटना बिमा र द्वन्द्वपीडित पत्रकार कल्याण कोष निर्देशिका मन्त्रिपरिषद्द्वारा पारित भइसकेको सन्दर्भमा छिटोभन्दा छिटो त्यसको कार्यान्वयनका लागि यो बैठक सरकारको गम्भीर ध्यानाकर्षण गराउँछ । साथै, महासङ्घका सबै सदस्यका लागि लागु हुने बिमाको सुविधा लिन सूचना विभागबाट जारी हुने प्रेस पास अनिवार्य हुने भएकाले प्रेस पाससमेत लिई तयारी अवस्थामा रहन सबै पत्रकार साथीहरूलाई आह्वान गर्छ ।

६. पत्रकारहरूमाथि देशव्यापीरूपमा भइरहेको भौतिक आक्रमणका कारण अहिले पनि पत्रकारहरू असुरक्षित महसुस गरिरहेका छन् भने प्रेस स्वतन्त्रता सङ्कुचित भइरहेको अवस्था छ । महासङ्घपत्रकारको भौतिक सुरक्षा, प्रेस स्वतन्त्रताको निर्वाध उपभोगको वातावरण एवम् पत्रकारमाथि आक्रमण गर्नेहरूमाथि कानुनी कारबाहीका लागि नेपाल सरकारसँग आग्रह गर्छ ।

७. यो बैठक आमपत्रकारको क्षमता, व्यावसायिकता र नेतृत्व विकासका लागि नेपाल पत्रकार महासङ्घ विभिन्न योजनाका साथ काम गर्ने घोषणा गर्छ । यस्ता योजनामा विशेषगरी महिला, जनजाति, दलित, मधेसी, पिछडिएका क्षेत्र, अल्पसङ्ख्यक र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, अपाङ्गता क्षेत्रबाट प्रतिनिधित्व गर्ने पत्रकारहरूको सहभागितालाई ध्यान दिनेछ । महासङ्घको यो बैठक लैङ्गिकमैत्री सञ्चार निर्देशिका २०७० र सञ्चार प्रतिष्ठानलाई समावेशी बनाउनेसम्बन्धी कार्यदलको सुझाव कार्यान्वयनका लागि सरकारको ध्यानाकर्षण गराउँछ ।

८. समानुपातिक विज्ञापन नीति पारित भएको लामो समय बितिसक्दा पनि लागु नभएका कारण समानुपातिक विज्ञापन वितरण प्रणाली कार्यान्वयनका लागि सरकारसँग आग्रह गर्छ ।

९. महासङ्घको यो बैठक लमजुङ जिल्लाका विभिन्न भागमा विकास र प्रवर्द्धन भइरहेको ग्रामीण पर्यटनको सराहना गर्दै स्थानीय जनताको आर्थिक विकास र राष्ट्रको पहिचान बढाउने यस्ता पहलको आमसञ्चार जगतबाट पनि व्यावसायिक सीमाभित्र रही साथ र सहयोग हुनु सान्दर्भिक ठान्छ । सार्क सम्मेलन नेपालमै आयोजनाको अन्तिम तयारीका बेला सार्क क्षेत्रकै नमुना पर्यटन गाउँ घलेगाउँको पर्यटकीय विकासमा सकारात्मक भूमिकाका लागि सरकारको ध्यानाकर्षण गराउँदै

यो बैठक घलेगाउँको भौतिक पूर्वाधार विकास गर्न र त्यहाँ पुग्ने सडक अत्यन्तै जोखिमपूर्ण रहेकाले सोको सुधारका लागि नेपाल सरकार र सम्बद्ध निकायमा अपील गर्छ। साथै, राष्ट्रकै नमुना होमस्टेका रूपमा विकसित लमजुङकै गाउँसहर काउलेपानी क्षेत्रको पूर्वाधार विकास र सडक सुधारका लागि पनि सम्बद्ध सबैमा आग्रह गर्छ।

१०. दक्षिण एसियाकै नमुना गाउँ लमजुङको घलेगाउँमा नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिको तेस्रो पूर्ण बैठक आयोजना र व्यवस्थापन एवम् गाउँसहर काउलेपानीमा घोषणापत्र जारी गर्नका लागि नेपाल पत्रकार महासङ्घ लमजुङ शाखा, जिल्ला विकास समिति लमजुङ, पर्यटन व्यवस्थापन समिति ग्रामीण पर्यटन घलेगाउँ, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, सिनो हाइड्रो पावर, लमजुङ उद्योग वाणिज्य सङ्घ र स्थानीय बासिन्दालाई विशेष धन्यवाद व्यक्त गर्छ। साथै, यो घोषणापत्र सार्वजनिक भएको स्थल काउलेपानी क्षेत्रका सबै सङ्घ/संस्था र व्यक्तिमा धन्यवाद ज्ञापन गर्छ।

# अनुसूची–६

## नेपाल पत्रकार महासङ्घ तराई–मधेश मिडिया सम्मेलन–२०७२ को अमलटारी घोषणापत्र

नेपाल पत्रकार महासङ्घ केन्द्रीय कार्यसमितिको आयोजनामा नवलपरासीको अमलटारीमा केन्द्रीय पदाधिकारी, सदस्य, सल्लाहकार र तराई-मधेशका २२ वटा जिल्ला शाखाका अध्यक्ष तथा प्रतिनिधिहरुको सहभागितामा २०७२ मंसिर २६ गते सम्पन्न **तराई–मधेश मिडिया सम्मेलन** जारी आन्दोलन र सीमा नाकामा भएको अवरोधका कारण उत्पन्न विषम परिस्थितिप्रति गहिरो चिन्ता र सरोकार प्रकट गर्दै देहायको घोषणापत्र जारी गर्दछ :

१) नेपाली जनताको लामो संघर्ष र बलिदानको परिणामस्वरूप संविधान सभाबाट २०७२ असोज ३ गते संविधान जारी हुनु ऐतिहासिक उपलब्धी हो। नयाँ संविधानले लोकतन्त्र, गणतन्त्र, संघीयता, समावेशिता, धर्मनिरपेक्षता, सामाजिक न्यायजस्ता परिवर्तनका मूलभूत एजेण्डाहरू संस्थागत गरेको छ । हामी यी उपलब्धीलाई संस्थागत गर्दै तराइ मधेशमा जाारी आन्दोलन र अन्य असन्तुष्ट पक्षले उठाएका जायज विषयहरूलाई समेटेर संविधान संशोधन गर्दै यसको स्वीकार्यतालाई अझ व्यापक बनाउन आवश्यक छ भन्ने मान्यता राख्दछौं ।

२) लामो समयदेखि जारी मधेश आन्दोलन र सीमा नाकामा भइरहेको अवरोधका कारण आमनागरिकको दैनिक जनजीवन अस्तव्यस्त भएको छ। देशको अर्थतन्त्र चौपट बनेको छ। पत्रकारहरू असुरक्षित हुनुपरेको छ भने पत्रकारिता स्वनियन्त्रण (Self Censorship) को शिकार बनेको छ । मिडिया उद्योग धराशयी बन्दै गएको छ। मुलुकले थेग्नै नसक्ने यस्तो अवस्थाको चाँडो अन्त्यका लागि गम्भीर बन्न हामी सम्बन्धित सवै पक्षको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।

३) विद्यमान राजनीतिक समस्याको समाधान राजनीतिक तहबाटै खोजिनुपर्दछ र आन्तरिक समस्याको समाधान आपसी संवादबाटै निकालिनु पर्दछ भन्ने हाम्रो स्पष्ट दृष्टिकोण छ । हामी विद्यमान समस्याको निकास यथाशक्य छिटोभन्दा छिटो निकाल्न सम्बद्ध सबै पक्षलाई हार्दिक आग्रह गर्दछौं। यो सम्मेलन कुनै पनि पक्षबाट हुने बल प्रयोग र हिंसाको विरोध गर्दछ र कुनै पनि बाह्य हस्तक्षेपप्रति आपत्ती प्रकट गर्दछ।

४) मुलुकको यो जटिल स्थितिमा राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक

अखण्डता, राष्ट्रिय सुरक्षा, सामाजिक सद्भाव र एकताप्रति मिडिया जगत् अझ बढी संवेदनशील हुनुपर्दछ। जस्तोसुकै संकटको घडीमा पनि रत्तिभर विचलित नभई पत्रकार आचारसंहिताको जिम्मेवारीपूर्वक पालना गर्न र स्वतन्त्र पत्रकारिताको व्यवसायिक धर्म निर्वाह गर्न यो सम्मेलन सम्पूर्ण पत्रकार र सञ्चारमाध्यमहरूलाई अपील गर्दछ।

५) पत्रकार र सञ्चारजगतमाथि लक्षित गरेर भएका आक्रमण, धम्की र अवरोधका घटनाहरूप्रति यो सम्मेलन आपत्ती प्रकट गर्दछ। साथै पत्रकारको भौतिक सुरक्षा, निर्वाध आवागमन र स्वतन्त्र पत्रकारिताको अभ्यासको वातावरण बनाउन आन्दोलनकारी र राज्य पक्षको गम्भीर ध्यानाकर्षण गराउँदछ।

६) तराई मधेशमा जारी आन्दोलनको संवेदनशीलता बुझ्न सो क्षेत्रको स्थलगत अवलोकन र प्रत्यक्ष संवाद जरूरी छ। यस सन्दर्भमा तराई मधेश क्षेत्रमा स्थलगत भ्रमण, रिपोर्टिङ र प्रत्यक्ष अन्तरक्रिया गर्नु सान्दर्भिक हुने भएकोले यो सम्मेलन नेपाल पत्रकार महाङ्घ केन्द्रीय कार्यसमिति, वरिष्ठ पत्रकार तथा राष्ट्रिय सञ्चारमाध्यमका सम्पादकहरूलाई तराई मधेशमा स्थलगत अध्ययन भ्रमण गरी यथार्थ विवरण सार्वजनिक गर्नका लागि हार्दिक आग्रह गर्दछ। साथै हामी आन्दोलनको नेतृत्व तहलाई त्यसका लागि वातावरण सहज बनाउन र सहयोग गर्न आग्रह गर्दछौं।

७) तराई मधेश आन्दोलनका क्रममा आक्रमणमा परेर घाइते भएका सञ्चारकर्मीहरुको उपचार व्यवस्था, सञ्चारकर्मी र सञ्चार माध्यमको भौतिक क्षतिको क्षतिपूर्ति र पत्रकार लक्षित आक्रमणमा संलग्नमाथि कानुनी कारवाहीका लागि यो सम्मेलन सरकारसँग माग गर्दछ।

८) बिभिन्न खालका समस्यामा पिल्सिदै आएका तराई मधेशका मिडियाहरू अहिले असुरक्षा र अभावको थप पीडामा छन्। कच्चा पदार्थ, सञ्चालन सामग्रीको अभाव र विज्ञापनको न्यूनताले तराई मधेशका मिडियाको प्रकाशन प्रसारणमा गम्भीर असर परिरहेको छ। यसर्थ अभाव र असुरक्षा हटाउन सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ र पत्रपत्रिकाको वर्गीकरणको समयसीमा एवं मूल्याङ्कन प्रणालीलाई लचिलो बनाउन पनि प्रेस काउन्सिलको यो सम्मेलन ध्यानाकर्षण गराउँदछ।

९) नाकाबन्दी तथा आन्दोलनका कारण मुलुकमा विद्यमान संकटका कारण मिडिया उद्योग धराशयी बन्दै गएकोमा सम्मेलनले चिन्ता व्यक्त गरेको छ तर यही बहानामा कतिपय सञ्चारमाध्यमले श्रमजीवी पत्रकारहरुलाई निश्कासन गर्ने, करार अवधि

नवीकरण नगर्ने, समयमै पारिश्रमिक भुक्तानी नगर्ने, सुविधाहरुमा कटौती गर्ने जस्ता कार्यहरु गरेकोमा आपत्ती जनाउँदै सम्मेलनले त्यस्ता कार्यहरु नगर्न सञ्चारमाध्यम व्यवस्थापनलाई अपील गर्दछ ।

१०) राजनीतिक आस्था, समुदाय, भूगोल वा अन्य कुनै पनि आधारमा नेपाली पत्रकारिता र पत्रकारबीच विभेद र विभाजन हुनुहुँदैन । यो सम्मेलनमा सहभागी तराई मधेश क्षेत्रका हामी सहभागीहरू आपसी मित्रता, विश्वास र सहकार्यको भावनाका साथ विद्यमान समस्याको समाधान र मुलुकको समृद्धि एवं पत्रकारिताको विकासमा एकताबद्ध भएर क्रियाशील हुन सम्पूर्ण पत्रकारहरूलाई अपिल गर्दछौं ।

११) आन्दोलनको विशिष्ट परिस्थितिमा सार्वजनिक निकायबाट प्रदान गरिने सूचना सञ्चारमाध्याममा उचित समयमा प्रभावकारी ढङ्गले प्रवाह हुने व्यवस्था मिलाउन सरकारसँग माग गर्दछ ।

१२) सामाजिक सञ्जालबाट जारी हुने सन्देशले व्यापक रुपमा गम्भीर प्रभाव पार्ने भएकोले यस्ता माध्यामको प्रयोग गर्दा सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्ने खालका समाचार तथा सन्देश मात्र प्रवाह गर्न आमसञ्चारकर्मीसहित सबैलाई आग्रह गर्दछ ।

१३) नारायणी नदीको किनारमा रहेको सुन्दर पर्यटकीय गाउँ अमलटारी होमस्टेमा **तराई–मधेश मिडिया सम्मेलन**को संयोजन र व्यवस्थापन गर्ने नेपाल पत्रकार महासङ्घ नवलपरासी शाखा र हामेस्टेमा न्यानो स्वागत तथा आतिथ्यता प्रदान गर्ने स्थानीय अमलटारी मध्यवर्ती होमस्टे समिति र थारु समुदायलाई यो सम्मेलन हार्दिक धन्यवाद ज्ञापन गर्दछ । यो सम्मेलन अमलटारी मध्यवर्ती होमस्टेसहित नवलपरासी जिल्लाको पर्यटकीय विकासमा उचित ध्यान दिन यो सम्मेलन स्थानीय प्रशासन र सरकारसँग हार्दिक आग्रह समेत गर्दछ ।

(नोटः पत्रकार महासङ्घका अध्यक्ष डा. महेन्द्र विष्टको अध्यक्षतामा भएको सम्मेलनमा केन्द्रीय पदाधिकारी, पूर्व अध्यक्ष, सल्लाहकार तथा सदस्यका साथै तराई मधेशका २२ जिल्लाका शाखा अध्यक्ष तथा प्रतिनिधिको सहभागिता थियो) ।

# अनुसूची–७

नेपाल पत्रकार महासङ्घको २०७३ भदौ ३० गते पाल्पामा सम्पन्न राष्ट्रिय भेलाबाट संशोधित विधान जारी भयो । गत वैशाखमा चितवनमा आयोजित केन्द्रीय साधारण सभामा प्रस्तुत भएको विधान संशोधन प्रस्तावमा प्राप्त सुझावहरूलाई समावेशी गरी विधान संशोधन समितिका संयोजक एवम् महासङ्घका पूर्वसभापति डा. सुरेश आचार्यले महासङ्घका अध्यक्ष डा. महेन्द्र विष्टलाई हस्तान्तरण गरेलगत्तै महासङ्घका जिल्ला एवम् प्रतिष्ठान शाखा तथा एसोसिएट अध्यक्षहरूको राष्ट्रिय भेलाबाट संशोधित विधान जारी गरिएको हो ।

विधानको नयाँ व्यवस्थाबमोजिम महासङ्घमा केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहको सङ्गठनात्मक ढाँचा रहनेछ भने महासङ्घ थप समावेशी र ट्रेड युनियन अधिकार सम्पन्न हुनेछ । केन्द्रको निर्वाचन दस बराबर एकका दरले चयन हुने सभासद्को मतदानबाट र प्रदेश तथा स्थानीय तहको प्रत्यक्ष निर्वाचनबाट हुनेछ । प्रदेशको सङ्ख्या भौगोलिक आधारमा सात प्रदेशमा एक/एक, काठमाडौँ उपत्यका, प्रतिष्ठान र एसोसिएटमा एक/एक गरी १० हुनेछ भने सभासद् चयन गर्दा प्रत्येक चारमा एकजना महिला हुनुपर्ने, स्थानीय तहमा एक महिला उपाध्यक्ष अनिवार्य हुने, केन्द्रमा पदाधिकारीमा समावेशी उपाध्यक्षका अतिरिक्त सचिवमा खुला एकसँगै महिला, आदिवासी जनजाति, मधेसी, दलित, एसोसिएट एक/एक रहने र केन्द्रीय सदस्यहरू प्रत्येक प्रदेशबाट दुई/दुई जनाका दरले रहने नयाँ व्यवस्था विधानमा गरिएको छ ।

# अनुसूची–८

## पाल्पा रानीमहल घोषणापत्र–२०७३

नेपाल पत्रकार महासङ्घका केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य, पूर्व अध्यक्ष, सल्लाहकार र देशभरका शाखा तथा एशोसियटका अध्यक्षहरुको सहभागितामा २०७३ भदौ ३० गते ऐतिहासिक पर्यटकीय केन्द्र पाल्पाको तानसेनमा आयोजित राष्ट्रिय भेलाबाट जारी घोषणापत्र -

१. श्रमजीवी पत्रकार ऐन जारी भएको २२ वर्ष पूरा भइसकेको छ। तर, आजसम्म पनि यो ऐन पूर्ण रुपमा कार्यान्वयन हुन सकेको छैन। सरकारी निकायबाटै भएको सर्वेक्षणमा समेत यसको कार्यान्वयन अवस्था अन्यन्तै नाजुक रहेको देखाएको छ। निजी सञ्चारमाध्यम मात्र नभइ स्वयं सरकारद्वारा सञ्चालित मिडियामा समेत यसको प्रभावकारी कार्यान्वयन नहुनु बिडम्वाना हो। ऐन कार्यान्वयन नहुँदा श्रमजीवी पत्रकारहरुको जीवन र उनीहरुको पेशागत असुरक्षा बढ्दो छ। त्यसैले सबै सञ्चारमाध्यम श्रमजीवी पत्रकार ऐन पूर्ण रुपमा कार्यन्वयन गराउन यो भेला सरकारसँग जोडदार माग गर्दछ।

२. नेपाल पत्रकार महासङ्घको निरन्तरको पहल र न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिस बमोजिम नेपाल सरकारले २०७३ साउन १ गतेदेखि लागू हुने गरी श्रमजीवी पत्रकार, कर्मचारी तथा कामदारको न्यूनतम पारिश्रमिक निर्धारण गरी नेपाल राजपत्रमा समेत प्रकाशित गरिसकेको छ । तर, मिडिया व्यवस्थापकहरु भने यसको कार्यान्वयनमा जान अस्वीकार गरिरहेका छन्। ऐन कार्यान्वयन गर्न आनाकानी गर्ने मिडिया व्यवस्थापकको प्रतिक्रियाप्रति आपत्ती प्रकट गर्दै यसलाई बिनाशर्त कार्यान्वयन गर्न मिडिया व्यवस्थापन र सरकारलाई पुनः आह्वान गर्दछ। सञ्चारमाध्यममा रहेको समस्यालाई अनुगमन र विश्लेषण गरी महासङ्घका शाखाहरुको सहभागितामा आन्दोलनका लागि तयार रहन सम्पूर्ण श्रमजीवी पत्रकारहरुलाई यो भेला अपील गर्दछ।

३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको अवस्थाका विषयमा प्रभावकारी अनुगमन गरी सञ्चार प्रतिष्ठानहरुलाई ऐन कार्यान्वयनका लागि ऐन कार्यान्वयनका लागि दबाब दिन तथा ऐन कार्यान्वयन नगर्ने सञ्चार प्रतिष्ठानहरुलाई कानुन बमोजिम कारवाहीको प्रक्रिया अगाडि बढाउन यो भेला सरकारसँग माग गर्दछ।

४. पत्रकारको भौतिक तथा पेशागत सुरक्षाको प्रश्न अहिलेपनि जटिल छ। स्वतन्त्र

र निर्भयपूर्वक पत्रकारिता गर्ने वातवारण बन्न सकेको छैन । दण्डहिनता कायमै छ । पत्रकारमाथिका आक्रमणका घटना अझै पनि जारी छन् । जसका कारण सेल्फसेन्सरसीप बढ्दै गएको छ । यो भेला पत्रकारहरुमाथि देशभर भएका आक्रमणको भर्त्सना गर्दै आम पत्रकारहरुको भौतिक सुरक्षाको पूर्ण ग्यारेन्टी गर्न र प्रेस स्वतन्त्रताको सम्मान गर्न सम्पूर्ण सरोकारवालाहरुको ध्यानाकर्षण गराउँदछ ।

५. राष्ट्रको सम्मुनत विकास, सामाजिक चेतना निर्माण तथा नागरिकको अभिव्यक्ति स्वतन्त्रताको रक्षार्थ अहोरात्र क्रियाशिल पत्रकारको सामाजिक सुरक्षाको विषयमा अझै राज्य जिम्मेवार बन्न सकेको छैन । यो भेला नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिले सञ्चालन गरेका पत्रकार दुर्घटना बिमा, ज्येष्ठ पत्रकार सम्मानवृत्ति, शैक्षिक सन्ततिवृत्ति, विपद् कोष लगायतका सामाजिक सुरक्षाको कार्यक्रमको सह्राहना गर्दै यो भेला पत्रकारहरुको दुघर्टना बिमाका साथै स्वास्थ्य तथा जीवन बिमा, पत्रकार, अपाङ्गता भएका पत्रकारहरुलाई विशेष सुविधा प्रदान गर्न र पत्रकारको परिवारको स्वास्थ्योपचारमा विशेष छुट, ज्येष्ठ पत्रकार सम्मानवृत्ति लगायतका सेवासुविधालाई अझ फराकिलो रुपमा कार्यान्वयनमा लैजान सरकारसँग माग गर्दछ ।

६. साना लगानीका मिडियाको संरक्षण, प्रवर्द्धन तथा विशेष सेवा सुविधा प्रदान गर्न तथा लोककल्याणकारी विज्ञापन व्यवस्थित गर्न विज्ञापन प्राधिकरण गठन गरी त्यसको न्यायोचित र समानुपातिक वितरण प्रणालीको व्यवस्था गर्न यो भेला सरकारसँग माग गर्दछ । साथै मिडियालाई उद्योग सरहको मान्यता दिई सो अनुरुप सेवा सुविधा प्रदान गर्न माग पनि गर्दछ ।

७. मोफसलमा समेत व्यावसायिक पत्रकारिताको विकास गर्नका लागि स्थानीय तहका विज्ञापन स्थानीय मिडियालाई पहिलो प्राथमिकता दिने प्रणालीलाई कार्यान्वयन गर्न यो भेला माग गर्दछ ।

८. सञ्चार माध्यम र समाचारमा विविधिकरण र समावेशीकरणको अवधारणालाई पूर्ण रुपमा कार्यान्वयन गर्न सम्पूर्ण सञ्चार गृह, महासङ्घ तथा सञ्चार आवद्ध सङ्घसंस्थालाई गम्भीर हुन आह्वान गर्दछ ।

९. नयाँ आमसञ्चार नीति तत्काल कार्यान्वयन गर्न र आम सञ्चार नीतिमा घोषणा गरिए बमोजिम राष्ट्रिय आमसञ्चार प्रतिष्ठान, सञ्चार संग्रहालय तथा अध्ययन प्रतिष्ठान एवं आमसञ्चार प्राधिकरण लगायतका संरचना निर्माण र मिडिया कानुनको पुनरावलोकन गर्न यो भेला माग गर्दछ ।

१०. स्वच्छ, मर्यादित, उत्तरदायी र व्यावसायिक पत्रकारिताको विकासका लागि

महासङ्घले लिएको शुद्धिकरण अभियानलाई अझ बढी प्रभावकारी र व्यवस्थित गर्न यो भेला प्रतिबद्धता व्यक्त गर्दछ । साथै विगतमा पत्रकार रहेका र हाल पेशाबाट अलग भएका व्यक्तिहरुलाई शुद्धिकरण अभियानलाई सहयोग पुऱ्याउँदै स्वेच्छिक रुपमा महासङ्घको सदस्यता त्याग गर्न आह्वान गर्दछ ।

११. नेपाल पत्रकार महासङ्घलाई संगठनात्मक पुनर्संरचना र ट्रेड युनियन अधिकार सम्पन्न बनाउने सन्दर्भमा केन्द्रीय समितिले चितवनमा सम्पन्न केन्द्रीय साधारण सभामा प्रस्तुत गरेको विधान संशोधन प्रस्तावलाई केन्द्रीय साधारण सभाबाट गठित समितिको म्यान्डेट बमोजिम काय सम्पन्न गरेकोमा समितिलाई धन्यवाद ज्ञापन गर्दछ ।

# लेखक परिचय

**डा. महेन्द्र विष्ट** : डा. विष्ट नेपाल पत्रकार महासङ्घका अध्यक्ष तथा इमेज च्यानल टेलिभिजनका प्रमुख हुन् । उनीसँग पत्रपत्रिका, रेडियो र टेलिभिजन गरी पत्रकारितामा अढाई दशकको अनुभव छ । न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्षका साथै प्रेस काउन्सिल नेपाल, सूचना तथा सञ्चारसम्बन्धी उच्चस्तरीय समितिमा सदस्यको भूमिका निर्वाह गरेका विष्टको नेपालमा प्रेस स्वतन्त्रता नामक अनुसन्धानमूलक पुस्तक प्रकाशित छ । उनका पत्रकारितासम्बन्धी अनुसन्धानमूलक लेख पनि प्रकाशित छन् ।

**डा. सुरेश आचार्य** : तीन दशकभन्दा बढी पत्रकारिताको अनुभव भएका डा.आचार्य एबिसी टेलिभिजनका न्युज एन्ड करेन्ट एफियर्स डाइरेक्टर र सेफर्ड कलेज अफ मिडिया टेक्नोलोजीका क्याम्पस प्रमुख हुन् । उनी नेपाल पत्रकार महासङ्घका सभापति (२०५६-०५९) हुन् । पत्रकार महासङ्घद्वारा सञ्चालित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिडिया मिसनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका आचार्य न्यूनतम पारिश्रमिक निर्धारण समितिका पूर्वअध्यक्ष पनि हुन् । उनका पत्रकारितासम्बन्धी पुस्तक र अनुसन्धानात्मक लेख प्रकाशित छन् ।

**उजिर मगर** : मगर नेपाल पत्रकार महासङ्घका महासचिव हुन् । कान्तिपुर दैनिक, नागरिक दैनिकलगायत मिडियामा हुँदा राजनीति र समाजका विभिन्न पक्षमा चर्चित रिपोर्टिङ गरेका मगरसँग पत्रकारिताको दुई दशकको अनुभव छ । माओवादी सशस्त्र द्वन्द्वसहित विभिन्न विषयमा खोजी पत्रकारिता गरेका उनको अंश नामक पुस्तक प्रकाशित छ । समाजशास्त्रमा स्नातकोत्तर अध्ययन गरेका मगरसँग मिडियाका नीति निर्माणसम्बन्धी समितिहरूमा काम गरेको अनुभव छ ।

**ध्रुव लम्साल** : लम्साल नेपाल पत्रकार महासङ्घका सचिव हुन् । अर्थशास्त्रमा स्नातक उनीसँग अनलाइन र पत्रपत्रिका गरी पत्रकारितामा १७ वर्षको अनुभव छ । चलचित्र पत्रकारितालाई जिम्मेवार बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका लम्साल राजधानी दैनिकमा फिचर संयोजक छन् । उनले मिडिया र पत्रकारसँग सम्बन्धित समितिमा रहेर समेत काम गरेका छन् । फिचर फिल्मको स्क्रिप्ट लेखेका लम्सालका

चलचित्र लेखन शैली र मिडियासम्बन्धी विभिन्न लेख प्रकाशित छन् ।

**संगीता खड्का** : खड्का नेपाल पत्रकार महासङ्घका सचिव र प्रेस काउन्सिल नेपालका सदस्य हुन् । पत्रपत्रिका, रेडियो र अनलाइन गरी खड्कासँग पत्रकारिताको १७ वर्षको अनुभव छ । सशस्त्र द्वन्द्वका बेला विभिन्न क्षेत्रमा पुगी रिपोर्टिङ गरेकी खड्का १ वर्ष कारागार परेकी थिइन् । पत्रकारितामा स्नातक खड्काले मिडियासँग सम्बन्धित विभिन्न समितिमा रही काम गरेकी छिन् भने उनका पत्रकारितासम्बन्धी लेख पनि प्रकाशित छन् ।

**सूर्यमणि गौतम** : नेपाल पत्रकार महासङ्घका कोषाध्यक्ष गौतमसँग पत्रिका र रेडियो गरी पत्रकारितामा डेढ दशकको अनुभव छ । आमसञ्चार तथा पत्रकारिता र ग्रामीणशास्त्रमा स्नातकोत्तर अध्ययन गरेका उनी दि हिमालय टाइम्ससँग आबद्ध छन् । मिडियासम्बन्धी विभिन्न समितिमा रहेर काम गरेका गौतमका पत्रकारितासम्बन्धी विभिन्न लेख प्रकाशित छन् । माओवादी सशस्त्र द्वन्द्वका बेला द्वन्द्वग्रस्त क्षेत्रमा पुगेर महत्वपूर्ण रिपोर्टिङ गरेको अनुभव पनि उनीसँग छ ।

**रोसन पुरी** : १६ वर्षदेखि पत्रकारितामा सक्रिय पुरी नेपाल पत्रकार महसङ्घका केन्द्रीय सदस्य हुन् । रेडियो, पत्रपत्रिका र अनलाइन पत्रकारिताको अनुभव भएका उनी थाहा सञ्चार नेटवर्कमा सम्पादक छन् । राजनीतिशास्त्रमा स्नातक पुरीले मिडियासँग सम्बन्धित विभिन्न समितिमा रहेर काम गरेका छन् । पत्रकारिताका विभिन्न आयामबारे उनका लेख प्रकाशित छन् ।

**लक्की चौधरी** : चौधरी नेपाल पत्रकार महसङ्घका केन्द्रीय सदस्य हुन् । दुई दशकदेखि पत्रकारितामा सक्रिय उनी गोरखापत्र दैनिकका उपसम्पादक र बहुभाषिक पृष्ठ नयाँ नेपाल विभागको संयोजक छन् । कैलाली जिल्लामा १३ वर्ष पत्रकारिता गर्दा चौधरीले नेपालको थारू भाषाको पहिलो दैनिक पत्रिका हमार पहुरा प्रकाशित गरी स्थानीय भाषा प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । विकास पत्रकारिता, समाजशास्त्र र राजनीतिशास्त्रमा स्नातकोत्तर उनका साहित्यसम्बन्धी पुस्तक र मिडियासम्बन्धी लेख प्रकाशित छन् ।

राज्यको पुनर्संरचनासँगै महासङ्घको सङ्गठनात्मक संरचनामा पनि परिवर्तन गरिएको छ । नेतृत्वमा महिलालाई स्थापित गर्ने, महासङ्घ र समाचारकक्षलाई थप समावेशी बनाउने एवम् महासङ्घलाई पत्रकारको ट्रेड युनियनका रूपमा  स्थापित गर्ने आधार तयार गरिएको छ । पत्रकारको क्षमता अभिवृद्धि, उनीहरूलाई प्रोत्साहनका लागि पुरस्कार तथा लेखनवृत्ति प्रदानलगायतका कार्य भएका छन् । यस्तैगरी पत्रकारको बिमा, ज्येष्ठ पत्रकार सम्मानवृत्ति, पत्रकार सन्तति शैक्षिकवृत्ति, आपतकालीन राहत कोष स्थापना, पत्रकार कल्याण कोषमा झण्डै दोब्बर वृद्धि जस्ता सामाजिक सुरक्षाका क्षेत्रमा भएका उल्लेख्य उपलब्धि हुन् भने स्वास्थ्य उपचारमा ५० प्रतिशत छुट एवम् केन्द्र र सातै प्रदेशमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापनाका आधार निर्माण हुनु निकट भविष्यमा प्राप्त हुने उपलब्धिका महत्वपूर्ण आधार हुन् ।

Federation of Nepali Journalists (FNJ)